सूचना र मनोरञ्जनको सँगा

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

# साप्ताहिक

saptahik.ekantipur.com

• वर्ष २४ • अंक २१ • FRIDAY, • काठमाडौं शुक्रबार, असोज १९, २०७५ • पृष्ठ ३२ • मूल्य रु. १५/-



तस्विर : अंगद ढकाल

# टिनएजमै करोडपति

पृष्ठ ३१ मा

papaya wash




**PAPAYA WASH** द्वारा
अनुहारको **चायाँपोतो** तथा
**चिपचिपपन** भगाउनुहोस्

प्रस्तुत छ, नयाँ Papaya Wash जुन मेवाको वास्तविक गुणले भरिपूर्ण छ। यसले सूर्यको हानिकारक किरणबाट मुहारमा हुने कालोपन तथा दाग धब्बाबाट बचाउँदै तुरुन्तै प्राकृतिक सुन्दरता प्रदान गर्दछ।

अनुष्का शर्मा
एक्ट्रेस

JOY
beautiful by nature




Instant Fairness GLOW | Anti POLLUTION | HRS 24 Skin Glow & Purifying

# युट्युबमा टाइमपास च्यानल

**अहिले विद्यार्थीहरूले दसैं बिदा पाइसकेका छन् । जागिरेहरूले पनि अब चाँडै बिदा पाउनेछन् । व्यापार-व्यवसाय गर्नेहरूको त सधैं व्यस्तता, यद्यपि कतिपयचाहिँ दसैंको अवसरमा सम्भव भएसम्म बिजनेस रोकेरै पनि दसैं मनाउन लाग्नेछन् । टिकाको दिनबाहेक अरु दिन लगभग घुमेर, खाएर तथा साथीभाइहरूसँग भेटेरै बित्नेछ । यो समय युट्युबमा अपलोड हुने विशेष सामग्री हेरेर पनि दिन बिताउन सकिन्छ । घरमा त नेट हुन्न नि ? यदि यो प्रश्न छ भने नेट भएको ठाउँबाट आफूलाई मन पर्ने च्यानलका भिडियो डाउनलोड गरेर नेट नटिप्ने ठाउँमा समेत त्यसलाई हेरेर आनन्द उठाउन सकिन्छ ।**

रामजी ज्ञवाली

## द भ्वाइस अफ नेपाल

द भ्वाइस अफ नेपालको लोकप्रियता निकै चुलिएको छ । यो अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम हो । यसको आफ्नै युट्युब च्यानल छ । नेपालमा यही वर्ष प्रारम्भ भएको यो कार्यक्रमको सबै प्रस्तुति अपलोड हुने यो च्यानलले लाइभसमेत दिन्छ । कुनै एपिसोड हेर्न छुटेको छ भने युट्युबमा मज्जाले हेर्न सकिन्छ ।

## नेपाल आइडल

अहिले रियालिटी शो नेपाल आइडलको दोस्रो सिजन चलिरहेको छ । सन् २०१६ मा सुरु भएको यो कार्यक्रमको लोकप्रियता सुरुकै वर्ष ह्वात्तै बढेको हो । नेपाल आइडल च्यानलमा पहिलो वर्षदेखि यो वर्षसम्मका सहभागीहरूको प्रस्तुति हेर्न सकिन्छ । ६ लाख २६ हजारभन्दा बढीले सब्सक्राइब गरेको यो च्यानलमा लाइभको मज्जासमेत लिन पाइन्छ ।

## म्युजिक नेपाल

लोकदोहोरी तथा आधुनिक-पप गीत का लागि म्युजिक नेपाल उत्तम च्यानल हो । यसमा १४ हजार ९ सय ५० भिडियो अपलोड गरिएका छन्, जसमध्ये आफूले




खोजेको भिडियो खोजेर हेर्न सकिन्छ । २६ लाखले सब्सक्राइब गरेको यो च्यानल नेपाली गीतसंगीतका लागि प्रख्यात छ ।

## हाइलाइट्स नेपाल


२२ लाख १० हजारले सब्सक्राइब गरेको हाईलाइट्स नेपालमा विशेष गरी चलचित्र, आधुनिक तथा लोकपप गीत अपलोड छन् । सन् २०१३ मा खुलेको यो च्यानल नेपालका लोकप्रिय च्यानलमध्ये एक हो ।

## कविएस वर्ड टिभी

कोरियन चलचित्रले विश्व चलचित्र बजारमा राम्रै पकड जमाउँदैछ । कोरियन चलचित्र मन पराउनेहरू निरन्तर बढिरहेका छन् । कोरियन चलचित्र हेर्न यो च्यानल भिजिट गर्न सकिन्छ ।

## बूढासुब्बा डिजिटल

नेपाली चलचित्र प्रेमीहरूका लागि सबैभन्दा प्रिय च्यानल हो– बूढासुब्बा डिजिटल । यो च्यानलमा विशेष गरी नेपाली चलचित्र हेर्न




सकिन्छ । बूढासुब्बा डिजिटलमा ५ हजार ९ सय भिडियो अपलोड भएका छन् । यो च्यानलले नेपाली चलचित्रसँग सम्बन्धित विभिन्न समाचार पनि निरन्तर सम्प्रेषण गर्दै आएको छ ।

## ओएसआर डिजिटल

यो च्यानल पनि चलचित्रका लागि लोकप्रिय छ । पछिल्लो समय ओएसआरले चलचित्र तथा चलचित्रका गीतहरू विशेष रूपमा अपलोड गर्न थालेको छ । यो च्यानललाई १० लाखभन्दा बढीले सब्सक्राइब गरेका छन् ।

## नेपाली प्रांकस्टार

दसैंको यो अवसरमा रमाइला भिडियो हेरेर पनि रमाउन सकिन्छ । युट्युबमा नेपाली प्रयांकस्टार च्यानलसमेत उपलब्ध छ, जहाँ प्रांक गरिएका भिडियोहरू समावेश हुन्छन् । यसमा प्रांकस्टार आकाशले निकै फन्नी तरिकाले धेरैलाई प्रांक गराइरहेका हुन्छन् ।

## कलेज नेपाल

३ लाख ६९ हजारले सब्सक्राइब गरेको यो च्यानलले सामाजिक विषयवस्तुलाई टपक्कै टिपेर निकै रमाइलो ढंगका भिडियो उपलब्ध गराउँछ । युट्युबमा अहिले सबैभन्दा हिट मानिएको यो च्यानलले जानकारीमूलक सन्देश प्रदान गर्दै आएको छ । यो च्यानलमा अपलोड भएका भिडियोलाई अहिलेसम्म ६७ करोड पटक हेरिसकिएको छ ।

## टि-सिरिज

हिन्दी गीतका भिडियो हेर्ने उपयुक्त च्यानल हो– टि-सिरिज । १२ हजारभन्दा बढी गीत अपलोड भएको यो च्यानल सब्सक्राइब गर्नेहरूको संख्या ६३ करोड पुगिसकेको छ ।

## गोल्ड माइन्स

यो च्यानलले विशेषगरी दक्षिण भारतीय चलचित्र तथा ती चलचित्रका गीत अपलोड गर्छ । १४ करोडभन्दा बढीले सब्सक्राइब गरेको यो च्यानलमा दक्षिण भारतका हिट चलचित्रहरू हेर्न सकिन्छ ।

## एस डी इन्टरटेनमेन्ट

यो च्यानलले बलिउडका चलचित्र अपलोड गर्दै आएको छ । सयौं चलचित्र उपलब्ध यो च्यानल अहिले लोकप्रिय बन्दै गएको छ ।

## भिभिके भाइन्स

सम्भवतः यो सेल्फी चलचित्र उपलव्ध हुने पहिलो च्यानल हो । निकै रमाइलो तरिकाले खिचिएका यो च्यानलका भिडियोमा लाखौं भिजिटर्स हुन्छन् । यो च्यानललाई १० करोडभन्दा बढीले सब्सक्राइब गरेका छन् ।

## चार्ली चाप्लिन

चर्चित कमेडियन चार्ली चाप्लिनका भिडियो हेर्नेहरू कहिल्यै दिक्क हुँदैनन् । चार्लीका भिडियो युट्युबमा अनेकन् च्यानलमा उपलब्ध छन् ।




## मिस्टर विन

मिस्टर विनका भिडियो हेर्दा समय वितेको पत्तो हुँदैन । ९६ लाखले सब्सक्राइब गरेको यो च्यानलमा भएका भिडियो हेर्नेहरूको संख्या ३ अर्ब ९० करोडभन्दा बढी छ ।

## कपिल शर्मा शो

कपिल शर्माको शो अहिले वन्द जस्तै छ । यद्यपि उनले दिएका प्रस्तुति विभिन्न च्यानलमा उपलब्ध छन् । खासगरी सेट इन्डिया तथा कमेडी नाइट्स च्यानलमा कपिल शर्मा शोका रमाइला भिडियो हेर्न सकिन्छ ।

## पि फर पकाओ

यो हिन्दी च्यानल हो । विशेषगरी विभिन्न व्यक्तिलाई झर्को उठ्ने गरी रिसाउन बाध्य पार्ने यो च्यानलका भिडियो हेर्नेहरूले निकै रमाइलो मान्छन् । च्यानल सञ्चालनमा आएको २ वर्षमै यसले निकै ठूलो फड्को मारिसकेको छ । पी फर पकाओमा गएर भिडियो हेर्ने हो भने मन अन्त डुलाइरहनु पर्दैन ।

## ह्वाट द फ्लप

सन्दीप क्षेत्री नेपालका चर्चित हास्य कलाकार हुन । उनको कार्यक्रम ह्वाटस् द फ्लप निकै हिट छ । कान्तिपुर टिभी एचडी च्यानलमा गएर उनका प्रस्तुतिहरू हेर्न सकिन्छ ।

## अमित भदाना

अमित भदाना भारतका चर्चित युट्युबर हुन् । १० करोड ७ लाखभन्दा बढीबाट सब्सक्राइब गरिएका अमित कमेडी भिडियोका लागि अत्यन्तै रुचाइएका युट्युबर हुन् । उनी ५२ वटा मात्र भिडियो अपलोड गरेर ठूलो संख्यामा भ्युज पाउने एक्ला भारतीय युट्युबर हुन् ।

## फोटो अफ दि विक



■ **गरिमाको बोल्डनेस** : अभिनेत्री गरिमा पन्त युरोपको समुन्द्री किनारमा घाम ताप्दै ।

दसैं आउनै लाग्यो, अब मज्जाले निउँ खोजिन्छ । लुगा, जुत्ता, ब्याग सबका सब निउँ ।

**विद्या काफ्ले**

दसैंमा खसी किन्न गाउँ वा नगरपालिकाबाट आर्थिक हैसियतको प्रमाणपत्र लिनुपर्छ कि पर्दैन ? के भन्छ नयाँ नियम कानुनले ?

**डेजाभू**

छिमेकीको वाइफाइ र छिमेकीकी छोरी उस्तै-उस्तै हुन्, सिग्नल दुबैले दिने, कनेक्ट दुवै नहुने ।

**बांगो चोर**

बिहेमा गयो बेहुला मनपर्छ, हस्पिटल गयो डाक्टर मनपर्छ, होस्टल गयो म्यानेजर मनपर्छ, हैन के भा'को छ आजकल मलाई ?

**अञ्जना सुवेदी**

बरु सिंगल नै बस्न सकिन्छ तर भेज चैं म:म खान नसकिने रै'छ ।

**सृजना आचार्य**

सबैले भन्छन् एक्लै आएको हुँ, एक्लै जान्छु तर सत्य के हो भने दुई जनाबिना कोही आउँदैन र चार बिना कोही जाँदैन ।

**सानी शर्मा**

बलात्कारीलाई फाँसीको सजाय हुने निश्चित भएपछि बलात्कृत हुने महिलालाई पनि मारेर फ्याँक्ने कुचलन बढेर जाने सम्भावना हुन्छ ।

**डा.मिङ्मा शेर्पा**

श्रीमती त नामर्दले मात्र कुट्छन्, हिम्मत छ भने गर्लफ्रेण्ड कुटेर देखाउनु नि, कत्ति न खुबै ।

**थरिको नाति रुपु**

मानिसहरू भन्छन् रक्सीले मातिन्छ । किन देख्दैनन् यहाँ वैंसले, धनले, रुपले, ज्ञानले मात्तिने पनि धेरै छन् ?

**दिनेश कोइराला**

ओहो, दसैं लागेछ । बाहिरी मौसम, यस्तो मौसममा बाल्यकालमा कम रमाइलो हुन्थ्यो ?

**निशान**

केटा भन्या त दाह्री भा'को पो हुनुपर्छ, जुँगा त बिरालोको पनि हुन्छ ।

**सुजिता निरौला**

माया र पुल उस्तै-उस्तै हुन् । मायाले दुई मनलाई जोड्ने काम गर्छ भने पुलले दुई ठाउँलाई ।

**सरोज**

बदमास पनि यति भइएछ कि आफ्नो गोजीको पैसो आफैंले चोरेर हिँड्नुपऱ्यो ।

**हेल्लो प्रेम**

पढाइबाट त त्यतिबेलै भरोसा उडेको हो, जब आफ्नै नागरिकता लिन जबर्जस्ती ल्याप्चे ठोकाइयो ।

**आचार्य राजा**

दुनियाँलाई हँसाउनु नै छ भने जोक्स होइन आफ्नो दुःख-पीडा सुनाइ दिनुहोस्, हाँस्ने त के कुरा, अलि पर पुगेपछि नाच्न पनि थाल्छन् ।

**विवेक**

शंका लाग्न थाल्यो तिम्रो मायामा, खै दसैं आइसक्यो...न कपडाको साइज सोध्छौ, न त जुत्ताको ।

**मोनालिसा**

पिलेनको आवाज सुनेर आकाशतिर नहेर्ने र तिम्रो पहाड घर कहाँ हो भनेर नसोध्ने नेपाली पनि के नेपाली ?

**विवश धरेल**

अघिल्लो साल मावलीकी हजुरआमाले अर्को साल नातिनि बुहारीको मुख हेर्न पाउँ भन्नुभा'थ्यो, यो साल एक्लो मुख लिएर कसरी मावली जानु ?

**जी लम्साल**

यो जमाना गर्लफ्रेन्ड बनाउने होइन, भएकी गर्लफ्रेन्ड जोगाउने हो रे'न्त ।

**रामकुमार मगर**

मंगल होस्

# कारागार होइन सुधारगृह



मनोज गजुरेल

हामी सुध्रिएर निस्कँदा पनि समाजले पुरानै तरिकाले हेर्‍यो भने के गर्ने दाइ ?' उनको प्रश्न गम्भीर थियो । उनी अर्थात् झुम्का कारागारका एक कैदी । यो प्रश्न ती कैदीको मात्र होइन, उनीजस्ता हजारौं कैदी-बन्दीको हो । आउनुहोस्, आज नेपालका कारागार, कारागारभित्रका बन्दीहरू तथा तिनको मनोदशाको मंगल कामना गरौं ।

सिस्नुपानी नेपाल एवं एक नम्बर प्रदेश सरकारको सहकार्यमा चारवटा जेलयात्राको कथा हो यो । विराटनगर, चन्द्रगढी, झुम्का तथा गाईघाट जेलको सत्यकथा । 'जेलभित्र मानवअधिकार' हाम्रो नारा थियो । उनीहरूको खानपान, जीवनशैली, शिक्षा, स्वास्थ्य, मनोरञ्जन एवं मानवअधिकारको सचेतनताको अभियान । चारवटा जेलका करिब चार हजार कैदीबन्दीसँगको अन्तरंगका अविस्मरणीय सम्झनाहरू यस प्रकार छन् :

विराटनगर जेलमा हामीले पहिले पुरुष र पछि महिला कैदीहरूका लागि कार्यक्रम दियौं । ओशो सुवासको योग ध्यान, इन्सेकका सोम थापाको अधिकार शिक्षा, प्रदेश सरकारका प्रतिनिधि नइन्द्र दहालको कर्तव्य शिक्षा, लक्ष्मण गाम्नागेको व्यंग्य कविता, शिशिर योगीको देशभक्ति गीत, टंकराज आचार्यको सुन्दर सञ्चालन तथा यो स्तम्भकारको उत्प्रेरक हास्यव्यंग्य प्रस्तुति । सबै खालका प्रस्तुतिमा कैदी बन्दीको आकर्षण, लगाव र ताली देख्दा लाग्थ्यो, उनीहरू यो खालका खुराकका भोका थिए ।

विराटनगरको महिला कारागारमा गीत, नृत्य एवं कविता भन्ने थुप्रै कैदी-बन्दी फेला परे । उनीहरूका रचना सुन्दा लाग्थ्यो, उनीहरूमा आपराधिक भावना छँदै छैन । परिबन्दमा परेर, रिस थाम्न नसकेर, परिणाम थाहा नपाएर गैरकानुनी कार्य गर्नेहरूको संख्या बढी छ जस्तो देखिन्थ्यो, सत्य पनि त्यही रहेछ । त्यहाँ भेटिएकी एउटी बन्दी गायिका लक्ष्मी गजमेरले भनिन्, 'बैंकिङ कसुरमा जेल परें, निस्किएपछि राजनीति गर्छु र आफ्नो जस्तो गल्ती नगर्न सन्देश फैलाउँछु ।'

झापा कारागारमा करिब चार घण्टा कार्यक्रम भयो । चर्को घाममा पनि उनीहरू एकछिन नहल्ली बसे । त्यहाँ रमाइलो मात्र थिएन, आफ्ना अधिकारका बारेमा सुसुचित हुन पनि उनिहरू भेला भएका थिए । केही कैदीले सरकारका लागि सुझावपत्रसमेत तयार पारेका थिए । प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री हिक्मत कार्की आउने योजना थियो । त्यसैले उनीहरू आफ्ना कुरा राख्न पाइने कुरामा ढुक्क थिए तर मन्त्री नपुगेपछि त्यो सुझावपत्र उनीहरूले यो स्तम्भकारलाई जिम्मा लगाए ।

उनिहरूको सुझावको सारांश थियो, कञ्चनपुरका दिलीपसिंह विष्टजस्तै फसाइएका कैदी-बन्दीहरू पनि छन् जेलमा । उनीहरूका बारेमा पुनः अनुसन्धान होस् । मानव अधिकारको कुरा गरिन्छ तर कैदीलाई दिइने सिदा बापतको रकम ज्यादै कम छ, यतातिर पनि ध्यान दिइयोस् । एक कैदीले भने, चामल ७ सय ग्राम त ठीकै हो तर तरकारी, दाल, अचार, मासु, दूध, चिया, फलफुल, लत्ता कपडा, दबाई आदि सबै कुरा ६० रुपैयाँ पुर्‍याउनुपर्छ, जुन गाह्रो छ ।

यात्राको सबैभन्दा अविस्मरणीय कुरा कैदी प्रदीप रखालीको कविता थियो । उनले त्यहाँ दुईवटा सायरी सुनाए । पहिलो राष्ट्रियतासँग सम्बन्धित थियो । 'जिन्दगीको रंगबाट रातो हराउँछ, अचानक हिंड्दाहिंड्दै बाटो हराउँछ, यता बिउ छर्ने बेला माटो हराउँछ ।' उनको संकेत भारतले सिमाना मिच्ने घटनातर्फ केन्द्रित थियो । अझ गज्जबको कुरा त के भने उनि नेपाली होइनन्, भुटानी हुन् ।

उनको अर्को कविता थियो, आमाका विषयमा । 'बिहान-बिहान पूजा गर्छौं, अर्काको खेतमा भैंसी चराउँछौं, आमालाई वृद्धाश्रमा राखेर, मन्दिरमा घण्ट हल्लाउछौं ।' दुःखको कुरा उनका बा-आमा अमेरिकामा छन् । कारागारको रिपोर्टमा अत्यन्तै असल चालचलन भएका यी भुटानी नेपाली भन्छन्, 'विदेशी परियो दाजु, अन्यथा अस्ति नै आममाफीमा परिन्थ्यो ।'


'कारागार हास्यव्यंग्य शिविर'को अन्तिम कार्यक्रम गाईघाट कारागारमा थियो । १ सय ५० भन्दा बढि कैदी-बन्दी भएको उक्त कारागारको क्षमता भने ५० जना मात्र हो । त्यहाँ भेटिएका अधिकांशको एउटै प्रश्न थियो, जुन लेखको सुरुमा भनियो, 'यहाँबाट सजाय भुक्तान गरेर फर्किएपछि पनि समाजले हामीलाई पुरानै सोचले हेर्न थाल्यो भने के गर्ने ?'

स्तम्भकारले रत्नाकर डाँकु सुध्रिएर वाल्मीकि बनेको उदाहरण दिंदै भन्यो, 'यसलाई जेल नमान्नुहोस्, सुधारगृह मान्नुहोस् । पूर्ण रूपमा सुध्रिएर फर्कने तपाईंहरूको रिहाइको दिन हामी फूलमाला लिएर स्वागत गर्न जेल बाहिर कुरिरहेका हुनेछौं ।'






यात्रा सन्दर्भ



किशोर नेपाल

# यस्तै हो भने पूरै देश तात्नेछ



कञ्चनपुरकी निर्मला पन्त बलात्कारीहरूका शिकार भइन् । उनका बलात्कारी हत्याराहरूको पत्तो लगाउन सरकार असफल भएपछि न्यायका लागि जनता एकपटक फेरि तातेका छन् । कञ्चनपुर निर्मलाको दुखान्त बाट बाहिर आउन सकेको छैन । यसअघि पनि कञ्चनपुर तातेको थियो । यस्तै हो भने कञ्चनपुरमात्र होइन, पूरै देश तात्नेछ । सरकारको मतिमा अलिकति सुधार आउला कि ? अपराधीहरू कठघरामा उभ्याइएलान कि भनेर आन्दोलन स्थगित गरियो । आफ्नो माग हातमा लिएर आन्दोलनकारी केन्द्रीय राजधानी आइपुगे । निर्मलाका आमा-बाले प्रधानमन्त्री तथा गृहमन्त्री गुहारे । तर, दुवैले निर्मलाका आमा-बालाई औपचारिक आश्वासनबाहेक केही दिएनन । निराशाको स्थितिमा कञ्चनपुर फर्किएकी निर्मलाकी आमाले राज्यबाट सामान्य नागरिकले न्याय नपाउने रहेछ भन्ने धारणा अभिव्यक्त गरिन ।

केन्द्रीय राजधानी काठमाडौं आएका आन्दोलनकारीहरूले घटना कसरी भयो ? षड्यन्त्रका सूत्रधार को थिए ? प्रहरी तथा गृहमन्त्रालयका अधिकारीसँग अपराधका बारेमा सामान्य जानकारी पनि थिएन । बलात्कारीहरूले निर्मलालाई किन मारे ? उनको मृत शरीर उखु बारीमा कसरी फेला पर्‍यो ? जस्तो जनताको सामान्य जिज्ञासा मेट्न पनि सुरक्षा अधिकारी तयार थिएनन । उनीहरू अपराधीहरूको संरक्षणमा लागेका छन् भन्ने छर्लंग हुन्थ्यो ।

निर्मलाका हत्यारा अहिलेसम्म पक्राउ परेका छैनन् । प्रहरीको लक्ष्य र उद्देश्यका रूपमा रहेको 'सत्य, सेवा र सुरक्षणम' प्रहरीको टोपीमा सुहाएको छ । उनीहरू आफनो टोपीमा जडिएको त्यो तीन शब्दको अर्थ बताउन सक्दैनन् । सुरक्षाको जिम्मेवारी लिएर बसेका प्रहरी अधिकारीहरूले बलात्कारीका अगाडि घुँडा टेकेको यथार्थसँग परिचित हुन स्कटल्यान्ड यार्डमा तालिमप्राप्त कुनै प्रहरी अधिकृतको जरुरत पर्दैन । निर्मलाको बलात्कारमा प्रभावशाली मानिसका आफन्तहरू नै सामेल छन् भन्ने कुरा अब घामजस्तै छर्लंग भैसकेको छ । सबैले अपराधीहरूको अनुहार प्रहरीले नै देखाओस् भन्ने मात्र चाहेका छन्, तर त्यो सम्भव देखिँदैन ।

निर्मला बलात्कार र हत्याका सम्बन्धमा देशका प्रधानमन्त्री के.पी. ओली तथा गृहमन्त्री रामबहादुर वादललाई कञ्चनपुर प्रशासनले अहिलेसम्म अन्धकारमै राखेका छन् भन्ने तर्कमा कुनै शक्ति छैन । उनीहरू काठमाडौं बसेर कञ्चनपुरमा भएको हत्याकाण्डको विवरण संकलन गर्दै थिए । प्रधानमन्त्री ओली र गृहमन्त्री बादल दुवैले निर्मला हत्याकाण्डमा आफ्नो विवेक र सरकार सञ्चालनमा चाहिने सन्तुलन गुमाइसकेका छन् । प्रधानमन्त्री ओलीले आन्दोलनका क्रममा दिएको एक टेलिभिजन अन्तर्वार्तामा निर्मला बलात्कार तथा हत्यासँग जोडिएका विषयलाई नै घालमेल गर्न खोजे । उक्त अन्तर्वार्ता हेर्दा प्रम ओलीका लागि निर्मलाले न्याय पाउने नपाउने कुराको चिन्ता थिएन । उनी घटनासँग सम्बन्धित षड्यन्त्रमा जोडिएको आशंका गरिएका दुई महिलाको असान्दर्भिक प्रतिरक्षामा लागेका थिए । विदेशी भूमिबाट निर्मला काण्डका बारेमा दिइएका उनका अभिव्यक्ति पनि मानवीय थिएनन् । निर्मला काण्डका अपराधी फेलापार्न बाह्र वर्ष पनि लाग्न सक्छ भन्ने उनको भनाइ जग हँसाइको कारण बन्यो । देशको मुख्य प्रशासक भएका नाताले प्रधानमन्त्री ओलीले निर्मला हत्याकाण्डका सम्बन्धमा जनतालाई आश्वस्त गराउनु आवश्यक थियो तर, उनी आफैं उत्तेजित थिए । आन्दोलनकारीको उत्तेजनालाई शान्त तुल्याउन सक्ने खुबी उनमा पटक्कै देखिएन ।

यो क्रमका अर्का पात्र रामबहादुर थापा बादलले त निर्मला बलात्कार र हत्याकाण्डलाई सांकेतिक बनाएर बादल पछाडि नै धकेली दिए । उनको बिचारमा, पुँजीवादका कारण बलात्कार र हत्याका घटना भएका हुन् । उनले कुन-कुन गैरपुँजीवादी मुलुकमा बलात्कार र हत्या हुँदैनन् ? भन्ने कुरा चाहिँ बताएनन् । बादलले आफ्ना बारेमा चलेका वा चलाइएका भ्रमको समापन आफैं गरे । उनमा नेतृत्व क्षमता र शासकीय गुण दुवै देखिएन । निर्मला काण्डमा उनले राष्ट्रपतिदेखि देशका सबै तहका मानिसलाई अनावश्यक संलग्न गराए ।

सरकारमा संगति देखिएन । सरकारभित्रकै एउटा पक्ष निर्मला काण्डमा सरकारको अविवेकका खिलाफ आन्दोलनलाई उक्साउँदै थियो । गृह मन्त्रालयलाई त्यसको कुनै जानकारी नै थिएन । बादलको योग्यता र क्षमता ३३ किलो सुन तस्करी काण्डमा पनि उदघाटित भैसकेको थियो । सुन तस्करको नाममा जसलाई मन लाग्छ त्यसलाई जथाभावी समातेर उनले सबैको दुर्दशा गरेका थिए तर, प्रम ओलीले बादललाई मात्र होइन, सबै नालायक मन्त्रीलाई काखी च्यापेका छन् । संसद्को दुइ तिहाई स्थान जितेर गठन हुँदैमा कुनै पनि सरकार बलियो हुँदैन । सरकार बलियो हुन त्यसले आफ्ना मात्र मतदाताको होइन, सबै मतदाताको विश्वास जित्न सक्नुपर्छ ।

सत्ताको स्वरुप यस्तै छ । अब के हुन्छ ? जनताले अहिलेसम्म प्रश्न गर्न छाडेका छैनन । जुन दिन जनताले प्रश्न गर्न छाडनेछन् त्यो दिन यो देशमा लोकतन्त्रको नाममाअधिकारहीन बुख्याँचाले शासनगर्न थाल्नेछ । त्यो बुख्याँचाको सालिक माइतीघर मण्डलामा उभिएको देखिनेछ । आवाजहीनहरूको आवाज मुखरित गर्न नसक्ने लोकतन्त्रको कुनै महत्व हुँदैन । अहिलेका शासकहरू लोकतन्त्र र जनतासंग डराएका छन् । यो डरका अगाडि त्यस्ता शासक मात्र टिक्न सक्छन् जो नैतिक रुपले बलिया छन्, श्रेष्ठ छन् । अरू सबैको अनुहार जनताले देखिसके । अपराधीको संरक्षणगर्नेहरूबाट सत्य र न्यायको संरक्षण हुन सक्दैन । निर्मला बलात्कार र हत्याकाण्डले एकपटक फेरी नेपालीहरूको दिमाग हल्लाएको छ, मस्तिष्क खलबल्याइदिएको छ । नेपाली सिनेमाकी नायिका रेखा थापाले भनेकी छिन् : छोरीहरू, डरको आँखामा तिमी आँखा जुधाएर हेर ताकि डर पनि तिमीसँग डराउन सिकोस् ।

## प्रतिक्रिया



फरक क्षेत्रमा स्थापित युवाहरूका सम्बन्धमा विशेष सामग्री पढेर खुसी लाग्यो (फ्रन्टपेज : सेलिब्रेटी अन्डर ३०) आ-आफ्नो क्षेत्रमा क्रियाशील यी युवाहरू धेरैका लागि प्रेरणाको स्रोत हुन् । साप्ताहिकमा अन्य क्षेत्रका प्रतिभाशाली युवाहरूलाई समेत यस्तै विशेष स्थान दिइयोस् ।

**डम्मर सिंह**

अहिले बनेको कानुनको पालना भए त राम्रै हो (मंगल होस् : विश्वासघाती कानुन) । बलियालाई कानुन नलाग्ने, निर्धालाई मात्र कानुन लाग्ने देश हो यो ।

**शिव रेग्मी**

नेपाल मात्र यस्तो देश हो, जहाँ कवि, साहित्यकार, खेलाडी, संगीतकार, नाट्यकर्मी आदि राज्यबाट उपेक्षित हुन्छन् (यात्रा सन्दर्भ : सहयोगको राम्रो प्रारम्भ) । संस्कृति मन्त्रीले पुरानो परम्परा तोड्दै सहयोगको जुन पाइला चालेका छन्, त्यो प्रशंसनीय छ । यसले थिएटरको विकासमा पक्कै टेवा पुर्‍याउनेछ ।

**जमुना सुवेदी**

पार्किन्सनबाट पीडित कलाकार मदनकृष्ण श्रेष्ठको अन्तरवार्ताले भावुक बनायो (अन्तर्वार्ता : जिन्दगी भनेकै फिलिम र फिलिम भनेकै जीवन हो) । अरूलाई हँसाउने सशक्त कलाकारको जीवन वास्तबमा कति दुःखदायी छ भन्ने थाहा भयो । जीवन सोचे जस्तो नहुने रहेछ ।

**अनुप घोरासैनी**

हाम्रो जस्तो देशमा कुशल व्यवस्थापकको खाँचो छ (उच्च शिक्षा : व्यवस्थापनमा अवसर नै अवसर) । यस्तोमा व्यवस्थापन अध्ययन गरे देशलाई चाहिने जनशक्ति तयार हुनेछ । युवाहरूले स्वदेशमै सम्भावना खोज्नुपर्छ । सरकारले पनि नेपालमै काम गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

**आरती चौहान**

स्काइपको यो सिस्टम राम्रो लाग्यो (साइन्स एन्ड टेक्नो : स्काइपको कल रेकर्ड गर्न सकिने) । अब क्यामेराको काम पनि स्काइपबाटै गर्न सकिने भयो ।

**सुमन कुँवर**

आदित्य श्रेष्ठ र तमन्ना लम्सालालाई बधाई (लिटिल स्कुल स्टार) । यो सानो उमेरमा प्राप्त ठूलो सफलता हो । यद्यपि यो सुरुवात मात्र हो । यसपछि थुप्रै खुड्किला बाँकी नै छन् ।

**बलबहादुर अधिकारी**

अरुण थापाजस्ता कलाकारको सम्झना गर्नु ठूलो कुरा हो (हङकङमा अरुण थापाको सम्झना) । देश-विदेशमा यस्ता कलाकारहरूलाई श्रद्धा, सम्मान गर्नु जरुरी छ । जति नै नयाँ कलाकारहरू आए पनि पुराना गीत, संगीत तथा कलाकारको महत्व घटेको छैन, बरु बढ्दै गएको छ ।

**कृष्ण पौडेल**

उमेरले ४३ पुगे पनि शिल्पाको जोश-जाँगर घटेको छैन (कमब्याकको तयारीमा शिल्पा) । अब जुन चलचित्रमा अभिनय गरे पनि उनको चर्चा उत्कर्षमा रहनेछ । कमब्याकमा शिल्पा भूमिका सशक्त हुनेछ भन्ने आशा छ ।

**सुमिना थपलिया**

यश कुमारका गीतहरू मार्मिक छन् (प्रसंग : जब मेरो बाइक ट्रकमुनि छिर्‍यो) । समाज परिवर्तन गर्न तथा हाम्रो दृष्टि फेर्न उनका गीतले निकै सघाउ पुर्‍याएका छन् ।

**अमृत वली**

नेपाल बाहिर यस्ता कार्यक्रमहरू भैरहनुपर्छ (हङकङमा मनाइयो नेपाल डे) । नेपाली कला, संस्कृति तथा साहित्यको प्रबर्द्धन जरुरी छ । विदेशमा रहनेहरूले पनि नयाँ-नयाँ किसिमका कार्यक्रमहरू आयोजित गर्नु उपयुक्त हुन्छ ।

**वर्तमान शर्मा**

यौन शिक्षाका सम्बन्धमा स्कुल जीवनदेखि नै जानकारी दिनुपर्छ (मुक्त आकाश : यौन शिक्षा खै ?) । त्यसले विषयवस्तु बुझ्न, आफ्नो सोचको दायरा फराकिलो बनाउन सहयोग पुर्‍याउँछ ।

**सन्तोष न्यौपाने**

सिमोन जोन्सन आँटिली युवती हुन् (मैदान बाहिर : द रकर्की छोरीको तयारी) । उनमा बुबाको ठूलो प्रभाव छ । यो यात्रामा उनी पक्कै सफल हुनेछिन् ।

**अजित लिम्बू**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



तस्बिर : नवराज वाग्ले

■ सर्वेन्द्र खनाल, प्रहरी महानिरीक्षक, नेपाल प्रहरी

# भ्रष्टाचार र घूसखोरीमा संलग्न कसैले पनि छुट पाउँदैनन्

सर्वेन्द्र खनाल प्रहरी महानिरीक्षक भएको ६ महिना भएको छ । यो अवधिमा उनले सांगठनिक सुधार तथा शान्ति-सुरक्षाका पक्षमा केही महत्वपूर्ण कदम चालेका छन् । प्रहरीभित्र लामो समयदेखि रोकिएका बढुवाहरू अघि बढाएका खनालले केन्द्रमा ह्युमन ट्राफिकिङ कन्ट्रोल ब्युरो तथा साइबर कन्ट्रोल ब्युरो स्थापना गरेका छन् । यसबीच विध्वंसात्मक कार्यमा संलग्न एवं विखण्डनकारी गतिविधिमा संलग्नमाथि पनि प्रहरीले तीब्रताका साथ कारबाही चलाइरहेको छ । यद्यपि केही समययता समाजमा घटेका सामाजिक अपराधका कतिपय घटनामा प्रहरी संलग्नता र छानबिनलाई लिएर चर्को आलोचनासमेत हुँदै आएको छ । देशमा बढ्दो बलात्कार, प्रहरीमाथि उठेका प्रश्न, अनुसन्धान आदि विषयमा केन्द्रित रहेर साप्ताहिकका लागि जनक तिमिल्सिना र भिषा काफ्लेले खनालसँग गरेको कुराकानी :

**मुलुकको शान्ति-सुरक्षाको विषयलाई लिएर प्रहरीमाथि नै प्रश्न उठिरहेको छ । परिस्थिति काबु बाहिर गएको हो ?**

शान्ति-सुरक्षाको स्थिति हामीले मूल्यांकन गर्दा र सरसर्ती हेर्दा दुवै पक्षमा राम्रो छ । कुनै पनि डिसअर्डर ल्याउने अथवा गैरसंवैधानिक क्रियाकलाप गर्नेहरू नियन्त्रणमा छन् । विगतमा जस्तो विस्फोटन, आगलागी, तोडफोड, हत्या आदिको अवस्था अहिले छैन । मैले टेकअप गर्दासम्म पनि एक्सटर्सन र धम्कीका धेरै कुरा थिए । त्यसलाई हामीले धेरै कम गरेका छौं । सँगसँगै आपराधिक क्रियाकलापको सन्दर्भमा पनि केही घटनाबाहेक हामीले ९० प्रतिशतभन्दा बढीलाई अनुसन्धानको दायरामा ल्याएका छौं, पक्राउ गरेका छौं र तत्कालै पक्राउ गरिएका घटना पनि प्रशस्तै छन् ।

**कञ्चनपुरलगायतका केही घटनामा प्रहरीमाथि नै औंला उठाइएको छ नि ?**

कुनै पनि संगठनमा विभिन्न प्रावधान हुन्छन् । सजाय र पुरस्कारका व्यवस्थाहरू पनि त्यही कारण गरिएका हुन् । कुनै प्रहरीले गल्ती गर्‍यो भने त्यसलाई कारबाही गर्ने सांगठनिक संयन्त्र छ । कसुरअनुसारको विभागीय कारबाही वा अन्य दण्ड हुन्छ । कुनै एक प्रहरीले गरेको कमजोरीमा समग्र संगठनमाथि नै औंला उठाउनु जायज हुँदैन । कतिपय घटनामा कहिले सांसद संलग्न भएका छन्, कहिले शिक्षक, कहिले पत्रकार संलग्न भएका छन्, कहिले को भएका छन् । एक जना संलग्न भएको आधारमा समग्र वर्ग, पेसा वा क्षेत्रलाई लाञ्छित गर्नु ठीक होइन । त्यसमाथि प्रहरी संगठन अझ संवेदनशील संगठन हो, यो तमाम नागरिक एवं समग्र राष्ट्रको संगठन हो । त्यसकारण यो संगठनभित्र केही कमजोरी छन् भने त्यसलाई सुधार्नुपर्छ, बदमासहरू छन् भने कारबाही गर्नुपर्छ, तर समग्र संगठन नै यस्तो-उस्तो भन्नु जायज होइन ।

**सामाजिक अपराधका घटनाहरू जसरी एकपछि अर्को गरी सतहमा आइरहेका छन्, त्यसले सुरक्षाको मुख्य जिम्मेवारी सम्हालेको प्रहरीको उपस्थिति तल्लो तहसम्म बलियो भएन भन्ने कुरा पनि आइरहेको छ नि ?**

तथ्यांकअनुसार जम्मा २६ प्रतिशत घटना नचिनिएका अथवा पेसेबर अपराधीबाट भएको छ । बाँकी चिनजानका, साथीभाइ, नातागोताका मानिसहरूबाट सामाजिक अपराध भएको छ । घर, कोठा, स्कुल, साथीकहाँ जाँदा, अभिभावकत्वका क्रममा यस्ता घटनाहरू भएका छन् । जसले अभिभावकत्व ग्रहण गरेको छ उसैबाट बलात्कृत हुनुपर्छ भने त्यहाँ प्रहरीको उपस्थिति भएन भन्नु कति न्यायसंगत हुन्छ ? २६ प्रतिशत नचिनेका र पेसेबर अपराधीहरूले घटाएका घटनाका सन्दर्भमा प्रहरी गस्ती, सुराकी, प्रहरीले सूचना संकलन, जासुसी संयन्त्र प्रयोग आदि गर्ने काम होला, समुदायसँग सहकार्य गर्ने विषयहरू होलान्, जसले घरमा सुरक्षित छु भन्छ त्यही असुरक्षित हुन्छ भने प्रहरी कसरी घरघरमा पुग्न सक्छ ? यसमा पनि कहाँ, के कति भन्ने कुरा हेर्नु जरुरी छ । प्रहरीले नचाहिने नै गरिरहेको छ, कमजोरी नै गरिरहेको छ भने भन्नु पनि पर्छ, तर प्रहरीले अपराधीहरूलाई रातारात, दौडँदा-दौडँदै पनि पक्राउ गरेको छ नि । एक घण्टाभित्र, दुई घण्टाभित्र अपराधीलाई नियन्त्रणमा लिइएको छ । पोखरामा घटना घटाएर भाग्ने क्रममै आबुखैरेनीबाट पक्राउ गरेको छ । यसरी प्रहरीले रेस्पोन्स गरेका घटना उत्तिकै छन् । प्रहरी नै यस्तो-उस्तो भनेर मनोबल गिराउने खालको धारणाले हामी कसैलाई ठीक गर्छ जस्तो लाग्दैन ।

**मिडिया तथा सोसल मिडियामा आइरहेको धारणा मनोबल गिराउने खालको छ भन्न खोज्नुभएको हो ?**

यसमा प्रहरीको भूमिका के हो स्पष्ट हुनुपर्छ । एकतर्फी रूपमा प्रहरीले गरेन मात्र भनियो । प्रहरीको घटनामा कस्तो भूमिका हुनुपर्थ्यो, के भएन भन्ने कुराको विश्लेषण हुनु जरुरी छ । प्रहरीले के सम्म गर्न सक्थ्यो, के गरेन ? जस्तो कञ्चनपुरको घटनामा राति १२ बजे नै प्रहरी जान सक्थ्यो, तर गएन । जिम्मेवारलाई कारवाही पनि भएको छ । के गर्न सक्थ्यो, के गरेन, के-कस्तो लापरवाही गर्‍यो, कति जिम्मेवार भयो भन्ने कुरा मुख्य हो ।

**सामाजिक अपराधबाहेक अन्य फौजदारी अपराधमा प्रहरीको भूमिकालाई कसरी हेर्नुहुन्छ ?**

सामाजिकबाहेकका अपराधमा कुन ठाउँमा कस्तो अपराध भएको छ, मलाई देखाइदिनुस् । कुन ठाउँमा लुटपाट भएको छ, कहाँ गुन्डाले धम्काएको छ, कहाँ फिरौती मागेको छ, कुन टोलमा मलाई

पृष्ठ ६ मा




# भ्रष्टाचार र घूसखोरीमा...

पृष्ठ ५ बाट

थर्कायो भन्ने छ, कुन ठाउँमा पैसा मागेर खायो भन्ने छ ? तस्करी तीन तिहाइ नियन्त्रणमा आएको छ, नेपाल प्रहरीले तस्करीमार्फत हुने राजस्व चुहावट रोक्न ५६ दशमलव ३४ प्रतिशत योगदान गरेको छ । साना हतियार नियन्त्रण भएको छ, तराईमा सतहमा आउने डकैतीका घटनाहरू नियन्त्रण छन् । विप्लव समूहले ठाउँ-ठाउँमा विस्फोटनका घटनाहरू गराइरहेको थियो अहिले कहाँ सुन्नुभएको छ ? कसले नियन्त्रण गरेको छ त्यो ? डिसअर्डर ल्याउने खालका केही तत्वले गराएका घटनाका सन्दर्भमा पनि प्रहरीले एकदमै सचेतता र सजगताका साथ काम गरिरहेको छ । परिणाम आउँदैछ, आइरहेको छ । यद्यपि एकजनाले बदमासी गरेको कुरालाई लिएर जसरी प्रहरीमाथि प्रहार गरिँदैछ, त्यो एकदमै चिन्ता र दुःख लाग्ने कुरा हो ।

**कञ्चनपुर घटनामा प्रहरी कहाँनेर चुकेको हो ?**

प्रहरीको कमजोरीका विषयमा प्रतिवेदन पनि आइसकेको छ । प्रहरी १२ बजे नै जानुपर्थ्यो, त्यो कुरा भएन । अनुसन्धान गर्ने सन्दर्भमा केही प्रमाण संकलन गर्नुपर्थ्यो त्यो कुरा व्यवसायिकता अनुरूप हुन सकेन । यस्ता कुरा नहुनुका पछाडि धेरै ठूलो आशंका पनि छ । ती आशंका मेटाउनुपर्नेछ । गल्ती गरेकोमा, लापरवाही गरेकोमा हामीले निलम्बन गरेर कारबाही अघि बढाएका छौं, उनीहरूमाथि पनि अनुसन्धान भैरहेको छ । कसुरअनुसार विभागीय वा ठूलो कारबाही हुन सक्छ, जे पनि हुन सक्छ ।

**सत्तारूढ दलकै प्रमुखमध्येका एक नेताले संसदमै शान्ति सुरक्षा र बढ्दा सामाजिक घटनाको विषयलाई लिएर सरकार एवं गृह प्रशासनको आलोचना गर्नुभयो । सुरक्षा संयन्त्र कमजोर भएको भन्नुभयो, उहाँले कुरै नबुझी बोल्नुभएको हो ?**

कसले के बुझ्यो म त्यता जान्नँ । मैले बुझेको कुरा र मिनी संसद् मानिने दुईवटा संसदीय समितिमा प्रहरीले गरेका कामको प्रशंसा नै भएको छ । त्यहाँ माननीय सांसदज्यूहरूले प्रहरीले गरिरहेको छ भन्नुभएको छ, त्यो कुरा पनि आइदिए हुन्थ्यो । बहुमत सांसदले प्रहरीको प्रशंसा गर्नुभएको छ, चिन्ता व्यक्त गर्नु जायज कुरा हो । प्रहरी संगठनको प्रमुखको हैसियतले म त अपराधको कुनै घटना नै नघटोस् भन्ने चाहन्छु, तर मैले सोच्दैमा त्यस्ता घटना नघट्न सम्भव नहोला । हजुरबुवाले नातिनी बलात्कार गर्ने, नातिले हजुरआमा बलात्कार गर्ने, मामा र काकाले बलात्कार गर्ने घटनाहरू घटिरहेका छन् । यस्ता घटनामा हामी सबैले सजग र सतर्क भएर अघि बढ्न जरुरी छ । संसदीय समितिमा पनि यस्ता कुराहरूमा बहस भयो । यसमा दोषारोपण गर्नुभन्दा पनि सामाजिक सुव्यवस्थाका लागि सामूहिक प्रयास गर्नुपर्छ । सचेतनाका लागि काम गर्नुपर्छ । केही अपराधमा गम्भीर सजाय हुन्छ भन्ने सन्देश पनि दिनुपर्ला, कहीं नैतिक शिक्षा जरुरी होला । स्कुल, कलेज, घर, समाज, सबैतिर नैतिक शिक्षा जरुरी छ ।

**के सामाजिक घटनाको चरित्र नबुझेर प्रहरीमाथि बढी प्रश्न तेर्स्याइएको हो ?**

प्रहरीले सबै कुरा गरिदियोस् भन्न सम्भव छ ? बुझेको कुरा सबैले लेखिदिनुपर्‍यो । प्रहरी महानिरीक्षकलाई मात्र जवाफदेही बनाएर हुन्छ ? समग्रमा बुझिएको कुरा मिडियामा पनि आउन जरुरी छ । मेरै कुरा गर्ने हो भने मैले पनि जागिर खाएर राम्रो गर्ने हो, म त्यो प्रयास पनि गर्छु । यद्यपि के लाञ्छना लगाएर मात्र सबै समस्याको समाधान सम्भव हुन्छ ? हाम्रा इमान्दार प्रयासहरू र हामीसँगै समाजमा गएर गर्ने कामहरूका विषयमा नबोलिदिने ? गरेका राम्रा कामहरू छन् भने ती बाहिर नआउने ? हामी राम्रो गर्नकै लागि रातदिन दत्तचित्त छौं । अपराधका केही घटनामा हामीले बाहिरको कुरा गर्‍यौं, अनुभव र तालिमको कुरा गर्‍यौं भने अर्को आलोचना हुन थाल्छ । समृद्ध मुलुकमा पनि घटनाहरू घट्छन्, हामीले त्यो भन्न पाउने कि नपाउने ? त्यसो भन्यो कि यो घटना तैले गरेको भन्ने ? हामी संयुक्त राष्ट्रसंघअन्तर्गत प्रहरीले डिफर्म गराइएका देशहरूमा पनि काम गरेर फर्किएका छौं । प्रहरीमाथि आक्रमण भयो भने भोलि देशकै शान्ति-सुरक्षा कमजोर हुन्छ । प्रहरीलाई कमजोर बनाइयो भने अन्य कुराहरू पनि डिसअर्डर हुन्छन् । नेपालमा हामी ९० प्रतिशतभन्दा बढी सफल छौं । एउटा घटनाकै कारण प्रहरी खत्तम भनिहाल्नु कति उपयुक्त हुन्छ ? के प्रहरीको मनोबल खस्काउँदा हामी सबैको भलो हुन्छ ? प्रहरीले कुन साधन-स्रोतले काम गरिरहेको छ भन्ने कुरा पनि त हेर्नुपर्छ ।

**नेपाल प्रहरीलाई साधन-स्रोतको समेत अभाव छ भन्न खोज्नुभएको हो ?**

नेपाल प्रहरी सिमित साधन-स्रोतमा काम गरिरहेको छ । कुन ठाउँमा तेल दिनुभएको छ, कुन ठाउँमा पैसा दिनुभएको छ ? कुन ठाउँमा समात्ने साधन दिनुभएको छ ? कुन ठाउँमा डिभाइसेजहरू छन् ? यति हुँदाहुँदै पनि हामी जवाफदेहिताका साथ अघि बढिरहेका छौं । यस्ता घटनाहरू न्यूनीकरण गर्न बाहिर भएका राम्रो अभ्यास कहीं छ भने त्यसलाई हामी आत्मसात गरौं । हामीले पनि यसमा योजना बनाएका छौं, अब हामी त्यो प्लान लन्च गर्छौं । हामी योजनाबद्ध रूपमा अघि बढ्दैछौं । यसमा हामी सबैको सहभागिता जरुरी छ । नेपाल प्रहरीले त गज्जब गरेछ भनेर विश्वभर सन्देश जाओस् । नेपाल प्रहरीले गरेका कामलाई विदेशमा पनि सम्मान गरिएको छ । म न्युयोर्कमा रहँदा दक्षिण सुडान टुक्रिएको थियो, त्यतिबेला म संयुक्त राष्ट्रसंघमार्फत शान्ति मिसनमा सहभागी थिएँ । त्यहाँ आपराधिक घटना र शान्ति-सुरक्षा नभएपछि नै देश टुक्रिएको हो ।

**यति अब्बल प्रहरीमाथि किन यति धेरै प्रश्न त ?**

प्रहरीमाथि खेलबाड गर्ने तत्वहरू पनि हुन्छन् । तस्करहरूले गर्छन्, कालो बजारी गर्नेहरूले गर्छन् । संगठित अपराध गर्नेहरूले गर्छन्, यिनीहरू प्रहरीलाई



कमजोर र आफ्नो नेक्सस बलियो बनाउन खोज्छन् । राजनीतिसँग जोडिएर समेत प्रहरीलाई कमजोर बनाउने प्रयास हुन्छ । त्यसमाथि अहिले संविधान कार्यान्वयन गर्ने अवस्थामा उनीहरू गैरसंवैधानिक क्रियाकलाप गरेर प्रहरीलाई कमजोर बनाउन खोज्छन् ।

**देशमा विखण्डनको अभियान चलाउनेहरूलाई छुट दिइएको कुरा उठिरहेको छ ? प्रहरीले कसरी हेरिरहेको छ ?**

प्रहरीले छुट दिँदैन । केही राजनीतिक मुद्दालाई हेर्ने सरकारको आफ्नै दृष्टिकोण हुन्छ । यसैमा सबै पर्छन् भन्ने पनि होइन । यद्यपि कस्तो अवस्थामा प्रहरी कारबाही गर्ने र कानुनी दायरामा ल्याउने भन्ने कुरामा प्रहरीले गम्भीरता र सजगताका साथ नियालिरहेको छ । हालसालैका केही घटनाक्रममा केही मानिस पक्राउ परेका छन्, समस्या नआओस् भनेर केही ठाउँमा प्रहरीले सजगताका साथ काम गरिरहेको छ । विप्लव र प्रकाण्डसम्मका घटनाक्रमहरू हेर्ने हो भने नियन्त्रण गरेकै छ । वार्तामा आउने वातावरण निर्माणमा प्रयास भैरहेको छ । शान्ति-सुरक्षामा यसले सकारात्मक प्रभाव पारेको छ । केही कुरामा गम्भीर भएर सजगताका साथ चल्नुपर्नेछ । त्यसको अर्थ प्रहरी मुकदर्शक भएर बसेको भन्ने होइन ।

**प्रहरी नै भ्रष्टाचार र घूसघोरीमा संलग्न भनेर पक्राउ परिरहेका छन् नि । कसरी हेर्नुभएको छ ?**

केही घटना आउन सक्छन् । प्रहरी संगठनभित्र भ्रष्टाचार गर्ने कसैले पनि उन्मुक्ति पाएको छैन । हाम्रो तराई क्षेत्रमा खुल्ला नाका छ, राजस्व चुहावट धेरै हुने पनि त्यही हो । राजस्व चुहावट रोक्न प्रहरीको ५६ दशमलव ३४ प्रतिशत योगदान छ । केही छिटफुट त्यस्ता घटनामा हामीले कसैको संरक्षण गरेका छैनौं, कारबाही गरेका छौं । शुद्धीकरणका कामहरू गरिरहेका छौं । भ्रष्टाचार र घूसखोरीमा संलग्न कसैले पनि छुट पाउँदैनन् । अहिलेको प्रहरीको संलग्नता त्यसतर्फ छ जस्तो मलाई लाग्दैन । यसमा समग्र प्रहरीकै नैतिकतामाथि प्रश्न उठाउनुपर्ने अवस्था छैन् । कोही व्यक्ति संलग्न भए होलान्, व्यवसायका रूपमा राम्रो डिल गर्न सकेनन् वा अनुत्तरदायी भए, त्यो पाटो कहीं छ, तर प्रहरीलाई यसमा स्पष्ट सन्देश छ– प्रहरी महानिरीक्षकले छोड्दैन् । हिजोदेखि नछोडेको कुरा अहिले झन् प्रहरी महानिरीक्षक भएपछि छोड्दैन् भन्नेमा सबै स्पष्ट छन् ।

**बर्दियाको एक घटना र भक्तपुर इन्काउन्टरमाथि पनि प्रश्न त उठ्यो नि ?**

अपराध न्युनीकरण र अपराधरहित समाज निर्माण गर्ने ध्येयका साथ गरिएका काम कारबाहीहरूमा मिडियाको पनि सहयोग छ । मूलतः समाजमा शान्ति-सुरक्षा कायम गरेर आर्थिक विकासतर्फ लम्कनु हामी सबैको लक्ष्य हो । कतिपय कुराको बुझाइमा भिन्नता हुन सक्छ, तर त्यसमा स्वार्थका कुरा पनि छन् । कहीं-कहीं गल्ती पनि भएका होलान्, तर आजको दिनमा सच्याउनुको विकल्प छैन । पुरानै ढाँचामा अनुसन्धान गर्नुपर्ने बाध्यता प्रहरीलाई छ । प्रविधिले समर्थन नगरेको अवस्थामा हामीले मानिसलाई ल्याएर कुराकानी गर्ने हो, इन्ट्रोगेट गर्ने हो । शंकास्पद व्यक्तिहरूसँग सोधपुछ गर्ने हो, सोधपुछ गरेपछि केही कुरा खुल्छ । अरु आधार के छ र ? हाम्रा बाध्यताहरू पनि छन् ।

**प्रहरीभित्र सरुवा, बढुवामा आफ्नालाई काखा, राम्रालाई पाखा पारिएको आरोप पनि लाग्ने गरेको छ ?**

सबैभन्दा ठूलो कुरा म काममा विश्वास गर्छु । मैले एक सुका कसैलाई दिनु पनि परेन । कसैलाई आजसम्म सरुवा-बढुवामा यस्तो गर्देऊ, उस्तो गर्देऊ पनि भनिन् । म प्रहरी महानिरीक्षक हुँदा पनि त्यसरी नै भए । म कुनै पनि हालतमा यस्ता नचाहिने गलत अभ्यास हुन दिन्नँ । तपाईंहरूले विश्वास गर्दा हुन्छ, म राम्रै गर्नका लागि भएको छु । प्रहरीले आफ्नो पेसागत दक्षता तथा क्षमतालाई निखारेर लानुपर्छ । जसले यी कुरालाई लिएर काम गर्छ, उसको स्टेनेबलिटी नै त्यही हो । केही समय पावरले होला, केही समय चाकडीले होला, तर व्यवसायिक क्षमता वृद्धि गरेन र व्यवसायिक निष्ठामा बसेन भने कोही पनि यो संगठनको नेतृत्व गर्ने अवस्थामा पुग्दैन । म जसरी भए, त्यसले निरन्तरता पाउनुपर्छ भन्ने मेरो स्पष्ट दृष्टिकोण छ । काम गर्नेहरूलाई यो होइन भन्न सकिन्छ, यसले काम गर्न सक्दैन भन्न सकिन्छ ? आजकल त एकदमै पारदर्शी जमाना छ । राम्रो काम कसले गरेको छ, नराम्रो काम कसले गरेको छ, सबैले देखिरहेका छन् । हामी यसमा एकदमै पारदर्शी छौं, सुशासन कायम गर्ने कुरामा दृढ छौं । प्रहरी संगठनमा निःस्वार्थ, विवेकपूर्ण ढंगले दृढताका साथ काम जो इमान्दार छ त्यसले मात्र गर्न सक्छ ।


**प्रहरीलाई प्रहरी बनाउने भन्ने कुरामा दृढ हुनुहुन्छ ?**

प्रहरी प्रहरीजस्तो हुनुपर्छ । सच्चा सज्जन मान्छे र समाज सबैलाई सम्मान गर्न सक्नुपर्छ, सबैलाई अगाडि राख्नुपर्छ । बदमास चरित्रका मानिसलाई प्रहरीको समीप आउन दिनु हुँदैन । कि कठघरामा ल्याउन सक्नुपर्‍यो कि प्रहरी छाड्नुपर्‍यो । त्यो खालको प्रहरी हुनुपर्छ । प्रहरीले कारवाही गर्छ भन्ने सन्देश गएपछि कसैले पनि खराब क्रियाकलाप गर्न सक्दैनन् । प्रहरीले भनसुन, पैसा तथा पावरका आधारमा छाड्दैन भन्ने भएपछि अपराध गर्नेले पनि १० पटक सोच्छ । मेरा सबै प्रयास प्रहरीलाई प्रहरीजस्तो बनाउनेतर्फ केन्द्रित छन् ।

**सामाजिक अपराध न्यूनीकरण गर्न प्रहरीले के गर्दैछ ?**

हामी देशव्यापी रूपमा अभियान चलाउँदैछौं । १२ वटा थिमेटिक एरियाहरू लिएका छौं, त्यसका कोर्स कन्टेन्ट छन्, हामी स्कुल, कलेज, क्लब, नागरिक समाज, स्थानीय तहका सरकार, एनजिओआइएनजिओ तथा मिडिया सबैसंग साझेदारी गरेर अघि बढ्दैछौं । अरूले हामीलाई हेरून्, ठूला-ठूला बिल्डिङ मात्र विकासका सूचक होइनन्, सामाजिक संरचना पनि विकासको सूचक हो । दुई वर्षअघिका बलात्कार पीडितहरू पनि अहिले प्रहरीमा आइरहेका छन् । मानिसहरूमा न्याय पाइन्छ, अब लुकाउनु हुँदैन भन्ने चेतना पनि विकसित हुँदै गएको छ । अर्कातर्फ हामीले महिला सशक्तीकरण र आत्मसुरक्षाका क्लासहरू पनि अघि बढाइरहेका छौं ।

# उपत्यकाभित्रका शक्तिपीठ





### तलेजु
काठमाडौं हनुमान ढोका दरबार परिसरमा रहेको तलेजु भवानीको मन्दिर वर्षको एक दिन मात्र खुल्छ। दसैंको महानवमीका दिन मात्र खुल्ने यो मन्दिरमा भक्तजनको ठूलो घुइँचो हुन्छ। तुलजा भवानीलाई दैवी शक्ति वा मातृशक्तिका रूपमा पुजिन्छ। काठमाडौं उपत्यका बाहेक साँखु, फर्पिङ, कीर्तिपुर, ठिमी, चापागाउँका साथै नुवाकोट, पनौती र दोलखामा पनि तुलजा भवानीको मन्दिर छ। मल्ल राजाहरूले तलेजु मन्दिरलाई निजी प्रार्थना स्थलका रूपमा विकास गरेका थिए। दसैंको सप्तमीका दिन मन्दिरबाट भवानीलाई हनुमानढोका दरबारको मूलचोकमा ल्याएर राखिन्छ। नवमीका दिन मूलचोकबाट भवानीलाई फेरि मन्दिरमा पुऱ्याइन्छ र दिनभर पूजा अर्चनाका लागि सर्वसाधारणका लागि खुला गर्ने परम्परा छ।

### नवदुर्गा
भक्तपुरस्थित नवदुर्गा भवानीको मन्दिर चर्चित शक्तिपीठ हो। यो मन्दिरमा प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाका दिन राष्ट्रप्रमुख पुगेर दर्शन गर्ने पुरानो चलन छ। मन्दिरमा प्रत्येक वर्ष नवमीको राति नवदुर्गा गणलाई बलि दिई महिषासूरको प्रतीकका रूपमा मन्दिरमा पालेर राखिएको राँगा बलि दिने चलन छ। यहाँप्रत्येक वर्ष लिच्छविकालीन नवदुर्गा जात्रा सञ्चालन गरिन्छ।

### भद्रकाली
काठमाडौंको मध्यभागमा अवस्थित भद्रकालिको मन्दिरमा चाडपर्वका बेला विशेष भीड लाग्छ। श्रीमद्भागवत महापुराणमा समेत उल्लेखित भद्रकाली निकै प्रसिद्ध मन्दिर हो। दुर्गाकवचमा उल्लेख भएअनुसार भगवतीका अनेक अवतारमध्येको भद्रकालीमा नवरात्रका दिन विशेष पूजा गरिन्छ।

### नरदेवी
काठमाडौंको मध्यभागमै रहेको नरदेवीमा पहिले-पहिले मानिसहरूकै बलि दिइने हुनाले यी देवीको नाम नरदेवी राखिएको किंवदन्ती छ। नरदेवी न्युरोड-इन्द्रचोकबाट नजिकै पर्छ। नरदेवीको आराधना गर्नाले सुख, समृद्धि एवं मनोकामना पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ। यहाँ पञ्चबलि दिने चलन छ।

### संकटा
हालको काठमाण्डु मल अर्थात् नेपाल वायुसेवा निगमको कार्यालयपछाडिको टेबहाल गल्लीमा प्रसिद्ध संकटा भगवतीको मन्दिर छ। संकटा मन्दिरको पहिलो तल्लामा संकटा देवीको मूर्ति छ भने तल्लो तल्लामा करुणामय अवस्थित छन्। यो मन्दिरमा विशेष गरी शनिबार तथा दसैंका बेला भक्तजनको ठूलो भीड लाग्छ।

### नक्साल भगवती
यो मन्दिरमा सोऱ्ह भूजायुक्त देवीको मूर्ति छ। भगवती दुर्गाकै रूपमा पुजिने नक्साल भगवतीप्रति भक्तजनहरूको ठूलो आस्था पाइन्छ।

### बालकुमारी
ललितपुरका नेवारहरूले विशेष रूपमा मान्ने देवी हुन्– बालकुमारी। यहाँ घोडेजात्राको भोलिपल्ट एक्लो घोडा कुदाउने जात्रा समेत सञ्चालन गरिन्छ। बडादसैंका बेला यहाँ भक्तजनको भीड ठूलो लाग्छ।

### बगलामुखी
पाटन दरबारबाट उत्तरमा अवस्थित बगलामुखी मन्दिरमा नवरात्रका दिन विशेष पूजा आराधना गरिन्छ। बिहीबारका दिन विशेष भीडभाड हुने यो मन्दिरलाई ठूलो शक्तिपीठका रूपमा लिइन्छ। तन्त्रशास्त्रका दस महाविद्यामध्ये बगलामुखी पनि एक हुन् भन्ने जनविश्वास छ।

### विजेश्वरी
काठमाडौंको विष्णुमतीको पूर्वी किनारमा रहेको विजेश्वरी भगवतीको मन्दिर गुणकामदेवले निर्माण गराएका हुन्। यहाँ खट्यात्रासमेत गर्ने चलन छ। यो मन्दिरमा बडादसैंका विशेष भीडभाड हुन्छ।

### ब्रह्मायणी
भक्तपुर च्यामासिहंस्थित ब्रह्मायाणी मन्दिरमा दसैंमा विशेष पूजा गरिन्छ। मन्दिरमा जमरा, हाँसको अन्डा, हाँस, बोका साथै कुखुराको बलि दिने चलन छ। नवमीको दिन यहाँ राँगोलाई मताएर बध गरेपछि जात्रा निकालिन्छ। जात्राका दिन भक्तजनहरू घिस्रिँदै, पल्टिँदै र शरीरमा ५, ७ र १८ वटा दीप बालेर मन्दिरसम्म जाने चलन छ।

### गुह्येश्वरी
पशुपतिनाथ मन्दिरनजिकैको गुहेश्वरी बागमती नदीको दक्षिणी किनारमा छ। सतीदेवीको गुह्य पतन भएको ठाउँमा उत्पत्ति भएकी देवी भएकाले यहाँ कुनै मूर्ति छैन। मन्दिरभित्र एउटा सानो प्वाल मात्र छ र त्यहाँ कलश राखिएको छ। यहाँ दसैंको घटस्थापना देखि नै विशेष पूजा हुन्छ।

### मैतीदेवी
काठमाडौंको ज्ञानेश्वरबाट मैतीदेवी चोकतिर आउँदा देब्रेतिर पर्ने मैतीदेवी मन्दिरमा चाडवाडका बेला विशेष भीड लाग्छ। त्यहाँ अंशु वर्माको समयदेखिका मूर्ति तथा शिलालेखहरू पाइन्छन्। यो मन्दिरमा तान्त्रिक विधिबाट पूजाआजा हुन्छ भने मैतीलाई साक्षात् देवी मानिन्छ।

### कालिकास्थान
काठमाडौंको डिल्लीबजारस्थित कालिकास्थान मन्दिरमा कालिको मूर्ति राखिएकाले वरिपरिको ठाउँलाई नै कालिकास्थान भन्न थालिएको हो। दुई तलाको कालिकास्थान मन्दिरको माथिल्लो तलामा कालिको मूर्ति छ भने तल्लो तला पूजारी बस्छन्। यहाँ विशेष गरी दसैंको अवसरमा श्रद्धालुहरूको भीडभाड हुन्छ।

### शोभा भगवती
काठमाडौंको प्रसिद्ध धार्मिक स्थलमध्ये शोभा भगवतीको पनि विशेष महत्व छ। बालाजु तथा क्षेत्रपाटी बाट नजिकै पर्ने शोभा भगवतीको मन्दिर विष्णुमती नदीको किनारमा अवस्थित छ। यहाँ नवरात्रिमा मेला लाग्छ। भक्तजन शुभकार्य सुरुवात वा पदोन्नतिको मनोकांक्षा लिएर यो मन्दिर पुग्छन्।

### हरिसिद्धि
ललितपुरको ऐतिहासिक बस्तीमा अवस्थित हरिसिद्धी मन्दिरमा चाडबाडको समयमा ठूलो भीड लाग्छ। गाईजात्राको भोलिपल्ट यहाँ पानीमा मनाइने विशेष जात्रासमेत हुन्छ। दसैंमा पनि यहाँ विशेष पूजाआजा गर्ने चलन छ।

### महालक्ष्मी
गुणकामदेवले स्थापना गरेको ललितपुरको लगनखेलस्थित महालक्ष्मीको मन्दिर चाडबाडमा खचाखच हुन्छ। हिन्दूहरूका ठूला त्रिदेवसरह महाकाली, महालक्ष्मी र महासरस्वतीलाई मानिन्छ। यहाँ चाडबाडका बेला भक्तजको ठूलो घुइँचो लाग्छ।










# दसैंका लागि सस्तो पसलदेखि छुट अफरसम्म










दसैं नजिकिएसँगै विभिन्न स्थानमा सस्तो पसल खुल्ने क्रम बढेको छ। सरकारी प्रयासमै यस्ता पसलहरू खुलेका छन्। सरकारले गत असोज १२ गतेदेखि सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ। विगतका वर्षहरूमा दसैं-तिहार आदि चाडपर्वलाई लक्षित गरेर यस्ता पसल सञ्चालन गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले यो वर्ष पनि त्यसलाई निरन्तरता दिएको हो। विभागले उपत्यकासहित देशका विभिन्न ४७ स्थानमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ। ती पसल आगामी कात्तिक २३ सम्म सञ्चालनमा रहने छन्।

विभागका अनुसार नेपाल खाद्य संस्थान, साल्ट ट्रेडिङ कर्पोरेसन तथा दुग्ध विकास संस्थान आदिमा दर्ता भएका सहकारी समेतले आफ्नै तरिकाले सुपथ मूल्य पसल सञ्चालनमा ल्याएका छन्। कतिपय स्थानमा भने विभागको नेतृत्वमा खाद्य, साल्ट ट्रेडिङ तथा दुग्ध विकास संस्थानको संयुक्त पसल सञ्चालन भैरहेको छ। यसरी सञ्चालन हुने सुपथ मूल्य पसलबाट बिक्री हुने खाद्यान्न आदि दैनिक उपभोग्य वस्तुमा विद्यमान मूल्यमा ५ देखि १० प्रतिशतसम्म छुट हुने विभागले जनाएको छ।

साल्ट ट्रेडिङले उपत्यकाभित्र ९ स्थानमा स्टल तथा तीनवटा घुम्ती पसल सञ्चालन गर्दैछ। उपत्यका बाहिरका आफ्ना २४ वटा डीपो एवं कार्यालयबाट पनि उसले सामान बिक्री गर्ने प्रबन्ध मिलाएको छ। खाद्य संस्थानले उपत्यकाका पाँच तथा देशभर छरिएको आफ्नो सञ्जालबाट खाद्य सामग्रीहरू बिक्री वितरण गरिरहेको छ। विगतका वर्षहरूमा खसी तथा च्यांग्रा बिक्री गर्दै आएको खाद्य संस्थानले यो वर्ष पनि त्यसलाई निरन्तरता दिएको छ। दुग्ध विकास संस्थानले पनि आफ्ना उत्पादनहरूमा छुटको व्यवस्था मिलाएको छ। दसैंलाई लक्षित गर्दै काठमाडौंको भृकुटीमण्डपमा असोज ११ गतेदेखि स्टक क्लियरेन्स मेला आयोजित गरिएको थियो। बजारको तुलनामा सस्तो मूल्यमा सामान उपलब्ध गराउने उद्देश्यले उक्त मेला सञ्चालन गरिएको हो। ५ दिन चलेको उक्त एक्स्पोमा कपडा, जुत्ता, ह्यान्डिक्राफ्ट, इलेक्ट्रोनिक्स, मोटरसाइकल तथा होम अप्लाइन्सेजका ७२ वटा स्टल थिए। मेलामा बजारको तुलनामा सस्तोमा नेपाल, भारत तथा बंगलादेश आदि मुलुकका सामान बिक्री गरिएका थिए।

अहिले काठमाडौंका विभिन्न स्थानमा सामान किन्नेहरूको भीड छ। भृकुटीमण्डप, न्युरोड, रत्नपार्क, लगनखेल, नयाँ बसपार्क, कलंकी, चाबहिल, भक्तपुर आदि स्थानमा सामान किन्नेहरूको त्यस्तो घुइँचो देख सकिन्छ। दसैंलाई नै लक्षित गरी विभिन्न कम्पनीले ग्राहकहरूका लागि विभिन्न प्रकारको अफर समेत ल्याएका छन्।

रेमिट्यान्स कम्पनी आइएमईले दसैं, दीपावली र छठलाई लक्षित गर्दै 'दसैंमा २० लाख' योजना ल्याएको छ। यो योजना अवधिभर गरिएको ट्रान्जेक्सनलाई आइएमईको सफ्टवेयर पद्धतिमा लिङ्क गरी हरेक दिनको 'लक्की ड्र' बाट छनोट हुने १० जना भाग्यशाली सेवाग्राहीलाई 'आइएमई पे'मार्फत १ हजार रुपैयाँको बिल भुक्तानी, हरेक साता १ जना भाग्यशाली सेवाग्राहीलाई १० हजार रुपैयाँ नगद, हरेक महिना १ जना भाग्यशाली सेवाग्राहीलाई १ लाख नगद तथा बम्परमा १ जना भाग्यशाली सेवाग्राहीलाई २० लाख रुपैयाँ नगद प्रदान गरिने कम्पनीले जनाएको छ।

'लक्की ड्र'बाट छानिएका विजेता सेवाग्राहीहरूको सिफारिसबमोजिम नेपालमा बस्ने आफन्तलाई समेत पुरस्कार प्रदान गरिने कम्पनीले जनाएको छ। कम्पनीका अनुसार सेवाग्राहीले आइएमईको जुनसुकै एजेन्ट संजालमार्फत रेमिटेन्स कारोबार गरेको भौचरको सक्कल कपी योजना अवधिभर सुरक्षित राख्नुपर्नेछ।

ईजी मोबाइल केयरले दसैंतिहार तथा छठको अवसर पारेर बैंकको क्रेडिट कार्ड भएका ग्राहकहरूका लागि फेष्टिभल अफर ल्याएको छ। न्युरोडस्थित ताम्राकार कम्प्लेक्सको पाँचौं तल्लामा रहेको कम्पनीले विभिन्न ब्रान्डका स्मार्टफोनहरू किस्ताबन्दीमा किन्दा विभिन्न उपहार प्राप्त गर्न सकिने अफर सार्वजनिक गरेको हो। बैंकको क्रेडिट कार्ड देखाउनुहोस्, शून्य प्रतिशत र किस्ताबन्दीमा स्मार्टफोन लैजानुस् नामक उक्त अफरअन्तर्गत विभिन्न बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताहरूले यसको फाइदा उठाउन सक्नेछन्। यो अफरअन्तर्गत सुविधा लिन क्रेडिट कार्डमार्फत मासिक किस्ताबन्दी भुक्तानी गर्ने गरी शून्य ब्याजमा कुनै पनि ब्रान्डको स्मार्टफोन किन्न सकिन्छ।

'सयौं सम्बन्धको कयौं भावना' भन्ने नयाँ नाराका साथ कोकाकोलाले आफ्नो नयाँ योजना 'मन खोलौं कोकसँग' सार्वजनिक गरेको छ। यो योजनाको मुख्य आसय हजारौं सम्बन्धको अनगिन्ती भावनासँग कोक जोडिएको छ भन्ने हो। यो योजनाले मुख्यतः १६ विभिन्न मानवीय भावनालाई समेटेको र त्यसमा माया, साथ, खुसी, रमाइलो, मित्रता, हौसला, श्रद्धा, मिलन, सहयोग, जमघट तथा हाँसो रहेको कम्पनीले बताएको छ।

यसका लागि कोकाकोलाको नयाँ लेबल र प्याक सार्वजनिक गरेको छ। ती सुनौला लेबलहरूले पर्वको झझल्को दिने विषयवस्तुलाई समेटेका छन्। कोकाकोलाका यी प्याकले आफ्ना प्रियजनमा उत्साह तथा भावना आदान प्रदान गर्ने अबसर प्रदान गर्ने कम्पनीको दाबी छ।

हिम इलेक्ट्रोनिक्सले दसैं, तिहार तथा छठको अवसर पारेर 'खुर्क्यो कि फुर्क्यो' योजना सार्वजनिक गरेको छ। ग्राहकले हिमस्टारका टिभी, रेफ्रिजेरेटर, डिप फ्रिज तथा वासिङ मेसिन जस्ता होम अप्लाइन्सेसको खरिदमा हातखाली नजाने योजना ल्याएको छ। उक्त योजनाको नारा 'स्क्याच गरी, उपहार जीति, दङ्ग परी' भन्ने छ। यो योजनामा समावेश हुने ग्राहकले कुपन स्क्याच गरेर हिमस्टारका राइस कुकर, इलेक्ट्रिक थर्मस, इलेक्ट्रिक किट्ली, भ्याकुम क्लिनर, उफर, मिक्स्चर, ड्राइ आइरन तथा स्टिम आइरन जित्न सक्नेछन्।

शिखर सुजले दसैं-तिहार लगायतका चाडबाडलाई लक्षित गर्दै फेरि आयो पाडो किन्दा भैंसी उपहार योजना ल्याएको छ। दसैं-तिहार नयाँ कपडा र जुत्ता किन्ने चाड भएकाले ग्राहकलाई उनीहरूको रोजाइ अनुसारका नयाँ डिजाइनका जुत्ता हालसालै बजारमा उतारेको र हरेकलाई हात खाली नजाने गरी उपहार योजना प्रस्तुत गरिएको शिखरले बताएको छ। यो योजनाअन्तर्गत जुत्ता किन्ने ग्राहकमध्ये एक जनाले बम्पर पुरस्कारका रूपमा कार प्राप्त गर्नेछन्। ग्राहकले २ हजार रुपैयाँभन्दा बढी मूल्यका हरेक जुत्ता खरिदमा लेडिज स्यान्डल उपहार समेत प्राप्त गर्ने बताएको छ। कम्पनीले हरेक जुत्ता चप्पल खरिद गर्ने उपभोक्तालाई हात खाली नजाने गरी स्क्याच कुपनसमेत उपलब्ध गराउनेछ।

सामसङ इलेक्ट्रोनिक्स नेपालले दसैंको अवसरमा सामसङ स्मार्टफोनको खरिदमा 'सामसङको दसैं अफर' नामक योजनामा ग्राहकहरूलाई उपहार स्वरूप क्यास ब्याकको अफर दिएको छ। कुनै पनि स्मार्टफोन खरिदकर्ता वा सामसङको ट्याबलेट खरिद गर्ने ग्राहक मध्येबाट ४ साता सम्म हरेक साता २ जना भाग्यशाली विजेताले सिंगापुर गई स्टार क्रुजमा जलयात्रा गर्न पाउने कम्पनीले बताएको छ।

नेपालको एक अग्रणी केबल टेलिभिजन, इन्टरनेट तथा नेटवर्क सेवा प्रदायक कम्पनी सुबिसु केबलनेटले दसैंलाई लक्षित गरि सुविसु शुभ अफर प्रस्तुत गरेको छ जसमा क्लियर टीभी, इन्टरनेट तथा इन्टरनेट र क्लियर टीभी सेवामा फरक-फरक आकर्षक अफर छन्।

दसैं तिहारको उपलक्ष्यमा सवारी साधन बिक्री वितरण गर्ने कम्पनीहरूले यसपटक पनि विभिन्न अफर अघि सारेका छन्। दसैंमा नयाँ सामान भित्र्याउने प्रचलनसँगै ग्राहकहरूलाई आकर्षित गर्न विभिन्न मोटर कम्पनीले विभिन्न अफर ल्याएका हुन्।

यसै क्रममा महिन्द्रा टु ह्विलरको आधिकारिक विक्रेता अग्नि मोटो इन्कले दसैं, तिहार तथा छठको अवसरमा 'मूल्य कति स्क्याच गरी आउँछ जति' योजना ल्याएको छ। यो योजनाअन्तर्गत हरेक महिन्द्रा टु ह्विलरका खरिदकर्ताले स्क्याच कुपन प्राप्त गर्नेछन्। उक्त स्क्याच कुपनमा भएको रकम तिरी बाइक वा स्कुटर खरिद गर्न सकिनेछ। यो योजनाअन्तर्गत न्यूनतम २ हजार ७५ रुपैयाँसम्ममा महिन्द्राको टु ह्विलरलाई आफ्नो बनाउन सकिनेछ।

हिरोले 'दसैंतिहार बन्नेछ हिरोमाञ्चक' अफर ल्याएको छ। यो अफर अन्तर्गत हिरोले आफ्ना ग्राहकहरूका लागि स्कुटरमा ८ हजार रुपैयाँ तथा बाइकमा ६ हजार रुपैयाँ पक्का छुटको व्यवस्था मिलाएको छ। यसका साथै हरेक स्क्याचमा १ लाख रुपैयाँसम्म क्यासको व्यवस्था गरिएको छ। बम्पर उपहारका रूपमा हिरोले हरेक १५ दिनमा १ लाख रुपैयाँ प्रदान गर्ने व्यवस्था समेत गरेको छ।

टाटा मोर्टसले बडादसैं मेघा अफर ल्याएको छ। यस अन्तर्गत टाटाले हरेक कारमा एउटा आइफोन एक्स सित्तैंमादेखि २ लाख रुपैयाँसम्मको छुट दिने भएको छ। अफर अन्तर्गत टाटाले १ वर्षको फ्री इन्स्योरेन्स तथा १६ हजार ८ सय रुपैयाँको किस्तामा टाटाका गाडी उपलब्ध गराउने जनाइएको छ भने केही गरी गाडी बिग्रिएमा २५ हजार रुपैयाँसम्मको मर्मत टाटा मोटर्स आफैंले गरिदिने भएको छ।

महिन्द्रा ग्रुपले जहाँ-जहाँ जानुस् महिन्द्रा चढी, सेवा पाउनुहुन्छ दसैंभरि नाराका साथ 'अफर एकछिनको खुसी सेवा सधैं भरिको' दसैं योजना ल्याएको छ जसमा १० दशमलव ५ प्रतिशत ब्याजमा आफ्ना सवारी साधन उपलब्ध गराउने महिन्द्राले जानकारी दिएको छ।

एमजी मोर्टसले आफ्ना गाडीमा २ लाख रुपैयाँदेखि २५ लाख रुपैयाँसम्म छुटको व्यवस्था गरेको कम्पनीले जानकारी दिएको छ। स्याकर ट्रेडिङले होन्डा कारमा १ लाख १० हजार रुपैयाँदेखि ४ लाख रुपैयाँसम्म छुटको व्यवस्था मिलाएको छ।

स्कोडा मोर्टसले ग्राहकले दसैंतिहारमा किस्तामा गाडी लिंदा ६ महिनाको इएमआई (किस्ता) को रकम आफैंले तिरी दिने योजना ल्याएको छ। कम्पनीद्वारा सञ्चालित एमआईपीएल फाइनान्सबाट किस्तामा गाडी किन्ने ग्राहकहरूका लागि स्कोडाले उक्त अफर प्रस्तुत गरेको हो।

रेनो गाडीको नेपालका लागि आधिकारिक वितरक एड्भान्स्ड अटोमोबाइलले दसैंतिहार लगायतका चाडपर्वको अवसरमा 'रेनो शुभलाभ' योजना सञ्चालनमा ल्याएको छ। यो योजना अन्तर्गत रेनोका ग्राहकका लागि नगद छुट, फ्रि इन्स्योरेन्स, १ वर्षको फ्रि रोड ट्याक्स, स्पट फाइनान्स सुविधा, तत्काल पुराना गाडी भ्यालुएसन तथा एक्सचेन्जको सुविधा उपलब्ध हुन्छ। यो स्किम रेनोको डस्टर, क्याप्चर तथा क्विडमा लागू गरिएको छ।

यसैगरी अहिले देशैभरका मल, सपिङ सेन्टर तथा प्रमुख बजारहरूमा सेल छुट तथा वाई वान गेट वानजस्ता अफर सार्वजनिक गरिएका छन् जसमा बुद्धि पुऱ्याएर खरिददारी गर्न सके उपभोक्ताहरूले राम्रै लाभ उठाउन सक्छन्।

> साल्ट ट्रेडिङले उपत्यकाभित्र ९ स्थानमा स्टल तथा तीनवटा घुम्ती पसल सञ्चालन गर्दैछ। उपत्यका बाहिरका आफ्ना २४ वटा डीपो एवं कार्यालयबाट पनि उसले सामान बिक्री गर्ने प्रबन्ध मिलाएको छ। खाद्य संस्थानले उपत्यकाका पाँच तथा देशभर छरिएको आफ्नो सञ्जालबाट खाद्य सामग्रीहरू बिक्री वितरण गरिरहेको छ। विगतका वर्षहरूमा खसी तथा च्यांग्रा बिक्री गर्दै आएको खाद्य संस्थानले यो वर्ष पनि त्यसलाई निरन्तरता दिएको छ।

# गरौं बिदाको सदुपयोग

दसैंदेखि तिहारसम्मको समय विद्यार्थीहरूका लागि सबैभन्दा लामो बिदाको समय हो । यो समय लामो बिदा मात्र नभएर चाडबाडसँगै मौसमको हिसाबले घुमघामको समय पनि हो भने लगातारको अध्ययनबाट छुट पाउने समयसमेत हो । त्यति मात्र नभएर लामो समय पछि घर, परिवार, छरछिमेक एवं आफन्तहरूसँग भेटघाटको समय पनि हो । यो समय नयाँ स्थानको भ्रमणका लागि पनि उपयुक्त मानिन्छ । यो समयमा रचनात्मक तथा सामाजिक काममा सक्रिय भएर जीवनका यी पलहरूलाई अविस्मरणीय बनाउन सकिन्छ । यो समयमा के-के गर्न सकिन्छ त ?



**समयको बाँडफाँड :** विद्यार्थीहरूले कति समय बिदा छ पत्ता लगाउनुपर्छ । त्यसका लागि के-के गर्न सकिन्छ भनेर तालिका बनाउनु उपयुक्त हुन्छ । सोही योजनाअनुसार आफ्ना क्रियाकलाप अघि बढाउनु राम्रो हुन्छ । जस्तो कि कुन मितिदेखि छुट्टी छ, बिदाको सदुपयोग कसरी गर्ने, घुमघामका लागि कहिले समय छुट्याउने, पारिवारिक जमघटमा कहिले रम्ने, साथीभाइहरूसँग कहिले, कसरी सेलिब्रेट गर्नेजस्ता कुराको योजना बनाउनुपर्छ ।

**घुमघाम :** लामो बिदा भएको हुँदा कुनै नयाँ स्थान घुमघाम गर्नु राम्रो हुन्छ । शैक्षिक संस्था दसैंदेखि तिहारसम्म नै बिदा हुने हुँदा घुमघामका लागि दसैं र तिहारबीचको समय उपयुक्त हुन्छ । दसैंमा पुराना साथीहरू पनि घर आउने हुँदा उनीहरूसँग मिलेर ट्रेकिङ जाने, कुनै पर्यटकीय स्थल पुग्ने योजना बनाउन सकिन्छ । यसरी घुम्न जाँदा कम्तीमा पनि तीन जनाको समूह बनाउनुपर्छ । घुम्न जानुअघि स्थान पक्का गर्ने, त्यहाँको आवास, खानपान, वातावरण आदिको जानकारी लिने र सोहीअनुसार तयारी गरेर निस्कने ।

**नयाँ पुस्तकको अध्ययन :** कलेज-विद्यालयमा कोर्सका कुरा पढ्दा-पढ्दा वाक्क लागेको हुन सक्छ । निश्चित समय कोर्षका विषयवस्तु अध्ययन गर्नु राम्रो हो तर बिदाको समयमा पनि कति कोर्सका किताब पढ्नु भन्ने पनि हुनसक्छ । त्यसका लागि कोर्ष बाहिरका इतिहास, कथा-कविता, जीवनी जस्ता पुस्तकको अध्ययन उपयुक्त हुन्छ । विशेष गरी बिहान बेलुकाको फुर्सदमा यस्ता पुस्तक पढ्दा बाहिरी ज्ञान हासिल गर्ने राम्रो अवसर प्राप्त हुनुका साथै पढ्ने बानीले समेत निरन्तरता पाउँछ । यसरी पढिने पुस्तक छान्न भने नियमित पुस्तक अध्ययन गर्ने तथा पत्रपत्रिकामा आएका समीक्षाहरूलाई आधार मान्ने ।

**सामाजसेवा :** अहिले गाउँघर युवाविहीन भएका छन् । दसैं-तिहारको समयमा भने युवाहरू पनि गाउँ फर्कन्छन् । यो समयमा साथीभाइहरूसँग मिलेर सामाजिक कामहरू गर्न सकिन्छ । जस्तै बिग्रिएको ठाउँमा बाटो बनाउने, चौताराहरू सफा गर्ने, सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्ने, खेल मैदान तयार गर्ने आदि । यसले एकातिर सामूहिकताको विकास गर्छ भने अर्कातर्फ साथीभाइ छरछिमेकहरूसँग भेटघाट गर्ने, गाउँका समस्या एवं त्यसको समाधानका विषयमा छलफल गर्ने बानीको विकास गर्छ । यस्ता काममा सहभागी हुँदा नेतृत्व विकासमा समेत सहयोग पुग्छ ।

**आफन्तहरूसँग भेटघाट :** यो समय बिदाको मात्र होइन, चाडपर्वको पनि हो । चाडपर्वको बहानामा आफन्तहरूसँगको भेटघाटको अवसर पनि हो । लामो समयदेखि भेटघाट नभएका आफन्त तथा साथीभाइहरूसँग भेट्ने मौका पनि हो । युवा वयमा कतिपय लाई यस्ता भेटघाट मन पर्दैनन्, तर सामाजिकीकरणका लागि यस्ता भेटघाट महत्वपूर्ण हुन्छन् । सानालाई माया गर्ने ठूलालाई आदर गर्ने हाम्रो संस्कारलाई बढावा दिने पनि यस्ता भेटघाट हुनु अनिवार्य छ । तपाइ घर परिवारभन्दा बाहिर बसेर अध्ययन गरिरहनुभएको छ र दसैंमा घर जाँदै हुनुहुन्छ भने त यस्तो भेटघाटको महत्व नै बेग्लै हुन्छ । अझ दसैंको टीका लगाउने बहानामा कुनै आफन्तकहाँ पहिलो पटक जाँदै हुनुहुन्छ भने तपाईंले विशेष महत्व पाउनुहुन्छ । तपाईं कहिल्यै नपुगेको ठाउँमा दिदी-बहिनीको विवाह भएको छ भने त तिहारमा त्यहाँ जान छुटाउनु हुँदैन ।



**साथीभाइहरूसँगको जमघट :** चाडबाड पुराना साथीभाइसँग भेटघाटको अवसर पनि हो । काम तथा अध्ययनका लागि देश-विदेश पुगेका धेरै साथीभाइ दसैं-तिहारको अवसर छोपी घर फर्किएका हुन्छन् । यो उनीहरूसँगको भेटघाटमा पुराना कुरा स्मरण गर्ने, आफूले देखे-भोगेका कुरा तथा अनुभवहरूलाई बाँड्ने मौका पनि हो । यो गाउँ-समाजका लागि साथीभाइ मिलेर कुनै रचनात्मक कामको योजना बनाउने अवसर पनि हो । यस्तै मौकामा भेला भएर पिङ लगाउने, मेला आयोजना गर्ने, नाचगानको कार्यक्रम राख्ने, सामाजिक कामका लागि देउसी-भैलो खेल्ने आदि काममा सक्रिय हुन सकिन्छ । फरक-फरक ठाउँमा बसेका साथीहरूको नियमित सम्पर्कका लागि कुनै फोरम तयार गर्नुपर्छ, जसले सधैंभरि एक-अर्काको सम्पर्कमा रहन सहज बनाउँछ ।

**रचनात्मक बन्ने अवसर :** नियमित गर्दै आएको कामभन्दा पनि यो फुर्सदमा नयाँ तथा रचनात्मक काम गर्न सकिन्छ । जस्तो साहित्यतर्फ झुकाव छ भने कथा, कविता, निबन्ध, प्रबन्ध, संस्मरण आदि लेख्न सकिन्छ । पुस्तक नै लेख्ने योजना भए वा खेस्रा तयार भए विज्ञहरूसँग छलफल गरी त्यसलाई पुस्तकको रूप दिनु उपयुक्त हुन्छ । संगीत पारखीहरूले यो लामो बिदाको उपयोग संगीत सिक्न गर्न सक्छन् । यतिबेला वाद्यवादन सिक्न वा वाद्यवादनसम्बन्धी पुस्तकहरू अध्ययन गर्न सकिन्छ । कलाकारितामा रुचि भएकाहरूले पनि सम्बन्धित पुस्तकहरू अध्ययन गर्न सक्छन् । कुनै खेलप्रति रुचि भए ती खेलको प्रशिक्षण लिन वा आफूसँग भएको ज्ञान-सीप दाजुभाइ, दिदीबहिनी, साथीभाइहरूबीच बाँड्न सकिन्छ । आफूसँग राम्रो ज्ञान भए त्यो ज्ञान अरूलाई सिकाए आफूसँग भएको ज्ञान थप मौलाउँछ ।

**भाइबहिनीहरूसँग समयको सदुपयोग :** यतिबेला साना भाइबहिनीहरूको पनि लामो बिदा हुन्छ । यो समयमा आफ्ना भाइबहिनी तथा छरछिमेकका भाइबहिनीहरूलाई भेला पारेर उनीहरूको पुस्तकका विषयवस्तु वा अन्य विषयवस्तु सिकाउन सकिन्छ । यसो गर्दा आफ्नो समय सदुपयोग हुनुका साथै भाइबहिनीहरूको पढ्ने बानीले समेत निरन्तरता पाउँछ । यस्तो समयमा उनीहरूलाई किताबी ज्ञानभन्दा पनि बाहिरी विषयमा छलफल गराउनु उपयुक्त हुन्छ ।

**घरपरिवारलाई सघाउने :** छोराछोरी लामो समयसम्म घरबाहिर बसेर फर्कंदा आमा-बुबा खुसी नहुने कुरै हुँदैन । अझ घर फर्किएका छोराछोरीले परिवारका काम सघाए भने उहाँहरूको मन कति खुसी होला ? चाडबाडमा घर सफा गर्ने, खानपान तयार गर्ने आदि दैनिक घरेलु काममा आमा-बुबालाई सघाउन सकिन्छ । घुमघामको योजना भए परिवारका सदस्यहरूलाई पनि सँगै लान सकिन्छ । आफू कतै घुम्न नजाने भए आफू घर बसेर अरूलाई घुमघामको अवसर प्रदान गर्न सकिन्छ ।

मलाई मनपर्छ

# मेरो किनमेल डेस्टिनेसन

### सिभिल मल

म किनमेलका लागि धेरै पटक सिभिल मल पुगिरहेकी हुन्छु । त्यहाँ म विशेष गरी कपडा किन्छु । सिभिल मलमा अन्य ठाउँको तुलनामा बढी फेसनेबल पहिरन पाइन्छ । यसका साथै तुलनात्मक रूपमा सस्तो पनि हुने हुँदा पहिरन किनमेलका लागि म धेरैजसो सिभिल मल नै रोज्छु ।

### दरबारमार्ग एरिया

म दरबारमार्ग पनि पुगिरहेकी हुन्छु, जहाँको बेन्ट्लीमा विशेष गरी ब्याग किन्छु । अरू ठाउँभन्दा अलि महँगो परे पनि त्यहाँ ब्रान्डेड सामान पाइने विश्वास छ । बेन्टलीमा मैले ३ वटा ब्याग किनिसकेकी छु ।

### सिटीसेन्टर

सिटीसेन्टरमा म विशेष गरी वान पिस, हाफ पाइन्ट तथा जुत्ता किन्न पुग्छु । मेकअपका सामान पनि धेरैजसो सिटी सेन्टरमै किनिरहेकी हुन्छु ।

### भाटभटेनी

किचनका सामान किन्नु पर्दा भाटभटेनी मेरो रोजाइमा हुन्छ । एकैठाउँमा सबै सामान पाइने र अन्य किराना पसलको तुलनामा सस्तो पर्ने भएकाले पनि भाटभटेनी मेरो प्राथमिकतामा पर्छ । यस्तै घर सजावटका सामान किन्न पनि म भाटभटेनी पुग्छु । यसपालीको दसैंका लागि घर सजाउने सामान किन्न म भाटभटेनी नै जाने तयारीमा छु ।

### बिग मार्ट

केही सामान आवश्यक परिहाल्यो भने मेरो गन्तव्य बिग मार्ट हुन्छ, जहाँ म विशेष गरी टुथ ब्रस, टुथ पेस्ट, चकलेट, आइसक्रिम आदि खरिद गर्छु ।

● निता ढुङ्गाना, अभिनेत्री



तस्बिर : अनलाइनखबर डटकम

## फिल्म डायरी

### दार्जीलिङमा लभ स्टेसन

प्रदीप खड्का तथा जसिता गुरुङको मुख्य भूमिका रहने चलचित्र लभ स्टेसनको छायांकन दार्जीलिङमा भैरहेको छ । उज्ज्वल घिमिरेद्वारा निर्देशित यो चलचित्रमा गोविन्द शाहीले लगानी गरेका छन् । आलोक शुक्लाको छायांकन एवं शम्भुजित बाँस्कोटा, दीपक शर्मा, राजनराज शिवाकोटी तथा एलिश कार्कीको संगीत रहने चलचित्र लभस्टेसनको इन्डक्ल्याप ५० दिनमा गरिने निर्माण पक्षले जनाएको छ ।

### ड्रिम गर्लको ट्रेलर

ऋषिराज आचार्यद्वारा निर्देशित चलचित्र ड्रिम गर्लको ट्रेलर सार्वजनिक भएको छ । मंसिर ७ गते प्रदर्शनमा आउने यो चलचित्रको ट्रेलरमा मुख्य कलाकार आकाश श्रेष्ठ र आश्मा गिरीको प्रेम तथा रोदन देखाइएको छ ।

### सत्याको छायांकन

चलचित्र सत्याको मुहूर्तसँगै छायांकन आरम्भ भएको छ । निर्देशक मिलन आलेका अनुसार यो चलचित्रले समसामयिक कथा प्रस्तुत गर्नेछ । चलचित्रमा राज कालाखेती, प्रिया शर्मा, करण सिंह बोहोरा, वर्ष थिङ्ग, समिर श्रेष्ठ, सुमन खत्री, तेजा ऐर, विकास थापा आदिले अभिनय गर्दैछन् ।

### गुनगुनको पोस्टर

कात्तिक ३० गते प्रदर्शनमा आउने चलचित्र गुनगुनको अफिसियल पोस्टर सार्वजनिक भएको छ । पुराना कलाकार पुकार भट्टराई यही चलचित्रमार्फत् निर्देशनमा डेब्यु गर्दैछन् । चलचित्र गुनगुनमा सञ्चिता लुइँटेल, रविन्द्र प्रताप सेन, सुवास मेचे, नविन श्रेष्ठ, गणेश जिसी, देशभक्त खनाल, अनु भण्डारी आदिले अभिनय गरेका छन् ।



कथा काठमाडौं : चलचित्र कथा काठमाडौंको विशेष प्रदर्शनमा सहभागी हुँदै गायक युवराज चौलागाईं, अभिनेता सन्दीप क्षेत्री, निर्देशक संगीता श्रेष्ठ, अभिनेत्री प्रियंका कार्की तथा अभिनेता आयुष्मान देशराज जोशी ।

### स्कुल-कलेजमा जय भोले

असोज ३० गते प्रदर्शनमा आउने चलचित्र जय भोले टिमले स्कुल-कलेज केन्द्रित प्रमोसन थालेको छ, जस अन्तर्गत चलचित्रका कलाकारहरूले विद्यार्थीहरूसँग साक्षात्कार गरेका छन् । यो अभियानमा चलचित्रका मुख्य कलाकार खगेन्द्र लामिछाने, सौगात मल्ल, सलोन बस्नेत, अभिनेत्री स्वस्तिमा खड्का, निर्माता-निर्देशक अशोक शर्मा आदिको टिम संलग्न छ ।

### खनालले खोले एक्टिङ स्कुल

पुराना अभिनेता सरोज खनालले अभिनय कोर्स सिकाउने स्कुल सञ्चालनमा ल्याएका छन् । मंसिर १ गतेदेखि औपचारिक रुपमा क्लास सुरु हुने उक्त स्कुलमा ५० लाख रुपैयाँ लगानी गरिएको छ भने नाम माला आर्ट्स एकेडेमी राखिएको छ । उक्त एकेडेमीमा सरोजसँगै चन्द्रमाला शर्मा, विरेन्द्र हमाल तथा सूर्यमाला खनालको सहकार्य छ । भर्ना खुल्ला भैसकेको उक्त एकेडेमीमा कलाकार बन्न आवश्यक कोर्सको प्रशिक्षण प्रदान गरिने अभिनेता खनालले जानकारी दिए । तीनमहिने उक्त कोर्सका लागि प्रति महिना २० हजार शुल्क तिर्नुपर्नेछ ।

### बकम्फुसे राजाको टिम

चलचित्र बकम्फुसे राजाका सम्पूर्ण कलाकार फाइनल भएका छन् । अभिनेत्री वर्षा शिवाकोटीले यो चलचित्रबाट हात झिकेपछि उनको ठाउँमा निता ढुंगानालाई लिइएको छ । यो चलचित्रमा अव दयाहाङ राई, वर्षा राउत, निता ढुंगाना, बिल्सन बिक्रम राई आदिले अभिनय गर्नेछन् । प्रकाश सुवेदीको निर्देशन रहने चलचित्र बकम्फुसे राजा आगामी फागुनमा फ्लोरमा जानेछ ।

### मालिकाको ट्रेलर

रेखा फिल्म्सको ब्यानरमा निर्मित चलचित्र मालिकाको अफिसियल ट्रेलर सार्वजनिक भएको छ । यो चलचित्रले नारी सशक्तिकरणको आवाज उठाउने रेखाले बताएकी छिन् । रामशरण उप्रेतीले छायांकन गरेको यो चलचित्र कात्तिक १६ गते प्रदर्शनमा आउँदैछ ।

### रहेनन् निर्देशक विरही

चलचित्र निर्माता, लेखक, गीतकार तथा निर्देशक गगन विरहीको निधन भएको छ । आइतबार दिउँसो चार बजे नर्भिक अस्पतालमा उनको निधन भएको हो । लामो समयदेखि कलेजोको समस्याबाट पीडित विरहीलाई अचानक रुघाखोकी र ज्वरोले च्यापेपछि गत शनिबार नर्भिक अस्पतालको अति सघन कक्षमा भर्ना गरिएको थियो । अस्पतालले उनको निधनको कारण निमोनियाँ तथा मृगौलामा देखिएको असर बताएको छ ।

## म्युजिक अपडेट



### शम्भुजितको स्वर्णीय यात्रा

नेपाली संगीतमा चार दशक बिताएका संगीतकार तथा गायक शम्भुजित बाँसकोटाले गत शनिबार २२ जना वाद्यवादकसहित काठमाडौंको टुँडिखेलमा आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरे । शम्भुजित स्वर्णिम सांगीतिक यात्रा शीर्षकको उक्त कार्यक्रममा करिब दुई दर्जन गायक-गायिकाले बासकोटाद्वारा संगीतबद्ध गीतहरू प्रस्तुत गरेका थिए । केही गायिकाहरू युगल गायनका लागि बासकोटासँगै उभिए । कार्यक्रममा निशा प्रेमध्वज प्रधान, आनन्द कार्की, निशा देशार, उमेश पाण्डे, कोमल वली, देविका बन्दना, यम बराल, अमर तण्डुकार, मनोजराज, बानिका प्रधान, सुरेश लामा, विश्व नेपाली, युवराज चौलागाईं, सुरजकुमार थापा, सञ्जय तुमरुक, टीका प्रसाईं आदि गायक-गायिकाले शम्भुजितका गीतहरू प्रस्तुत गरेर सबै लाई मनोरञ्जन गराए । आइतबार सोल्टी होटलमा आयोजित यही कार्यक्रममा भने भारतीय गायिकाहरू अनुराधा पौडवाल तथा सञ्जिवनीका साथमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, योगेश वैद्य, राजेशपायल राई, दीपक खरेल आदि प्रस्तुत भए ।

### विजयको संग्रह सार्वजनिक

गीतकार विजय शिवाकोटीले रचना गरेका आधुनिक गीतहरूको चौथो एकल एल्बम 'संग्रह' काठमाडौंमा लोकार्पण गरिएको छ । एल्बमका गीतमा गायक दीप श्रेष्ठको एकल स्वर सुन्न सकिन्छ, जसमा दीपक जंगम, दीप श्रेष्ठ, प्रकाश गुरुङ, राजु सिंह तथा निर्वाण योञ्जनको संगीत समावेश छ । विमोचन समारोहमा एल्बमको एउटा गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो भने प्रेमध्वज प्रधान, डा.तारानाथ शर्मा, किरण खरेल, दीप श्रेष्ठ, दीपक जंगम, दीपक खरेल, प्रकाश गुरुङ आदि व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

### ढुकढुकीको विमोचन

गीतकार नारायण खतिवडाले रचना गरेका आधुनिक गीतहरूको एल्बम 'ढुकढुकी' बाल दिवसको अवसर पारेर सीतापाइलास्थित एक बाल आश्रममा विमोचन गरिएको छ । एल्बमका गीतमा शिलाबहादुर मोक्तान, धनबहादुर खड्का, महेश खड्का, आलोकश्री, ईश्वर अमात्य तथा दीपक शर्माको संगीत निर्देशनमा कुन्ती मोक्तान, मेलिना राई, शुभराज, दिपानारायण झा, मदनसिंह नेपाली तथा सहिमा श्रेष्ठको स्वर सुन्न सकिन्छ ।

### कन्दरालाई वान्समोर



पोखरेली ब्यान्ड कन्दराले १९ वर्षपछि धरानमा आफ्नो धमाकेदार प्रस्तुति दिएको छ । आफ्नो पुरानो छविलाई अहिलेसम्म जोगाएर राखेको यो ब्यान्डले गत सोमबार धरानको पब्लिक स्कुलको मैदानमा आयोजित कन्सर्टमा आफ्नो उक्त साखमा थप मलजल गऱ्यो । कन्दरा ब्यान्डको १२ वर्षपछिको कम्ब्याक कन्सर्टलाई धरानेहरूको अपार साथले ऐतिहासिक बनायो । स्थानीय आर एस यू ब्यान्डले आफ्ना गीतहरू प्रस्तुत गरेपछि साँझ ८ बजेतिर स्टेजमा आफ्ना ब्यान्ड मेम्बरसहित देखा परेका कन्दराका भोकलिस्ट बिबेक श्रेष्ठले १९ वर्षअघि बिहानै धरानको गणेश टाकिजमा दिएको आफ्नो पहिलो कन्सर्टको सम्झना गरे । लोक पप शैलीका मेलोडी गीत गाउने ब्यान्डका रुपमा सुपरिचित कन्दराले उक्त कन्सर्टमा डेढ दर्जनजति गीत प्रस्तुत गरेको थियो । मीठा-मीठा कुरासँगै विभिन्न सांगीतिक प्रसंग जोड्दै २ घण्टा लगातार आफ्नो धमाकेदार प्रस्तुति दिएका श्रेष्ठ आफ्ना प्रत्येक गीतमा बूढाबूढीदेखि तन्नेरी पुस्तासम्मलाई मोहित तुल्याउन सफल देखिन्थे । विवेकले लोकगायक खेमराज गुरुङलाई सम्झँदै वारि जमुना पारी जमुना.. र अर्को चर्चित लोक गायक राम थापाप्रति समर्पित गर्दै लेकाली हो हो चोयाको डोको.. पनि गएका थिए । लगातार वान्स मोरको बर्षा भएपछि कार्यक्रम सकिएको घोषणा गरिए पनि कन्दराले दुईवटा गीत पुन: नगाई धर पाएन ।

### अञ्जु पन्तको माया

गायिका अञ्जु पन्त एउटा नयाँ युगल गीत 'माया त यस्तो...' को म्युजिक भिडियोमार्फत दर्शकमाझ आएकी छिन् । गायक बिन्ति कुमार गुरुङसँगको उक्त युगल गीतलाई मनोज साङ्सन राईले संगीतबद्ध गरेका हुन् । शान थापाद्वारा निर्देशित उक्त गीतको भिडियोमा भने अनुराग र आशाले अभिनय गरेका छन् ।

### टीकाको नयाँ

गायिका टीका पुनको स्वरको ए है काली...शीर्षक गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ, जसमा गायिका पुनसँगै गायकद्वय राजकुमार हुमागाई तथा सूर्यमणि आचार्यको स्वर सुन्न सकिन्छ ।

### अन्तरा सार्वजनिक

महिला संवेदनालाई आधार बनाउँदै हेमन्त ओलीले रचना गरेका गीतहरूको एल्बम 'अन्तरा' काठमाडौंमा लोकार्पण भएको छ । जुगल डंगोलद्वारा संगीतबद्ध उक्त एल्बमका पाँचवटा गीतमा गायिका निशा देसारको कर्णप्रिय स्वर सुन्न सकिन्छ । समारोहमा गायिका देसारले एल्बमका सबै गीत प्रत्यक्ष गाएर सुनाएकी थिइन् ।

### ढुंगाको मान्छे

गायक सुजन केसीको स्वरको ढुंगाको मान्छे शीर्षकको गीतको म्युजिक भिडियो यसै साता प्रिमियर गरिएको छ । सरोज रावलको निर्देशनमा तयार भएको उक्त भिडियोमा लोमश शर्मा तथा काव्या न्यौपानेले अभिनय गरेका छन् ।

# कोही विदेश त कोही घरभित्रै

रामजी ज्ञवाली

दसैंको रौनकले नेपाली कलाकारहरूलाई राम्रैसँग छोएको छ। कलाकारहरूका आ-आफ्नै किसिमका दसैं योजना छन्। कतिपय यो दसैंमा समेत काममा व्यस्त छन् भने कतिपय साथीभाइहरूसँग घुमघाम गर्नुका साथै घरपरिवार तथा आफन्तसँग भेटघाट गर्ने तथा कतिपयले लामो यात्रामा निस्कने योजना बनाएका छन्।

अभिनेता राजेश हमाल यसपटकको दसैं काठमाडौंमै परिवारका साथ मनाउने योजनामा छन्। उनले श्रीमती, भाइ, दिदी तथा अन्य आफन्तहरूका साथ यस पटकको दसैं मनाउनेछन्। दसैंको केही दिनपछि हमाल विदेशतर्फ लाग्ने छन्। दसैंको समयमा पनि केही कार्यक्रमबाट निमन्त्रणा आएको थियो, हमालले भने, 'यस पटकको दसैं परिवारकै साथमा मनाउने मुडमा छु।' हिन्दूहरूको महान् पर्व दसैं आफैंमा विशेष महत्व बोकेको चाड हो, उनले भने, 'कम्तीमा यो समय परिवारलाई दिन सकियो भने एक हिसाबको छुट्टै रमाइलो हुन्छ।'

अभिनेता सुनिल थापा यस पटकको दसैंमा टीका नलगाए पनि रमाइलो गर्ने योजनामा छन्। थापा काठमाडौंमै भएका आफन्त तथा साथीभाइहरूसँग भेटघाट तथा खानपिन गरेर समय बिताउने सोचमा छन्। टीका नलगाए पनि यस पटकको दसैं मेरा लागि विशेष हुनेछ, थापाले भने- टाढा-टाढाबाट आउने आफन्त तथा लामो समयदेखि भेट्न चाहेर पनि भेट नभएका साथीभाइहरू भेटिनेछन्, गफगाफ हुनेछ।

अभिनेता भुवन केसीले दसैंमा विशेष योजना नबनाए पनि टीका लाउने र लगाइदिने नियमित कर्म भने पूरा गर्ने छन्। भुवन खानपानमा खासै सौखिन नभए पनि सपिङका भने सौखिन हुन्। कुनै ठूलो र विशेष योजना नभए पनि दसैंमा आफन्तहरूसँग टीका ग्रहण गरी आशीर्वाद लिने सोच छ, केसीले भने, 'दसैंको केही दिनअघि सपिङ समेत गर्नेछु।'

अभिनेता सरोज खनालले यस पटकको दसैं अमेरिकामा मनाउनेछन्। उनी दसैं मान्न यसै साता अमेरिकातर्फ लागेका छन्। यो अवसरमा उनी अमेरिकामा हुने कलिउड नाइट कन्सर्टमा समेत सहभागी हुनेछन्।अघिल्लो डिसेम्बरमा अमेरिका पुगेको थिएँ, उनले भने, 'यस पटक साथीभाइहरूसँग भेटघाटका साथ अमेरिकामा बसोबास गर्ने मेरा २ छोरा तथा श्रीमतीसँगै दसैं मनाउने योजना छ।'

अभिनेता प्रदीप खड्का दसैंमा पनि चलचित्र लभ स्टेसनको छायांकनमा व्यस्त हुनेछन्। झन्डै ५० दिनभित्र यो चलचित्रको छायांकन सक्ने गरी यतिबेला प्रदीपसहित लभस्टेसनको युनिट भारतको सिक्किममा छ। सम्भवतः चलचित्रको छायांकनमै व्यस्त हुन्छु, प्रदीपले भने- यदि दसैंका लागि केही दिन छायांकन रोकियो भने काठमाडौं आएर दसैं मनाउने सोच छ, यद्यपि बिदा हुने सम्भावना शून्य प्रायः छ। प्रदीपले समय मिलेको खण्डमा साथीभाइहरूसँग भेटघाट गर्ने योजना रहेको बताए।

अभिनेता अनमोल केसी यसपटक बुबा र अमेरिकाबाट आउन लागेका दाइ विवेक तथा दिदी काजलका साथ रमाइलो गर्दै दसैं मनाउने योजनामा छन्। अनमोललाई दसैंमा खानपानभन्दा पनि आफन्तहरूसँगको गफगाफ तथा भेटघाट विशेष लाग्छ। अनमोल यो समयमा ए मेरो हजुर-३ मा समेत व्यस्त रहनेछन्। केही दिन खाली भए पनि कामले खासै फुर्सद हुँदैन, उनले भने, 'केही दिनको फुर्सदिलो समय पूर्ण रूपमा परिवारका साथमा बिताउनेछु।'

अभिनेत्री करिश्मा मानन्धरलाई दसैं सबैभन्दा मन पर्ने पर्व हो। विगतको तुलनामा खासै फरक नभए पनि यसपटकको दसैंलाई छुट्टै किसिमले मनाउने मानन्धरको योजना छ। खासै ठूलो तयारी नभए पनि दसैं सम्झनलायक हिसाबले मनाउनेछु, करिश्माले भनिन्, 'स्कुले जीवन बिताइरहेकी छु, यसपटक स्कुल बिदा पनि छ। दसैंमा छोरी कविता समेत सँगै हुने भएकाले म निकै खुसी छु।' श्रीमान् विनोद मानन्धर यसपटकको दसैंमा टीका लगाउन बेलायत जाँदै हुनुहुन्छ, मानन्धरले भनिन्, 'नेपालमा आफन्तहरूको टीका ग्रहण गर्ने र काठमाडौंकै वरिपरि कतै घुम्न जाने सोच छ।'

अभिनेता सविन श्रेष्ठ दसैंको दिनबाहेक अरू समय चलचित्रको काममै व्यस्त रहनेछन्। श्रेष्ठ यो दसैंका बेला चलचित्र इन्काउन्टरको छायांकनमा सक्रिय छन्। यो चलचित्रको सुटिङ डेढ महिनाजति हुने सम्भावना छ, सविनले भने- त्यसपछि तुरुन्तै चलचित्र अंकुसको छायांकनमा व्यस्त हुनेछु। दसैंको आसपासका दिन एउटा नयाँ चलचित्रको स्क्रिप्ट पढ्ने सोच बनाएका श्रेष्ठले स्वस्थ खानपान र साथीभाइ तथा आफन्तहरूसँग भेटघाट गरि दसैं मनाउने बताए। दसैंका बेला उनी एउटा राम्रो मोटरसाइकल किन्ने सोचमा समेत छन्। काठमाण्डौंको जामले हैरान भएकाले गाडी चलाउन गाह्रो भएको बताउने श्रेष्ठले आफ्नै सहजताका लागि मोटरसाइकल किन्न लागेको तर्क गरे।

अभिनेता आकाश श्रेष्ठ यस पटकको दसैं दाङमा मनाउँदैछन्। उनी दाङमा भएका आफन्त तथा स्कुल-कलेजका साथीभाइहरूसँग भेटघाट गर्ने योजनामा छन्। दसैंमा विगतकै जस्तो तास खेल्ने र मीठा परिकारहरू खाने उनको योजना छ। वर्षको कुनै समय फुर्सद पाइन्छ भने त्यो दसैं नै हो, श्रेष्ठले भने- यो दसैंको बिदा परिवार तथा आफन्तहरूसँग बिताउने सोच छ।

अभिनेत्री पुजा शर्मा यसपटकको दसैंमा परिवार तथा आफन्तहरूको आशीर्वाद लिएर मनाउने सोचमा छिन्। काठमाडौं र बाहिर रहेका आफन्तहरू घर आउने भएकाले पुजा फुरुङ्ग छिन। दसैंमा आशीर्वाद लिनुका साथै आफन्तहरूसँगको भेटघाटको छुट्टै महत्व छ। त्यसैले उनलाई यो चाड विशेष लाग्छ।

अभिनेत्री जसिता गुरुङले यसपटकको दसैं सिक्किममा मनाउनेछिन्। लामो समयदेखि लन्डनमा बस्दै आएकी जसिता चलचित्र लभ स्टेसनका लागि नेपाल आएकी थिइन्। उनी अहिले यो चलचित्रको छायांकनका लागि सिक्किममा छिन्।

अभिनेता यशकुमार यसपटकको दसैंमा विदेश भ्रमणमा हुनेछन्। सकेसम्म नेपालमै आफन्तहरूसँग टीका लगाउने सोच थियो, तर बाध्यताले विदेश भ्रमणमा निस्कन लागेको उनले बताए। दसैंको दिन जुन ठाउँमा नेपाली दाजुभाइहरू भेटिनुहुनेछ, सोही ठाउँमा बसेर टीका लगाउने उनको सुर छ। दसैंमा ठ्याक्कै कुन देशमा पुगिन्छ पक्का छैन तर टीका भने लगाउनेछु।' यशकुमारले भने।

अभिनेत्री वर्षा शिवाकोटी यसपटक काठमाडौंको सीतापाइलास्थित आफ्नै घरमा दसैं मनाउँदैछिन्। बुबा, हजुरआमा तथा जन्मदिने बा-आमासहित परिवारकासदस्यहरूका साथमा दसैं मनाउने योजना बनाएकी वर्षाले यसपटक आफन्तहरूसँग पनि भेटघाट गर्नेछिन्। हजुरबुबा-हजुरआमा भएका हिसाबले पनि सम्पूर्ण आफन्त मूल घरमा आउने भएकाले यस पटकको दसैं निकै रमाइलो हुने वर्षाले बताइन्।

अभिनेत्री आँचल शर्मालाई सबैभन्दा मन पर्ने चाड नै दसैं हो। यो दसैं उनका लागि विशेष हुनुको कारण सबैसँग भेट्न पाउनु र आशीर्वाद ग्रहण गर्नु हो। सबैसँग बसेर एकै ठाउँमा खाना खाने, गफगाफ गर्ने समय अरू बेला पाइँदैन, आँचलले भनिन्, 'सबैसँग खुसी सेलिब्रेसन गर्नुका साथै मान्यजनबाट टीका ग्रहण गरी आशीर्वाद लिन पाइने भएकाले नै मेरा लागि दसैं महत्वपूर्ण छ।' उनले साथीभाइहरूसँग बसेर तास खेल्ने तथा लामो समयदेखि भेट हुन नसकेका स्कुले साथीहरूसँग भेटघाट गर्ने योजना समेत बनाएकी छिन्।





# निर्देशकको चित्त दुखेपछि

चलचित्रको छायांकन सम्पन्न भए पछि प्रायः निर्माता-निर्देशकबीच सम्बन्ध चिसिएका उदाहरण धेरै छन् । चलचित्र इन्टु मिन्टु लन्डनमाकी निर्देशक रेनसा वान्तवा राई तथा सोही चलचित्रकी अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी शाहबीच पानी बाराबार हुने गरी सम्बन्ध बिग्रिएको बताइन्छ । चलचित्र प्रदर्शन पूर्व आयोजित केही कार्यक्रममा सहभागिता नजाएकी साम्राज्ञी उक्त चलचित्र प्रदर्शन हुने अघिल्लो साता नै एउटा एवार्ड समारोहमा भाग लिन जापान उड्िन, त्यसले निर्माण पक्षलाई चोट पुऱ्यायो । चलचित्रको सफल प्रदर्शनपछि आयोजित सक्सेस पार्टीमा समेत विरामी भएको बताउँदै साम्राज्ञी अनुपस्थित भइन् । चलचित्रमा धीरज मगर र साम्राज्ञीको जोडी मन पराइएको प्रतिक्रिया आइरहे पनि सोही ब्यानरले निर्माण गर्ने नयाँ चलचित्र आइ एम ट्वान्टी वानमा भने साम्राज्ञी नहुने निश्चित भैसकेको छ । 'साम्राज्ञी अहिलेकी सबैभन्दा डिमान्डेड अभिनेत्री हुन्, उनलाई लिन निर्माताहरू दौडधूप गरिरहन्छन्, रेनशाले उक्त समारोहमा राखिएको एउटा जिज्ञासामा भनेकी थिइन्-'हामीलाई समय दिन नभ्याएकी होलिन्, हामी उनको सुन्दर भविष्यको कामना गर्छौं । यद्यपि हामीले सक्सेस पार्टीमा उनलाई धेरै नै मिस गऱ्यौं ।'



# दीपाको यस्तो रहस्य

तपाईंको उमेर कति भयो ? सञ्चारकर्मीले अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलासमक्ष जिज्ञासा राखे । दीपाले जवाफ दिनुअघि संगै रहेका दीपकराज गिरीलाई मजाले हेरिन् । कति भनौं भन्ने उनको कौतूहलताबीच दीपकराजले नै भने- 'यस्तै २५-२६ भयौ हैन ?' त्यसपछि दीपाले दीपकराजकै स्वरमा स्वर मिलाउँदै भनिन्- 'अँ..त्यस्तै ।' दीपाश्रीको उमेर जति नै भए पनि उनी दिन-प्रति दिन सुन्दर तथा स्लिम भैरहेको कुरा कसैबाट लुकेको छैन । अर्का सञ्चारकर्मीले पुनः जिज्ञासा राखे- तपाईंको यो सुन्दरताको रहस्यचाहिँ के हो नि ? अभिनेत्रीबाट निर्देशकका रूपमा समेत सफलता पाइसकेकी दीपाश्रीले छोटो-मीठो उत्तर दिइन्- 'दीपाश्रीको सुन्दरताको राज दीपकराज ।' दीपाश्रीको जवाफले वातावरणमा हाँसो गुञ्जियो । दीपाश्रीले पुनः थपिन्- 'दीपकजीले मलाई राम्रा-राम्रा स्क्रिप्ट दिनुहुन्छ । म ती स्क्रिप्टमा आधारित भएर चलचित्र बनाउँछु । त्यो चलचित्र दर्शकले मन पराउनु हुन्छ । यी सबै कुराले मलाई खुसी दिन्छ । खुसी भएपछि मानिस त्यसै सुन्दर देखिन्छ अनि भएन त सुन्दरताको राज दीपकराज ।'



मेरो घुमघाम

# विल्सनविक्रमलाई मन पर्ने ५ गन्तव्य

तक्मे बूढाको उपनामबाट लोकप्रिय अभिनेता विल्सनविक्रम राई सानो पर्दा हुँदै ठूलो पर्दासम्म सक्रिय छन् । केही साताअघि उनले अभिनेताका रूपमा अभिनय गरेको चलचित्र 'साली कसको भेनाको' प्रदर्शनमा आएको थियो भने यो दसैंमा उनले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको चलचित्र छक्का पञ्जा-३ प्रदर्शन हुँदैछ । यसका साथै चौका दाउ, क्याप्टेन तथा ड्रिम गर्ल उनका आगामी चलचित्र हुन् । नेपाली भाषी भुटानी समुदायको निमन्त्रणामा यतिबेला अमेरिका पुगेका राईले आफूलाई मनपर्ने गन्तव्यका बारेमा यसरी बेली बिस्तार लगाएका छन् :

**पाथीभरा**

ताप्लेजुङको पाथीभरा पुगेपछि मनमा शान्ति छाउँछ । पाथीभरासम्मको यात्रा आफैंमा रोमाञ्चक त छँदैछ, उक्त रमणीय स्थलमा जतिपटक पुगे पनि कञ्चनजंघाको सुन्दरता तथा वरपरको वातावरणले दोहोऱ्याएर जाऊँ-जाऊँ लागिरहन्छ ।

**कन्याम**

इलामको सबैभन्दा सुन्दर ठाउँ हो– कन्याम । आहा...त्यहाँको हरियो चियाबगान । तल झापामा जति नै गर्मी भए पनि कन्याम उक्लिएपछि चल्ने चिसो बतासले मलाई मात्र होइन, जो-कोहीलाई स्वर्ग नै पुगेको आभास गराउँछ ।

**धम्पुस**

हुन त पोखरा पनि मेरो रोजाइको गन्तव्य हो, यद्यपि पोखराबाट अलि पर पर्ने धम्पुसको सुन्दरता शब्दमा वर्णन गर्न गाह्रो छ । केही घण्टाको हाइकिङपछि पुगिने धम्पुस प्राकृतिक रूपमा सुन्दर त छ नै, त्यहीँ माछापुच्छ्रे हिमाललाई नजिकबाट नियाल्ने अवसर समेत पाइन्छ ।

**हङकङ**

नेपालबाहिर मलाई मन पर्ने गन्तव्य हो- हङकङ । हङकङको हावापानी मात्र होइन, मानिसहरू पनि असल लाग्छन् । अझ त्यहाँका चिम्से-चिम्से आँखा भएका मानिसहरू त मलाई आफ्नै काका, मामाजस्ता लाग्छन् । अर्कोकुरा, धरानमा जत्तिकै सुँगुरको मासु पाइने भएर होला, मलाई हङकङ साह्रै मनपर्छ ।

**तस्मानिया**

अस्ट्रेलियाको तस्मानिया एउटा सानो टापु हो, जसलाई मिनी स्वीजरल्यान्ड समेत भनिन्छ, त्यहाँ म २०१३, ०१४ र ०१५ गरी तीन-चार पटक पुगेको छु । त्यहाँ प्रशस्तै नेपाली भाषी भुटानी दाजुभाइ हुनुहुन्छ । मैले अस्ति भरखरै कतै पढेको, त्यहाँ अंग्रेजीपछि सबैभन्दा बढी बोलिने भाषा भनेकै नेपाली हो । मलाई पुनः एक पटक त्यो ठाउँ पुग्न मन छ ।

प्रस्तुति : कृष्ण भट्टराई



# ठेगान नभएका अनमोल

अनमोल केसीले सधैं भन्दै आएका छन्– वर्षमा एउटा चलचित्रमा मात्र काम गर्छु । एउटा चलचित्र प्रदर्शन नभै अर्कोमा देखिन्न । थोरै तर स्तरीय चलचित्रमा काम गर्ने दाबी गर्दै आएका सुपर स्टार अनमोलले आफ्नै बोली काटेका छन् । दुई वर्ष खर्चिएर तयार पारिएको चलचित्र कृ असफल भएपछि उनले धमाधम चलचत्रि साइन गरेका छन् । आफ्नै होम प्रोडक्सनको चलचित्र क्याप्टेन प्रदर्शनको तयारीमा छ भने उनले मिलन चाम्सको ब्याचलर वन्टी तथा झरना थापाको ए मेरो हजुर-३ पनि साइन गरिसकेका छन् । झरना थापाको चलचित्र ए मेरो हजुर-३ शुभमुहूर्त सम्पन्न भै छायांकनमा जाँदैछ । यता मिलन चाम्सले यही वर्ष प्रदर्शन गर्ने गरी छायांकनमा समय नदिए अनमोलको ठाउँमा अर्का अभिनेतालाई लिन चाहेको स्रोतको दाबी छ । कतिसम्म भने अनमोललाई पटक-पटक सन्देश पठाइएको छ कि समय दिए ठीक छ, अन्यथा एड्भान्स रकम फिर्ता गर्नु । यदि ब्याचलर वन्टी यही वर्ष प्रदर्शनमा आयो भने अनमोलका तीन चलचित्र एकै वर्षमा प्रदर्शन हुनेछन् । यो उनको प्रतिबद्धताभन्दा बाहिरको कुरा हो । यदि यी तिन चलचित्र प्रदर्शन भए भने अनमोललाई आफ्नै बोलीको ठेगान नभएका अभिनेता भन्दा के फरक पर्ला र ?



# डर पनि कस्तो

राम्रो साइतमा चलचित्र प्रदर्शन गर्न चाहनु हरेक निर्माता-निर्देशकको पहिलो लक्ष्य हो । त्यसैले तीज, दसैं, तिहार, होली जस्ता ठूला चाडपर्वमा नेपाली चलचित्र जुध्नु सामान्य भैसकेको छ । अझ विशेष पर्वमा त ठूला बजेटका हिन्दी चलचित्र समेत थपिएपछि नेपाली निर्माताहरूलाई थप तनाव हुन्छ । यतिबेला रेखा थापालाई त्यस्तै तनाव छ । उनले आफ्नो चलचित्र मालिकालाई कात्तिक २१ गते अर्थात तिहारको लक्ष्मीपूजाको दिन प्रदर्शन गर्ने घोषणा गरेकी थिइन् । त्यहि दिन भुवन केसीले क्याप्टेन पनि प्रदर्शन गर्ने बताइरहेका थिए । अहिले आएर बलिउड अभिनेता आमिर खानको नयाँ चलचित्र 'ठग्स अफ हिन्दुस्तान' पनि तिहारकै मौका पारेर त्यहि मितिमा प्रदर्शन हुने भनेपछि नेपाली निर्माताहरू तनावमा छन् । आमिरको चलचित्र आउने निश्चित भएको केही क्षणमै रेखाले आफ्नो चलचित्रलाई छ दिनअघि अर्थात् कात्तिक १६ मा प्रदर्शन गर्ने घोषणा गरिन् । उक्त मितिमा माधव वाग्ले र दीपेन्द्र के खनालको 'चंगा चेट' प्रदर्शन हुने निश्चित छ । आमिरको डरले अगाडि आउन लागेकी रेखाले अब प्रियंका कार्कीसँग जुध्नुपर्नेछ । यसअघि रेखा र प्रियंकाका कुनै पनि चलचित्र जुधेका थिएनन् । तिहारको पूर्वसन्ध्यामा हुन लागेको उनीहरूको यो पहिलो भेटको परिणाम कस्तो आउने हो, प्रतीक्षाकै विषय भएको छ ।



## माई फेभरेट

### वर्षा शिवाकोटी

**अभिनेत्री**

- टुथ पेस्ट – सेन्सेडायन
- ब्रस – सेन्सेडायन
- साबुन – प्रयोग गर्दिनँ
- फेस वास – बडी सप
- हेयर वेल – कोकोनट वेल
- स्याम्पो – गार्नियर
- पर्फ्युम – चनेल



# केकीको भूल

नेपाली चलचित्रका अभिनेता-अभिनेत्रीहरूको प्रेमसम्बन्ध तथा बिछोडका कुराले बेला-बेला निकै चर्चा पाउँछन् । त्यही सम्बन्धका कुराले आमसञ्चारलाई समेत तताइरहेको हुन्छ । भनिन्छ, प्रेम अन्धो हुन्छ । यसले सही गन्तव्यमा पुऱ्याउन पनि सक्छ अथवा बीच बाटोमै छुटाएर पछुताउन बाध्य पनि बनाइदिन्छ । यस्तै बाध्यतामा यतिबेला अभिनेत्री केकी अधिकारीमा देखिएको छ । प्रेमसम्बन्धका बारेमा खासै नखुल्ने केकीले केही दिनअघि कसैलाई माया गर्नु आफ्नो ठूलो भूल भएको भन्दै फेसबुकमा स्टाटस लेखिन् । उनको उक्त स्टाटस पढ्दा उनले मायामा धोका खाएको प्रस्ट हुन्छ । यद्यपि उनी कोसँग प्रेमसम्बन्धमा थिइन् भन्ने कुराचाहिँ बाहिर आएको छैन । केकीले आफ्नो स्टाटसमा लेखेकी छिन्- कसैलाई माया गर्नु भूल गरें । उनको त्यो माया कस्तो खालको माया हो भन्ने कुरा स्पष्ट नभए पनि उक्त स्टाटसमाथि प्रतिक्रिया दिँदै नवल नेपाल लेख्छन्- अब विवाह गरी जीवन साथीसँगै माया खोज्नु उत्तम हुन्छ । के अब नवलले भनेजस्तै केकीले जीवनसाथी खोज्लिन् त ?

विकेन्ड लाइभ

# इबिजामा फ्रान्सेली डिजे मिस गुल



ठमेलस्थित इबिजा लाउन्ज एण्ड बारमा फ्रान्सेली डिजे मिस गुल प्रस्तुत हुँदैछिन् । सन् २००८ मा व्यवसायिक यात्रा सुरु गरेकी मिस गुल आफ्नो फिगर तथा प्रस्तुतिका कारण फ्रान्समा मात्र होईन संसारभर प्रख्यात छिन् । संसारका ठूला डान्स पार्टी तथा महोत्सवमा भाग लिएर उनले लाखौं दर्शक झुमाइसकेकी छिन् । पेव रेडियोहरूमा कार्यक्रम प्रस्तोताका रूपमा उनको बेग्लै पहिचान छ । उक्त अवसरमा लाइभ ब्यान्डका रूपमा द साइनका कलाकारहरूले प्रस्तुति दिनेछन् भने डिजे शिशिर, डिजे किरन तथा डिजे अमनले पनि दर्शक झुमाउने जिम्मा लिएका छन् ।

**समय :** साँझ ७ :३० बजे
**प्रवेश शुल्क :** १ हजार रुपैयाँ

विकेन्ड फेसन

# विकेण्ड फेसनमा आर्म रेस्लिङ



दसैंको पूर्वसंन्ध्या पारेर आज शुक्रबार साँझ काठमाडौंमा फेस्टिभ फेसन फिभर-२०७५ शीर्षकको फेसन शो आयोजित हुँदैछ । आयोजक आमिर कला केन्द्रले जनाए अनुसार उक्त फेसन शोका क्रममा नेपालमा पहिलो पटक आयोजना हुन लागेको पञ्जा लडाउने प्रतियोगिता अर्थात 'आर्म रेस्लिङ नेपाल' को घोषणा समेत गरिनेछ । त्यसक्रममा उक्त प्रतियोगिताको प्रचारात्मक टिजर सार्वजनिक हुनेछ । आयोजक अमिर बज्राचार्यका अनुसार शुक्रबारको उक्त कार्यक्रममा आर्म रेस्लिङमा सहभागिता जनाउन आह्वान समेत गरिनेछ । सहभागीहरूको संख्या निर्धारण भएपछि उक्त प्रतियोगिता सञ्चालनमा ल्याइने बताइएको छ ।

**स्थान :** मसाला कटेज, टेकु **समय :** साँझ ५ बजे
**मिति :** असोज १९ गते शुक्रबार **प्रवेश शुल्क :** ५ सय रुपैयाँ

पोखरा विकेन्ड

## अक्सिजनमा कमेडी नाइट



भोलि शनिबार पोखरा लेकसाइडस्थित अक्सिजन लाउञ्ज बारमा कमेडी नाइट प्रस्तुत हुँदैछ । उक्त अवसरमा कमेडियन अपूर्व क्षितीज सिंह, प्रनेश गौतम, सुजन जिम्बा, सविन लामिछाने तथा सन्दीप पाण्डेले वातावरण रमणीय बनाउनेछन् भने त्यहाँ लाइभ ब्यान्ड ब्ल्याक पेपरकोको प्रस्तुतिसमेत समेटिनेछ । पहिलोपटक पोखरामा कमेडी सर्कलको प्रस्तुतिमा रम्न उक्त कार्यक्रम आयोजित गरिएको आयोजक अक्सिजन बारको दाबी छ । स्ट्यान्डअप कमेडी नयाँ पुस्ताका कलाकारहरूका लागि प्रभावकारी मञ्चका रूपमा विकसित हुँदै गएको छ भने यसले दर्शकलाई नौलो स्वाद समेत प्रदान गरिरहेको छ ।

**स्थान :** अक्सिजन लाउञ्ज बार, लेकसाइड पोखरा
**प्रवेश :** नि:शुल्क
**समय :** साँझ ७ बजे



### आज पोखरामा नवीन के भट्टराई

आज शुक्रबार पप स्टार नवीन के भट्टराईको आवाज पोखरामा घन्किँदैछन् । 'पोखरेली न्युज नाइट' कार्यक्रमको मुख्य आकर्षणका रूपमा नवीन आफ्नो ब्यान्ड अतृप्तसँगै मञ्चमा प्रस्तुत हुनेछन् । पोखरेली न्युजको आयोजना तथा पब्लिक इभेन्टको व्यवस्थापनमा सञ्चालन हुने यो कार्यक्रममा नवीनले ५० को दशकमा हिट भएका आफ्ना डेढ दर्जनभन्दा बढी गीत सुनाउनेछन् । साँझ ६ बजे प्रारम्भ हुने कन्सर्टमा नवीनले झण्डै साढे २ घण्टा बिताउँने बताइएको छ ।

**स्थान :** दिव्य श्री ब्याङ्केट (बाजेको सेकुवा), नागढुंगा, पोखरा
**प्रवेश :** नि:शुल्क समय : साँझ ६ बजे

विक डे कन्सर्ट



दसैंको अवसर पारेर किङ्स लाउन्जले विशेष कार्यक्रमको आयोजना गर्दैछ । आउने बुधबार दरबारमार्गस्थित किङ्स लाउन्जमा गायक सबिन राईले आफ्नो द फारोह ब्यान्डका साथ विशेष प्रस्तुति दिनेछन् । उक्त कार्यक्रमको प्रारम्भमा किंग्स ब्यान्डले सहभागीहरूलाई वार्मअप गराउनेछ ।

**स्थान :** किङ्स लाउन्ज, दरबारमार्ग
**प्रवेश शुल्क :** ५ सय रुपैयाँ
**समय :** साँझ ७ बजे

विकेन्ड फेस्टिभल

## दसैं कार्निभल सिजन-३

नेपालीहरूको महान् चाड बडा दसैं नजिकिँदैछ । बडादसैंको अवसर पारेर विभिन्न कार्यक्रमहरु आयोजित हुँदैछन् । भोलि शनिबार ग्ल्यामोरोसिकन नेपालको आयोजनामा पुल पार्टी तथा फेसन शो हुँदैछ । युवा पुस्ताका चर्चित गायक स्वप्न सुमनले यो मेलामा सांगीतिक प्रस्तुति दिनेछन् भने द आर्बिटरी ग्रुपका अन्य कलाकारहरु पनि कार्यक्रमको आकर्षण रहनेछन् । उक्त अवसरमा शनिस शाक्यको कोरियाग्राफीमा फेसन शो समेत हुँदैछ । त्यस्तै डिजे निरज, एजेन, किस्मत, विशाल, प्रेम तथा मर्लेले सहभागीहरूलाई विशेष मनोरन्जन प्रदान गर्ने जिम्मा लिएका छन् ।

**समय :** दिउँसो १२ बजे
**स्थान :** इन्टरनेसनल क्लब, सानेपा
**प्रवेश शुल्क :** २ सय रुपैयाँ
**आयोजक :** ग्ल्यामोरोसिकन

## रक एन्ड रोल

भोलि शनिबार रक एण्ड रोल इभेन्ट्सको आयोजनामा ठमेलस्थित रेड लायनमा दसैं महोत्सव सञ्चालन गरिने भएको छ । जात्रा ब्यान्डले सांगीतिक प्रस्तुति दिने उक्त कार्यक्रममा डिजे अर्जुन, डिजे अर्बिन तथा डिजे सबिन पनि सहभागी हुनेछन् । यो कार्यक्रममा सबैभन्दा पहिले प्रवेश गर्ने २० जना युवतीलाई नि:शुल्क ड्रिंक्सको व्यवस्था गरिएको छ ।

**समय :** साँझ ६ बजे

## दसैंको उमंग


नेसनल कलेज तथा ज्वाइनिङ हयान्ड्स फर युथको संयुक्त आयोजनामा आज दसैंको उमंग कार्यक्रम प्रस्तुत हुँदैछ जहाँ छक्कापञ्जा-३ का कलाकारलगायत राष्ट्रिय स्तरका अन्य कलाकारहरूले सांगीतिक प्रस्तुति दिँदैछन् भने सरोज भण्डारी तथा डोरेश खतिवडाले स्ट्याण्डअप कमेडी प्रस्तुत गर्नेछन् । आयोजकहरूका अनुसार यो कार्यक्रम ५ घण्टा लामो हुनेछ ।

**स्थान :** नेसनल कलेज, धुम्बाराही **समय :** दिउँसो २ बजे



चलचित्र

# छक्कापञ्जा-३



**निर्देशक :** दीपाश्री निरौला
**कलाकार :** दीपकराज गिरी, जितु नेपाल, केदार घिमिरे, दीपिका प्रसाई, संजोग कोइराला, प्रियंका कार्की, वर्षा राउत, स्वस्तिमा खड्का, बुद्धि तामाङ आदि ।
**संगीत :** दीपक शर्मा तथा अर्जुन पोखरेल

छक्कापञ्जा तथा छक्कापञ्जा-२ को व्यवसायिक सफलतापछि आमा सरस्वती मुभिजको तेस्रो श्रृंखला 'छक्कापञ्जा-३' घटस्थापनाको दिन अर्थात असोज २४ गते बुधबारका दिनदेखि देशभरिका सिनेमा हलमा प्रदर्शन हुँदैछ । हास्यप्रधान भए पनि यसपटक चलचित्रले गम्भीर विषयवस्तु उठान गरेको निर्देशक दीपाश्री निरौलाको भनाइ छ । निरौलाका अनुसार यसपटकको छक्कापन्जाले नेपालको शिक्षा प्रणालीलाई आफ्नो विषय बनाएको छ । चलचित्रमा नेपाली शिक्षा प्रणालीलाई व्यङ्ग्यात्मक शैलीमा चित्रण गरिएको छ । देशभरीका झन्डै १ सय सिनेमा हलमा प्रदर्शन हुने छक्कापञ्जा-३ का चलचित्रको गीत तथा ट्रेलर दर्शकले मन पराइसकेका छन् । दीपकराज गिरी, जितु नेपाल, केदार घिमिरे, दीपाश्री निरौला आदिको लगानी रहेको यो चलचित्रको कथा दीपकराज गिरीले तयार पारेका हुन् । रोशन श्रेष्ठको द्वन्द्व निर्देशनको यो चलचित्रमा कविराज गहतराज तथा प्रविन सिंहले कोरियोग्राफी गरेका छन् । छायांकार पुरुषोत्तम प्रधानले काभ्रे, पोखरा तथा नवलपरासीका रमणीय लोकेशनमा यो चलचित्रको छायांकन गरेका छन् । गत वैशाख २८ गते छायांकन प्रारम्भ भएको यो चलचित्रले करिब ७० दिन फ्लोरमा बिताएको थियो । यसमा झन्डै २ करोड रुपैयाँ लगानी भएको बताइन्छ ।

# निर्जला




**निर्देशक :** राजु गिरी
**कलाकार :** किशोर खतिवडा, शुभेच्छा थापा, श्याम राई, सूरवीर पण्डित, निक शर्मा, प्रकाशचन्द्र न्यौपाने, राजकुमार थापा, पल्पसा डंगोल, रश्मी भट्ट आदि ।
**संगीत :** बाबुल गिरी

चलचित्र बिन्दास निर्देशन गरेर लाइमलाइटमा आएका निर्देशक राजु गिरी तथा निर्माण एवं अभिनय गरेर चर्चामा आएकी शुभेच्छा थापाको सहकार्य आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'निर्जला' सम्म आइपुगेको छ । प्रचार-प्रसारमा खासै ध्यान नदिए पनि यो चलचित्रले एकल प्रदर्शन हुने मौका पाएको छ, अर्थात आज शुक्रबार यो एउटा मात्र चलचित्र प्रदर्शन हुनेछ । निर्देशक गिरीका अनुसार निर्जलामा सामाजिक प्रेमकथालाई विशेष ढंगले चित्रण गरिएको छ । निर्माता तथा कलाकार प्रकाशचन्द्र न्यौपानेका अनुसार यो चलचित्रमा दसैंको प्रसंग समेत समेटिएको छ । केही साताअघि मात्र निर्जलाको दसैं गीत समेत सार्वजनिक भैसकेको छ । काठमाडौंसहित उपत्यका बाहिरका केही जिल्लामा छायांकन गरिएको चलचित्र निर्जलामा करिब ८० लाख रुपैयाँ लगानी भएको बताइन्छ । रवि कोइराला यो चलचित्रका छायांकार हुन् भने तारा थापा किम्भले यसको सम्पादन गरेका छन् ।

रंगमञ्च

# स्मृतिका लागि घुम्ती रंगमञ्च भ्रमण




अनामनगरस्थित मण्डला नाट्य समूहका कलाकारहरू विगतसँग व्यवहार कार्यक्रम लिएर पश्चिम नेपालको भ्रमणमा निस्किएका छन् । मण्डला थिएटर नेपालको आयोजना तथा स्थानीय संघसंस्थाको सहकार्यमा सञ्चालन हुने उक्त कार्यक्रमअन्तर्गत स्मृतिका लागि घुम्ती रंगमञ्च भ्रमण शीर्षकको मोबाइल थिएटर प्रस्तुत हुनेछ । बर्दिया, कैलाली, दाङ आदि जिल्लाका विभिन्न समुदायमा मण्डलाको घुम्ती रंगमञ्च बस (मोबाइल थिएटर स्टेज) जुनकिरीमा नाटक नउफ्रिने भ्यागुता मञ्चन हुने बताइएको छ । उक्त नाटक मण्डला नाटकघरमा वि.सं. २०७१ मा मञ्चित नाटक जम्पिङ फ्रगकै पुनरावृत्ति हो । असोज १५ गते प्रारम्भ भएको यो भ्रमण २५ गतेसम्म जारी रहनेछ । रंगकर्मी पशुपति राईको लेखन तथा निर्देशनको उक्त नाटकमा नाजिर हुसेन, अर्चना पन्थी, उमेश तामाङ, रञ्जना ओली, अनिल सुब्बा, सोनाम लामा, जोनेन क्षेत्री आदि कलाकारले अभिनय गर्ने बताइएको छ ।

ग्यालरी

## मल्बरीमा चित्रकला प्रदर्शनी

ठमेलस्थित मल्बरी होटलमा चित्रकला प्रदर्शनी सम्पन्न भएको छ । मास्टर पिस आर्ट ग्यालरीद्वारा आयोजित उक्त प्रदर्शनीमा १० जना कलाकारका १ सय ५० वटा चित्र प्रदर्शित थिए । उक्त प्रदर्शनीमा प्राकृतिक, आध्यात्मिक, वन्यजन्तु आरक्षण, मिथिला लोककला, आधुनिक पेन्टिङ आदि अवलोकन गर्न सकिन्थ्यो ।

## नेपाल आर्ट काउन्सिलमा वृत्तचित्र

नेपाल आर्ट काउन्सिलमा वृत्तचित्र प्रदर्शनी भैरहेको छ । गत मंगलबार प्रारम्भ भएको उक्त प्रदर्शनीमा द्वन्द्वकालमा बेपत्ता, हत्या तथा घाइते भएकाहरूको तस्बिर, डकुमेन्ट्री, भिडियो, चिठी, चिनो आदि राखिएको छ । भ्वाइसेस अफ वुमेन मिडियाद्वारा आयोजित यो प्रदर्शनी भोलि शनिबारसम्म चल्नेछ ।

# हिट्स एफएम म्युजिक एवार्डको मनोनयन



हिट्स नेपालले २२ औं हिट्स एफएम म्यूजिक एवार्डस-२०७५ को मनोनयन सार्वजनिक गरेको छ । २०७४ साल वैशाख १ गतेदेखि २०७४ साल चैत मसान्तसम्म हिट्स एफएममा दर्ता भएका गीत तथा गीतिसंग्रहहरूबाट हरेक विधामा उत्कृष्ट पाँच मनोनयनमा परेका हुन् ।

यसपटकको एवार्डमा नितेश जंग कुँवरको हाम्रो नेपालमा, १९७४ ए डीको पीरैपीर, वास्तु सांगीतिक समूहको हावा चल्यो तथा दीप श्रेष्ठको सम्पत्ति दिए गीत विभिन्न पाँचवटा विधाको मनोनयनमा परेका छन् । सांगीतिक समूह आर के स्क्वायर चारवटा विधामा मनोनीत हुँदा द एक्ट समूहसमेत हराएको शीर्षकको गीतबाट चारवटा विधामा मनोनित हुन सफल भएको छ । गायिका बानिका प्रधानको जानी नजानी गीत पनि चार विधामा मनोनीत छ ।

गायक विश्व नेपालीको स्वरको तिरी किटी ताका गीत तीनवटा विधामा मनोनित छ भने गायक नबिन के भट्टराई, जेम्स प्रधान, लोचन रिजाल, शिव परियार, सञ्जीव पराजुलीका गीतहरू दुई-दुई विधामा मनोनीत छन् । चलचित्रतर्फ भने अर्जुन पोखरेल, दीपक शर्मा, कल्याण सिंह, राजनराज शिवाकोटी तथा टंक बुढाथोकी मनोनयमा छन् । सर्वोत्कृष्ट एकल गायन पुरुष विधामा विश्व नेपाली, दीप श्रेष्ठ, हेमन्त शर्मा, प्रमोद खरेल तथा शिव परियार मनोनयनमा छन् भने एकल गायन महिला विधामा बानिका प्रधान, जीना रसाईली, मीलन नेवार, निखिता थापा तथा संगीता राना प्रधान मनोनयनमा परेका छन् । सर्वोत्कृष्ट लोकगीतको विधामा अन्जान बाबु र प्रतिमा विश्वकर्मा, खड्ग गर्बुजा, खड्ग बुडा, पवित्रा घर्ती मगर र भीमा सुवेदी, नाइट, राजन ठकुरी र विष्णुमाय गुरुङ तथा तुलसी पराजुली मनोनयनमा परेका छन् ।

२०५४ सालमा सात विधाबाट प्रारम्भ भएको हिट्स म्युजिक एवार्डमा यसपटक १७ वटा विधा समावेश छन्, जसमध्ये एउटा विधा लाइफ्टाइम अचिभमेन्ट पनि हो । यो एवार्ड आगामी मंसिर महिनामा आयोजित हुने विशेष सांगीतिक समारोहमा वितरण गरिने बताइएको छ ।

# दुबईमा मोडल सङ्स एवार्ड



दुबईमा एवार्ड वितरण समारोह आयोजित गरेको बताइएको छ ।

समारोहमा संगीतकार रेखा पौडेल चलचित्र हमेशाबाट उत्कृष्ट संगीतकारको एवार्ड जित्न सफल भइन् भने चलचित्र बिरानो मायाबाट निर्देशक माधव

दुबईमा मोडल सङ एवार्ड-२०१८ सम्पन्न भएको छ । नेपालबाट गएका कलाकारहरूका साथमा बर दुबईको एभरेस्ट क्लबमा आयोजित समारोहमा राष्ट्रिय, चलचित्र, आधुनिक, भजन, लोकदोहोरी, पप, तीज गीत, फेसन आदि विभिन्न २८ विधामा एवार्ड प्रदान गरिएको थियो ।

'नेपाली कला, संस्कृति, स्रष्टा तथा सर्जकको सम्मानमा समर्पित अन्तर्राष्ट्रिय एवार्ड' नारा बोकेको उक्त एवार्ड समारोह नेपालमा सौन्दर्य प्रतियोगिता तथा विभिन्न फेसन शोहरूको आयोजना गर्दै आएको मोडल सङ्स नेपालले गरेको हो । एवार्ड समारोहको सह-आयोजक पेजेन्ट नेपालले नेपाली कला संस्कृतिलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन

खरेल पुरस्कृत भए । अभिनेता श्रीदेव भट्टराई पनि चलचित्र बिरानो मायाबाटै पुरस्कृत भए । आधुनिक गीततर्फ गायक सीताराम पोखरेलले आफ्नो नयाँ गीत 'साथ रहेछ तिम्रो माया' बाट एवार्ड जिते भने राष्ट्रिय गीततर्फको एवार्ड गायक सपन श्रेष्ठले जिते । तीज गीत शब्दमा गीता अधिकारी, तीज गीत गायिकामा नीतु कोइराला, जुरी एवार्ड मोडलमा सुष्मा अधिकारी, आधुनिक गीत रचनामा अशोक तामाङ, गायिकामा इन्दिरा भट्टराई, भजन गायिकामा सुनिता श्रेष्ठ, गजल गायकमा विनोदराज ढुङ्गेल, उत्कृष्ट संगीतकारमा बाबु बोगटी तथा उत्कृष्ट लोकदोहोरी म्युजिक भिडियोमा नन्दा बस्याल पुरस्कृत गरिए ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक





# सुस्मिता तामाङ
# स्वेच्छा केसी



Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
लोकेसन : सिटी सेन्टर, कमल पोखरी
मेकअप : अम्बु रुचाल, मिरर ब्युटी क्लब, मैतीदेवी
पहिरन : स्फिङ्स, सिटी सेन्टर

# मिस्टर नेपाल वर्ल्ड-२०१८



चितवन रामघाट निवासी २५ वर्षीय विकल्प राज श्रेष्ठले मिस्टर नेपाल वर्ल्ड-२०१८ को उपाधि जितेका छन् । उनले सोसल मिडिया विधाको उपाधिसमेत हात पारेका थिए । गत शनिबार दरबारमार्गस्थित होटल अन्नपूर्णमा एक्सपोज नेपाल डटकमको आयोजनामा सञ्चालित मिस्टर नेपालको ग्रान्ड फिनालेमा सुसन महर्जन युनिभर्सल एम्बेसडर, सन्दीप केसी म्यान अफ द इयर, प्रदीप न्यौपाने मेन इन्टनेसनल तथा चन्दन चौधरी मेन एटिच्युड छानिएका थिए । यसैगरी सागर परियार टुरिज्म एम्बेसडर, सविन बराल युथ एम्बेसडर तथा दिपेश श्रेष्ठ स्पोर्ट्स एम्बेसडर छानिए । उक्त प्रतियोगिताको प्रत्यक्ष प्रसारण कान्तिपुर टेलिभिजनबाट गरिएको थियो ।

# वरदान र जेनिसालाई उपाधि



रुल नेपाल स्टुडियोले आयोजना गरेको दोस्रो संस्करणको लिटिल प्रिन्स एन्ड प्रिन्सेज पोखराको उपाधि वरदान गुरुङ तथा जेनिसा पुनले जितेका छन् । प्रतियोगीतामा मनोज शाही ठकुरी र प्रिया थापा फस्ट रनर्सअप तथा कृष लामा र कृष्टिना नेपाली सेकेन्ड रनर्सअप घोषित भए । अडिसनमा सहभागी १ सय ४ जनामध्येबाट २० जना प्रिन्सका लागि तथा ३१ जना प्रिन्सेसका लागि छनौट गरी डेढ महिनाको तालिम पश्चात पोखरा सभागृहमा आयोजित अन्तिम प्रतिस्पर्धामा उतारिएको आयोजक संस्थाका अध्यक्ष सलोमन रोकाले बताए । फाइनलमा आकर्षणक गीत तथा नृत्यहरू प्रस्तुत गरिएको उक्त प्रतिस्पर्धामा ७ वर्षदेखि १५ वर्षसम्मका बलबालिकाहरू सहभागी थिए ।

# मिस हेरिटेज क्विन



मिस हेरिटेज क्विन नेपाल-२०१८ को उपाधि अस्मिता खड्काले जितेकी छिन् । युथ क्रिएसन नेपालको आयोजनामा सञ्चालित उक्त प्रतियोगितामा युशी हयोल्मो सेकेन्ड रनर्सअप तथा ग्रीष्मा रिजाल थर्ड रनर्सअप घोषित भएका थिए । प्रतियोगिताको फस्ट रनर्सअप उपाधि भने अनुशासनको कारवाहीअन्तर्गत खारेज गरिएको जानकारी आयोजकहरूले दिएका छन् । सम्पदा संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनमा केन्द्रित यो सौन्दर्य प्रतियोगिता गत वर्षदेखि संचालनमा आएको हो । प्रतियोगिताको यस पटकको ग्रान्ड फिनाले होटल अन्नपूर्णमा सम्पन्न भएको थियो ।

# लक्ष्मीलाई मिस गण्डकी



पाँचौं संस्करणको मिस गण्डकीको उपाधि पोखरा विरौटाकी लक्ष्मी गुरुङले जितेकी छिन् । होटल पोखरा ग्रान्डमा सम्पन्न ग्राण्ड फिनालेमा सहभागी १५ प्रतियोगीमध्ये गुरुङ अब्बल घोषित भएकी हुन् । प्रतियोगितामा स्नेहा गुरुङ फस्ट रनर्सअप तथा सलिना मोक्तान सेकेन्ड रनर्सअप भएका थिए भने भ्युअर्स च्वाइसको एवार्ड सुशीला गुरुङले जितेकी थिइन् ।

# मिस कल्चरको उपाधि



पुष्पाञ्जली फेसन एन्ड इभेन्टले पोखरामा आयोजना गरेको पाँचौं संस्करणको मिस कल्चर नेपाल-२०१८ को उपाधि सरु अधिकारीले जितेकी छिन् । प्रतियोगितामा सन्जु भट्टराई फस्ट रनर्सअप तथा फिया परियार सेकेन्ड रनर्सअप भएका थिए भने निरुता भण्डारी थर्ड रनर्सअप तथा एलिसा श्रेष्ठ फोर्थ रनर्सअप घोषित गरिए । ग्रान्ड फिनालेमा पुगेका १७ जनाबीच अन्तिम प्रतिस्पर्धा गराइएको मिस कल्चर नेपाल-२०१८ को फाइनलमा कास्की जिल्लामा क्रियाशील विभिन्न आमा समूहहरूलाई सम्मानसमेत गरिएको थियो ।



**शुभारम्भ :** सिटी सेन्टरमा सञ्चालनमा आएको नीलडेविड इन्टरनेशनल सलूनको उद्घाटन गर्दै दीपकराज गिरी, दीपाश्री निरौला, नीलडेविड कट्वाल तथा आकाश तामाङ ।

# विराटनगरमा मिस नेवाः

विराटनगरमा आयोजना हुने दोस्रो संस्करणको मिस नेवाः कोसीको फाइनलमा १३ जना प्रतियोगि छनोट भएका छन् । यसै बीच उनीहरु पर्यटकीय सहर भेडेटारमा पुगेर फोटोसुटमा सहभागि भएका छन् । प्रतियोगितामा विराटनगरकी मनिषा शाक्य, आस्मा तुलाधार, तमन्ना श्रेष्ठ, रुजा शाक्य, सृजना श्रेष्ठ, सुधा श्रेष्ठ, नियति प्रधान, आर्जु श्रेष्ठ, स्नेहा श्रेष्ठ, स्वेच्छा ताम्राकार, भोजपुरकी रुहीना प्रधान तथा बेलबारीकी चेलिना श्रेष्ठ र एलिना श्रेष्ठले प्रतिस्पर्धा गर्दैछन् ।

# मिस प्रोविन्सको उपाधि सुप्रियालाई



झापा, दमककी सुप्रिया कडरियाले २५ जना प्रतिस्पर्धीलाई पछि पार्दै मिस प्रोविन्स वानको उपाधि जितेकी छिन् । प्रतियोगिताको फस्ट रनर्सअप झापा, अर्जुनधाराकी दीपशिखा नेपाल तथा सेकेन्ड रनर्सअप इलाम सूर्योदय नगरपालिकाकी सुप्रिया कोइराला घोषित भए । यो प्रतियोगितामा प्रदेश नम्बर १ का १४ जिल्लाका २६ जना सहभागी थिए । उनीहरूलाई मिस मेची समीक्षा खतिवडा, मिस टिन साइमा शेर्पा तथा मिस एसइइ स्नेहा संग्रौलाले ताज पहराइदिएका थिए । यसअघि मिस मेचीका नाममा सञ्चालन भैरहेको यो प्रतियोगितालाई देश संघीय संरचनामा गएपछि प्रदेश नम्बर-१ स्तरीय बनाइएको आयोजकहरूले बताएका छन् । यो प्रतियोगिता ड्रिम्स वर्ल्ड इन्टरटेन्टमेन्ट एवं एजुकेसन एन्ड माइग्रेसन कर्नरले संयुक्त रूपमा आयोजना गरेका हुन् ।

# गर्दिष्मा र आबिसालाई सुपर किड



मर्निङ ग्लोरी इन्टरटेन्मेन्टले आयोजना गरेको सुपर किड इन्टरनेसनल-२०१८ को उपाधि गर्दिष्मा मल्ल (सिनियर) तथा आबिसा हाडा (जुनियर) ले जितेका छन् । गर्दिष्माले दुबईमा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको प्रतिनिधित्व गर्ने अवसर समेत पाएकी छिन् । प्रतियोगितामा प्राञ्जु आचार्य तथा बर्षा बेल्बासेले फस्ट रनर्सअपको उपाधि जित्न सफल भएका छन् । पब्लिक भोटमार्फत घोषणा गरिएको पब्लिक च्वाइस एवार्ड भने विराज चौहान तथा आबिसा हाडाले जितेका छन् ।

# चौथो कीर्तिपुर महोत्सव

महान् चाड बडादसैंको पूर्व सन्ध्यामा कीर्तिपुरमा चौथो कीर्तिपुर महोत्सव-२०७५ प्रारम्भ भएको छ । असोज १७ गते बुधबारदेखि असोज २७ गते शनिबारसम्म कीर्तिपुरको नयाँबजार खेलकुद मैदानमा सञ्चालन हुने यो महोत्सवको आयोजना सामाजिक कार्य तथा औद्योगिक शान्ति नेपाल संस्था तथा नयाँबजार क्लबले राजकमल महर्जन तथा शिशिर महर्जनसँगको सहकार्यमा गरेका हुन् । कीर्तिपुर आफैंमा धार्मिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण स्थल हो । महोत्सवमा कीर्तिपुरका देवी-देवता नृत्यसहित परम्परागत नृत्यहरूसमेत प्रस्तुत गरिँदैछ । महोत्सवमा कीर्तिपुरको संस्कृति एवं परम्परा झल्कने प्रस्तुतिहरूसमेत समावेश गरिनेछन् । उक्त अवसरमा मनोरञ्जक खेलहरूका साथै परम्परागत नेवारी परिकारहरूको फुड फेस्टिवल पनि आकर्षणमा रहनेछ । मेलामा १ सय ५० भन्दा बढी स्टल रहनेछन् । तेस्रो किर्तिपुर महोत्सव ३ देखि ५ लाख उपभोक्ताले अवलोकन गर्ने अनुमान गरिएको छ भने मेलामा ४ दर्जनभन्दा बढी राष्ट्रिय तथा स्थानीय कलाकारले कला प्रदर्शन गर्ने औद्योगिक शान्ति नेपालका अध्यक्ष सन्दीप महतले जानकारी दिए ।




तस्बिरहरू : नवराज बराल

# आफ्नै गाउँ फर्की आएँ

जनक तिमिल्सिना

*वर्ष र दिनको रमाइलो चाड गाउँघरमा आइपुग्यो*
*नेपालीजनको महान पर्व आँगनमा आइपुग्यो*
*हो ...हो हो दसैं आयो....*
..................
*पिंढीमा बसी, औंला भाँची छोराको आउने दिन गन्दैछिन्*
*दसैंको दिन ती बूढी आमा, आइपुग्दा छोरो दंगै छिन्*

सुपरहिट चलचित्र 'मुग्लान'को सदाबहार गीत हो यो। 'मुग्लान' प्रदर्शनमा आएको लामै समय बितिसकेको छ तर, यो सदाबहार गीतले हरेक दसैंमा सांगीतिक लालित्य भर्दै आएको छ। यो गीत घटस्थापनादेखि नै गाउँघरदेखि टेलिभिजन, रेडियो तथा एफएमहरूमा घन्किन थाल्छ, जसले नेपाली समाजमा दसैं नजिकिएको सन्देश प्रवाहित गर्छ।

विपन्नताको खाडल पुर्न परदेश पुगेका नेपालीहरूको कथा बुनिएको 'मुग्लान'मा बडादसैंको प्रसंग पनि छ। चलचित्रलाई समाजको ऐना त्यसै भनिएको होइन्। त्यसैले त अहिले पनि 'मुग्लान'ले परदेसिएका लाखौं नेपालीको प्रतिनिधित्व गर्छ।

रोजगारी, अध्ययन तथा व्यवसायका सिलसिलामा मानिसहरू सहर र परदेशतिर थुप्रिन थालेपछि गाउँहरू रित्तिने क्रममा छन्। यद्यपि वर्षमा एक पटक नै सही छ्याङग खुलेको आकाश, बगैंचाका ढकमक्क फुलेका सयपत्री, रातो माटो र कमेराले पोतेर टिलिक्क टल्काइएका ग्रामीण घर, चौबाटोमा मच्चिरहेका पिङ, नयाँ रंगीन पहिरनमा खुलेका मानिसहरूको जमघटले वर्षभरि उजाड देखिने गाउँ, बस्ती त्यसै गुल्जार हुन्छन्। घटस्थापनादेखि रेडियो तथा टेलिभिजनमा गुन्जिरहेको मालश्री धुनले दसैंकै उल्लास व्यक्त गरिरहेको हुन्छ।

संसारभर छरिएका नेपाली परिवारलाई मिलन गराउने अवसर बन्छ–बडादसैं। विभिन्न कारणले परदेसिएका नेपालीहरू युरोपदेखि अमेरिकासम्म, भारतदेखि मध्यपूर्वका खाडी देश जतासुकै हुन्, कमाएको केही रकम गोजीमा हाल्छन् र दसैंको छेको पारेर आमा-बुवा तथा आफन्तहरूको टीका थापी आशिष लिन गाउँ फर्कन्छन्। दसैंमा घर फर्कने, साथीभाइ तथा घरपरिवारसँग भेटघाट एवं रमाइलो गर्ने नेपाली चाहनालाई न त विदेशी एयरलाइन्सका महँगा टिकटले रोक्छ, न त विदेशी कम्पनीमा ओभरटाइममा डलर कमाउने लोभले नै।

त्यसैले त परदेशबाट घर फर्कने नेपालीहरूका कारण देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा पनि चाप बढ्छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता प्रतापबाबु तिवारी दसैंको अवसरमा सामान्यभन्दा बढी ट्राफिक चाप हुने कुरा बताउँछन्। 'सामान्य अवस्थाको भन्दा दसैंको बेला ट्राफिक मुभमेण्ट बढी हुन्छ,' तिवारी भन्छन्, 'विदेशबाट आउने फलाइटहरू एजयुजअल नै भए पनि पेसेन्जरको चाप स्वभाविक रूपमा बढिहाल्छ। उता भारतबाट रेल तथा बसमा नेपाल फर्कनेहरूका कारण दक्षिणी क्षेत्रका नाकाहरूमा नेपालीहरूको ठूलो भीड देखिन्छ।

देशका ग्रामीण भू-भागहरूका लागि काठमाडौंलगायत देशभित्रकै कतिपय ठाउँ पनि परदेशसरह छन्, त्यसैले स्वदेशका परदेशीहरू पनि बस, हवाईजहाजमा खचाखच भरिएर गाउँ पुग्छन्। नेपाल सरकार, विद्यालय तथा निजी क्षेत्रका कम्पनी सबैले लामो बिदा दिने भएकाले मानिसहरू गाउँ फर्कन प्रेरित हुँदै आएका छन्।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले दसैंमा काठमाडौंबाट २६ लाख मानिस बाहिरिने अनुमान गरेको छ। 'हामीले यस पटकको दसैंमा करिब २६ लाखजति यात्रु उपत्यकाबाट बाहिरिने अनुमान गरेका छौं,' महाशाखाका प्रवक्ता राजकुमार लम्साल भन्छन्- गत वर्ष दसैंमा २४ लाख ८७ हजार नेपाली काठमाडौंबाट बाहिरिएका थिए। दसैंको मुखैमा टिकट पाउन पनि हानथाप हुने भएकाले असोज ५ गतेदेखि नै बाहिरिने मानिसहरूको संख्या लगातार बढिरहेको छ। '५ देखि १५ असोजसम्म काठमाडौंबाट करिब ७ लाख १५ हजार ८ सय ५० जना बाहिरिइसकेका छन्,' लम्सालले भने।

दसैं जति नजिकिँदै छ, त्यति नै काठमाडौंमा चारवटा नाका नागढुंगा, फर्पिङ, जगाती, मुड्खुको व्यस्तता बढेको छ। ट्राफिक महाशाखाको तथ्यांकअनुसार ५ असोजमा ५ हजार ४ सय २२ सवारी साधन राजधानीबाट बाहिरिएका थिए भने १५ असोजमा ९ हजार ४ सय ३२ सवारी साधनले उपत्यका छाडेका थिए।

देश-विदेश पुगेका धेरैजसो मानिस गाउँ फर्कने भएकाले दशैंलाई गाउँ फर्कने मौसमसमेत भन्न थालिएको छ। आखिर दसैंलाई किन गाउँ फर्कने मौसम भनियो त ? वैदेशिक रोजगार विज्ञ तथा समाजशास्त्री डा. गणेश गुरुङ खाने, पिउने, भेटघाट गर्ने रमाइलो मौसमका कारण पनि दसैंलाई घर फर्कने मौसम भनिएको हो। 'हामी सबै रमाउछौं, पिउँछौं, भेटघाट गर्छौं,' डा. गुरुङ भन्छन्, 'त्यसमा छुटाउने नहुने कुरा मौसम रहेछ। जाडो पनि होइन, गर्मी पनि होइन, आनन्दको मौसम। चिटिक्क पारिएका घर तथा आनन्दित तुल्याउने मौसम भएकाले पुर्खाहरूले बडादसैं मनाउन यही मौसम रोजेका रहेछन्।' डा. गुरुङका अनुसार पहिले ठूलो दसैंका रूपमा चैते दसैं मनाइन्थ्यो तर, चैतमा गर्मी हुने र खानपान तथा रमाइलो गर्न मौसम अनुपयुक्त देखिएपछि चैते दसैंलाई सानो दसैंका रूपमा खुम्चाएर बडादसैंलाई मुख्य दसैंका रूपमा विकास गरिएको हो। यसबाहेक खेतीपाती भित्र्याउने समय नभएकाले पनि दसैंको महत्व बढेको हो।

वर्ष दिनमा एक पटक आउने यो पर्वले सबैलाई जोड्ने गरेको छ। टाढा-टाढा रहेका आफन्तहरूको जमघटमा वर्ष दिनभर भिन्न-भिन्न ठाउँमा रहेर सँगालिएका अनुभूति एकअर्कासँग बाँड्नलाई जो-कोही घरै आइपुग्छन्। बिछोडिएका आफन्त तथा गाउँलेहरूको मिलनले समाजमा खुसीको लहर प्रवाहित गर्छ। लामो समय छुट्टिएका आफन्तहरूबीच 'सम्बन्ध नवीकरण' गर्ने उपयुक्त अवसर दसैंले नै सिर्जना गरिदिन्छ। त्यसैले त सबै तह तप्काका नेपालीलाई दसैंले मज्जाले छुन्छ।

### विदेशमा दसैं

जहाँ-जहाँ र जुन-जुन देशमा नेपाली पुगेका छन्, ती देशमा पनि दसैं मनाउन थालिएको छ। जापानदेखि अमेरिकासम्म, युरोपदेखि अस्ट्रेलियासम्मका नेपालीहरूले जमरा उमारेरै दसैं मनाउने गरेका छन्। कानमा जमरा र निधारमा रातो टीकाले विदेशी भूमिमा नेपालीपन झल्काइरहेको हुन्छ। फेसबुकका भित्ता, इन्स्टाग्राम तथा ट्विटरमा सार्वजनिक हुने जमरा र रातो टीकासहितका तस्बिरले दसैंलाई भर्चुअल संसारमार्फत ग्लोबल बनाउने काम गरिरहेको छ।

## बदलिँदो दसैं



दसैंका सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्ष पनि क्रमशः बदलिँदै गएका छन्। पहिले दसैं भेटघाट गर्ने, मासु खाने, बलि चढाउने, टीका लगाउने, आशीर्वाद थाप्ने तथा दक्षिणा लिने-दिनेजस्ता कुराहरूमा सीमित थियो तर पछिल्ला वर्षहरूमा यसको सामाजिक, आर्थिक एवं सांस्कृतिक दायरामा व्यापक परिवर्तन आएको छ। तास, ड्रिङ्क्स एवं जमघटका जस्ता कुराहरू दसैंका नयाँ विषय भएका छन्। बजारको घुइँचो, किनमेल, मोलमोलाई र दसैंका छुट अफरहरू पनि छुटाउनै नहुने विषय हुन्। कपडा व्यवसायीहरूका अनुसार दसैंमा झन्डै ३० अर्ब रुपैयाँभन्दा बढीको कारोबार हुने गरेको छ। दसैंमा मासु, लत्ताकपडा, ड्रिंक्स, इलेक्ट्रोनिक्स सामान तथा सवारी साधनहरूको उल्लेख्य कारोबार हुन्छ। नेपाली समाजमा परम्परागत चलनजस्तै भैसकेको छ– दसैंमा सबैले एकजोर नयाँ लुगा लगाउनै पर्ने, मिठो मसिनो खानैपर्ने।

पछिल्लो समयमा आफन्तहरूलाई दसैं-तिहारजस्ता पर्वमा गिफ्ट दिने चलनसमेत बढ्दो क्रममा छ। दसैं मनाउने तरिकाहरू पनि बदलिएका छन्। कोही दसैंको छुट्टीलाई उपयोग गर्न घुमघाममा निस्कँदैछन् भने कोही खसीको जोहो गर्दैछन्, जसले नेपाली अर्थतन्त्रलाई गतिशील बनाएको छ।

धार्मिक आस्थाका हिसाबले मनाउन थालिएको भए पनि यो सबै नेपालीको साझा पर्व भएको छ। नेपालमा विविध जातजाति, धर्म एवं सम्प्रदायका मानिसहरू मिलेर बसेका छन्। यस्ता चाडपर्वमा पनि त्यही झझल्को मिल्छ। सबैले दसैंलाई सामाजिक सद्भाव एवं भ्रातृत्वको विकास गर्ने अवसरका रूपमा उपयोग गर्छन्।

साहित्य

# प्रिय सुफी लेख्दाका खुसी र सास्ती



सुबिन भट्टराई

कुनै पनि कथा उत्कृष्ट हुनका लागि त्यसले सबैभन्दा पहिले लेखक स्वयम्लाई छुनुपर्छ । लेखकलाई छोइसकेपछि, त्यसले लेखकजस्तै मन मुटु भएका हजारौँ पाठकलाई छुन्छ ,तर सबैलाई छुँदैन । जति नै राम्रो लेखे पनि त्यसको स्वाद सबैलाई मीठै लाग्छ भन्ने छैन, जसरी जति नै मिठो खानेकुरा पाके पनि त्यो सबैको रुचिमा पर्दैन । पाठक कुनै पनि बेला लेखकले लेखेको त्यो कथाको बाटो वा बाटो नजिक हिँडेको हुनुपर्छ छोइनलाई ।

लेख्ने क्रममा लेखकलाई थाहा पनि हुन्छ उसले कस्तो लेखिरहेको छ ? शब्दहरू रोप्दै जाँदा शरीरमा काँडा उम्रन्छन् । पात्रहरू आफ्नै वरपर छन् भैंmँ लाग्न थाल्छन् । लेखनबाहेक अन्यत्र कहीँ केही ध्यान रहन्न । भावुक प्रसंगहरूमा तप्प आँसु नै चुहिन्छ । धेरै नै राम्रो लेखिएको छ भने पढेर कसैलाई सुनाइहाल्ने हतारो पनि हुन्छ । यी सब लेखन राम्रो हुँदाका अनुभव हुन्, तर म यहाँ मेरो पछिल्लो उपन्यास प्रिय सुफीका बारेमा चर्चा गर्न आएको छु । कसरी लेखियो प्रिय सुफी अनि किन लेखियो ?

कथाकी पात्र, समर लभ, साया र मनसुन गरी चारवटा पुस्तक प्रकाशनमा ल्याइसकेपछि अब पालो नयाँ पुस्तकको थियो । कथाकी पात्र छाडेर बाँकीका




तीनवटै पुस्तकमा मैले एउटा केटा र केटीको प्रेमलाई महत्व दिएँ । कथाकी पात्रले लेखन क्षेत्रमा पाइला टेक्न सघायो । समर लभले मलाई मेरा प्रिय पाठकहरूसामु चिनायो । सायाले सफलताको केही खुड्किला पक्कै चढायो । मनसुन ले त्यही सफलतालाई पिठ्युँमा बोकेर थेगिदियो, तर म आफैं सन्तुष्ट हुन सकिरहेको थिइनँ । मानिस पूर्ण सन्तुष्ट त कहिले पो हुन सकेको छ र ? मेरो असन्तुष्टि कथाको विषयलाई लिएर थियो । प्रेम त लेखेँ तर यसपटक अलिक भिन्न प्रेम लेख्न मन लागिरहेको थियो । केही प्रेरणादायक कुरा लेख्ने मन थियो । यद्यपि दिमागमा कुनै कथा थिएन ।

एक दिन घुम्दै फिर्दै जाँदा श्रीमतीसँग सोधेको थिएँ, 'के पो लेख्ने होला यो पटक ?'

ऊनले भनेकी थिइन्, 'त्यो तीन वर्ष अघि कान्तिपुरको कोसेलीमा प्रकाशित संस्मरणलाई कथामा उतार्दा के होला ?'

उनले एउटा त्यस्तो संस्मरणको कुरा गरेकी थिइन् जसलाई धेरैभन्दा धेरै पाठकले रुचाइदिनुभएको थियो । सुरुमा आनाकानी गरे पनि पछि-पछि म कन्भिन्स हुँदै गएँ । पछिल्ला दिनहरूमा म पाठकहरूलाई मनोरञ्जन मात्र होइन, केही प्रेरणा पनि दिन चाहिरहेको थिएँ । साप्ताहिकमा आउने मेरो स्तम्भ युवा मनमार्फत पाठकहरूले मेरो लेखनको प्रेरणादायी पाटो पनि पक्कै भेट्टाउनुभएको छ ।

०००

कलेज पढ्दा म बाथको समस्याले आक्रान्त थिएँ । प्लस टु पढ्दा दुइपटक र मास्टर्स पढ्दा एकपटक गरेर जम्मा तीन पटक मलाई बाथले आक्रमण गर्‍यो । अरूलाई प्लस टु सक्न दुई वर्ष लाग्छ, मलाई चार वर्ष लाग्यो । ओछ्यानमा कोपरा थापेर दिसा-पिसाब गर्ने स्थिति थियो । म धेरै नै डिप्रेस्ड थिएँ । मलाई मानिसहरू स्वस्थ भएकोमा डाहा लाग्थ्यो । मलाई मानिसहरू हाँसेको, रमाएको देख्दा अचम्म लाग्थ्यो । उनीहरू ठमठम हिँडेको देखेर म आरिसले आक्रान्त हुन्थेँ । म मात्र किन रोगी ? म मात्र किन डिप्रेस्ड ? धेरै पटक मर्न पाएहुन्थ्यो जस्तो लाग्थ्यो । म कहिल्यै उठेर हिँड्न सक्दिनँ जस्तो हुन्थ्यो । म कहिल्यै ठीक हुन्छु जस्तो लाग्दैनथ्यो । मेरो आत्माबाट उडेर अलपभएको आत्मविश्वास कहिल्यै फर्केर फिर्ता आउँदैन जस्तो लाग्थ्यो ।

भएभरका औषधी एकैचोटि खाऊँ भन्ने सोच पनि नआएको होइन, तर मैले त्यसो गरिनँ । म मरिनँ । मबाँचेँ । बाँचेरै जितेँ । मरेको भए त हार्थें, आफ्नै जीवनसित, यो संसारसित । मैले त कति धेरै थोक गर्नु रै'छ । यत्रा पुस्तक लेख्नु रै'छ । मेरा पाठकहरूको यति धेरै माया पाउनु रै'छ । मेरा मातापितालाई आफ्नो छोराप्रति गर्व गर्न लायक बनाउनु रै'छ । प्रेम गर्नु रै'छ । विवाह गर्नु रै'छ । यति धेरै ठाउँ घुम्नु रै'छ । यति धेरै साथीहरूसित संगत गर्नु रै'छ । कति राम्रा-राम्रा सिनेमा बने, ती सिनेमाहरू हेर्नु रै'छ । कति राम्रा-राम्रा पुस्तक छापिए, ती पढ्नु रै'छ । धेरै परिवर्तन देख्नु रै'छ । यो संसार कति सुन्दर छ, त्यो थाहा पाउनु रै'छ । क्षणभरको दुःखको सन्तापमा लम्बेचौडे खुसीहरूको घाँटी झन्नै ननिमोठेको ।


हो, यहीअनुभवलाई लिएर लेखिएको त्यो संस्मरणलाई उपन्यासका रूपमा उतार्न म हौसिएँ । मानिसले आफ्ना आँखाअघिल्तिर एउटा दुःख देख्छ र त्यही एउटै कारणले छिनमै सिध्याइदिन्छ आफ्नो जीवन । मानिसहरू बुझ्दैनन् बाँच्ने हजारौँ कारण हुन्छन् । पत्रपत्रिकामा अक्सर आफ्नै जीवन सिध्याउनेहरूको समाचार पढेर कैयौं पटक कमसेकम सिँगो दिन खराब भएको कैयौं अनुभव मसित थियो । सोचेँ, यस्तो किताब लेखौँ, मर्ने सोच बनाएको मानिसको हातमा पुग्यो भने, उसले त्यो सोच त्यागोस् । आफ्नै जीवनलाई प्रेम गरोस् । आफैंलाई प्रेम गरोस् । प्रेम अरुमा नखोजोस् । अरूमा प्रेम खोजेर आफूलाई दुःखी नबनाओस् । आफैंलाई प्रेम गरेर आफ्नो जीवनको बगैंचा आफैं स्याहारोस् । लक्ष्य ठूलो राखेँ र नियत सफा र लेख्न बसेँ, प्रिय सुफी ।

कपासको डल्लोजस्तै कथालाई मस्तिष्कको मन्थनले कात्दै-कात्दै मसिनो धागोजस्तै स्लिम आकारमा ल्याएँ । कल्पनाका थुप्रै रङ पोतिदिएँ र करिब चार महिनाको बसाइपश्चात् तयार भयो प्रिय सुफी । जो अहिले पाठकहरूको समेत प्रिय भैरहेको छ । अहिले पाठकहरू भन्नुहुन्छ, यो उपन्यास पढ्दा कतै हाँसे, कतै रोएँ, कतै रिसाएँ, कतै दिक्क लाग्यो र कतै हिम्मत पलाएर आयो । उहाँहरूको अनुभव मेरो लेखन अनुभवसित कतै फरक छैन । यो उपन्यास लेख्ने क्रममा ठाउँ-ठाउँमा म मन्द मुस्कुराउँथेँ अनि ठाउँ-ठाउँमा रुन्थेँ पनि । ठाउँ-ठाउँमा शरीरमा काँडा उम्रिएजस्तो हुन्थ्यो । ठाउँ-ठाउँमा आफसेआफ ऊर्जा आउँथ्यो । अहिले पनि प्रिय सुफीको जुनसुकै पन्ना पल्टाएर पढ्न थाल्छु, लाग्छ कथा त्यहीँबाट सुरु भएको छ ।

अहिले यतिबेला म प्रिय सुफी पढिसकेपछि आएका पाठकहरूको प्रतिक्रियाको न्यानो घाम तापिरहेको छु । एउटा लेखकका लागि संसारमा सबैभन्दा महत्वपूर्ण र प्रिय अनुभव नै यही हो कि आफूले भन्नखोजेको कुरा पाठकले राम्रोसित सुनून् ।

मैले जे भोगेँ, जति भोगेँ त्यो भोगाइको एक चौथाइ भाग मात्र हो– प्रिय सुफी । उपन्यास मेरो आत्मसन्तुष्टिका लागि त पक्कै हो तर मैले पाठकहरूको धैर्यलाई पनि मध्यनजर गर्नुपर्ने हुन्छ । त्यसैले आफ्ना सबै भोगाइ र दुखाइलाई मैले यसमा पोखिनँ । ती कुनै बेला, लामा छोटा लेख, रचना, कथा, उपन्यास आदिका रूपमा पक्कै बाहिर आउनेछन् ।

# सदावहार १० पुस्तक



अमर न्यौपाने

सेतो धरती उपन्यासमा ०६८ सालको मदन पुरस्कार विजेता लेखक हुन्– अमर न्यौपाने । उनी सरल भाषा, मीठो शब्द संयोजन एवं सुन्दर प्रस्तुतीका लागि माहिर छन् । नेपालमा धेरै पढिने र धेरै रुचाइएका लेखक अमरका करोडौं कस्तूरी, पानीको घाम, कलिलो मन जस्ता कृति प्रकाशित छन् । उनको पहिलो कृति पानीको घामले २०६६ सालको पद्मश्री साहित्य सम्मान प्राप्त गरेको थियो । त्यस्तै २०६७ मा बालकथा संग्रह कलिलो मनले पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार प्राप्त गरेको थियो । साहित्यकार अमर न्यौपानेको नजरमा नेपाली साहित्यका १० सदाबहार पुस्तक :

**मुनामदन :** महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनमा मानवतावादी र लोकजीवनको सजीव चित्रण भेटिन्छ । यसको आकर्षक झ्याउरे लय तथा मन्त्र जस्ता लाग्ने हरफहरूले हर कसैको मन छुन्छ । दिमागभन्दा मन छुने पुस्तक हो– मुनामदन ।


**नासो :** गाउँको जीवनलाई टपक्कै टिपेर यथार्थ चित्रण गर्ने कुशल कथाकार हुन्– गुरुप्रसाद मैनाली । पाठकलाई पात्र र परिवेशभित्र तानेर पुर्‍याउने क्षमता नासो कथासंग्रहमा छ । यो कृतिमा संग्रहित कथाहरू २००७ सालपूर्व तथा पछिको अवधिमा लेखिएको हो । तत्कालीन समय र समाजको रीतिस्थितिका बारेमा लेखिएका मैनालीका कथामा झर्रो नेपाली भाषाको कलात्मक प्रयोग पाइन्छ । नासोमा ११ वटा कथा पढ्न पाइन्छ ।

**वसन्ती :** इतिहासलाई उपन्यास बनाउन सक्ने जादु भएका डायमण्डशमशेर राणाको वसन्तीले त्यस्ता मानिसलाई पनि छुन्छ, जसलाई इतिहासमा रुचि छैन । वसन्ती डायमण्ड शमशेरको ऐतिहासिक उपन्यास हो । आधारित यो उपन्यासको कथा दरबारकी नर्तकी वसन्ती, महारानीका प्रेमी गगनसिंह खवास, महारानी लक्ष्मीदेवी र जंगबहादुर राणाको वरिपरि घुम्छ ।

**घुम्ने मेचमाथि अन्धो मान्छे :** गद्य कविताको ट्रेन्डसेटरमध्ये एक हो, भूपी शेरचनको यो कविता-संग्रह । गोपालप्रसाद रिमालको विद्रोही कविता-संग्रह आमाको सपनाको उत्कर्ष रुप हो यो कविता-संग्रह ।

**सुम्निमा :** जीवन दर्शनको गहिराइ तथा चिन्तनको उच्चतम रुप हो– सुम्निमा । शरीर ठूलो कि आत्मा भन्ने विषयमा बिपी कोइराला कल्पना अद्भुत लाग्छ । सुम्निमामा सुम्निमा र सोमदत्तबीचको प्रेमको सेरोफेरोमा दुवैको यौन मनोविज्ञान विश्लेषण गरिएको छ । यो उपन्यासको सार प्रेमले मानिसलाई शारीरिक रूपमा टाढा भए पनि मानसिक रूपमा नजिक बनाउँछ भन्ने हो ।

**राधा :** पुराणलाई उपन्यास बनाउनु र भगवान्लाई मानवीकरण गर्नु नै राधा उपन्यासको शक्ति हो । यसको कथा भन्ने शैली र प्रवाह आकर्षक छ । कल्पनाशीलताका लागि पनि कृष्ण धरावासीको यो उपन्यास पठनीय छ । राधा भगवान् कृष्णको विख्यात प्राणसखी, ब्रज धामका मुखिया वृषभानुकी पुत्री हुन् । राधा-कृष्ण शाश्वत प्रेमका प्रतीक मानिन्छन् । राधाकी आमा कीर्तिका लागि वृषभानु पत्नी शब्द प्रयोग गरिन्छ । राधालाई कृष्णकी प्रेमिका त कतैकतै पत्नीका रूपमा उल्लेख गरिएको छ ।








**उलार :** निम्नवर्गका मानिसहरू, त्यसमा पनि मधेसको कथा । राजनीतिमा धेरैपछि मधेसको मुद्दा उठ्यो, साहित्यमा धेरै पहिले उलारमा उठाइएको थियो । छोटाछोटा वाक्य र वर्णनमा झड्का दिने गरी यसको कथा बुनिएको छ । उलार २०५३ सालमा पहिलोपल्ट तन्नेरी द्वैमासिक पत्रिकामा र २०५५ सालमा पुस्तकाकार रुपमा तन्नेरी प्रकाशनबाट प्रकाशित चर्चित नेपाली उपन्यास हो । एउटा निम्नवर्गीय टाँगा चालकको घोडाको मृत्युपछिको वियोगान्त कथा समेटिएको यो उपन्यास ८० पृष्ठको छ ।

**कर्नाली ब्लुज :** बुद्धिसागरको यो उपन्यास आकर्षक भाषाशैली तथा कलात्मक शिल्पका लागि प्रख्यात छ । सानासाना कुराको मिहिन वर्णन, जसलाई हामी त्यति वास्ता गर्दैनौं तर ती मन छुने खालका हुन्छन् । यस्ता अनेक प्रसंग नै यो उपन्यासको शक्ति हो ।


**ल्याम्पपोस्टबाट खसेको जून :** मनु मन्जिलको यो कविता-संग्रह कविता कतिसम्म कलात्मक हुन्छ भन्ने कुराको उच्चतम रूप हो । पढ्दै जाँदा कविताका डोबहरूले बाँधिरहन्छन् ।

**सगरमाथाको गहिराइ :** कथा भनेजस्तो लाग्ने यो पुस्तकका कविताको सबैभन्दा ठूलो शक्ति भनेकै भाषाको खेल र उक्ति वैचित्र्यता हो । कवि नवराज पराजुली साधारण कुरालाई विचित्र ढङ्गले भनेर हृदयको तार हल्लाउँछन् ।















अपराध

## मार्नकै लागि दुबईबाट नेपाल

# श्रीमतीको बेइमानीले बनायो हत्यारा




Sanjit Thapa
August 26

"कृपया एकचोटी अबस्य पढिदिनुहोला"
बर्षौदेखी लुकी लुकी टोक्दै अरूलाई दुखपिडा दिदै आईरहेको अण्डरवल्ड डग लाई मार्दा फासीको सजाय हुनुपर्छ भन्दै बिज्ञप्ती जारी गर्ने राजनितिक दल र आफूलाई समाजसेवी भन्नेहरु, जिबन निर्वाह गर्नको लागी बिदेशी भुमीमा आफ्नो रगत र पसिना बेचीरहेका ब्यक्तीले बर्षौ देखि साम दाम भेद प्रयोग गर्दै सुधरिने अवसर धेरै पटक दिदा पनि, मिहिनेत गरेर खान खोज्ने एक निर्दोष ब्यक्तीको ईज्जत संग खेलबाड गर्दै बदनाम गराउदै सिङ्गो परिबार नै तहस नहस बनाईदिने अनि बर्षौ बिदेसमा काम गरेर घर फर्कदा आफ्नो घर जान पनि नसक्ने परिस्थिति सृजना गर्ने ब्यक्ति र उक्त कार्यमा सहयोगी भुमिका निर्वाह गर्नेहरू लाई के सजाय दे सरकार भनेर बिज्ञप्ती जारी गर्छौ ? मलाई फासी मात्रै किन त्यो भन्दा पनि कडा सजाय दे सरकार हासी हासी स्विकार्छु तर आफ्नो परिवारको खुसीको लागी म जस्ता लाखौ युवाहरू बिदेशीयका छन.तिनीहरूकै रेमीट्यानसले देश चलेको सर्वविधीतै छ. तिनीहरुकै ईज्जत संग खेलवाड गर्दै बिनाकारण बदनाम गराउदै सिंगो परिवार तहसनहस बनाईदिने लाई के सजाय दिन्छौ ? हो ओखलढुङगा मोलुङ ३ हर्कपुर निबासी सन्तोष कार्की लाई अन्तीमपटक बर्षौ देखि मलाई दुखपिडा दिदै बदनाम गराईदिनुको कारण सोधपुछ गर्न सम्झाउन भदौ ५ गते उस्को घर पुगेको थिय तर उल्टै म माथि हातपात गर्नपुग्दा धारीलो हतियार प्रयोग गरीअन्तिम विकल्प स्वरुप उस्लाई दण्ड दियकै हु, सत्यतथ्य को बास्तबिक कारण उस्कै मुखबाट जान्नकै लागी उस्को शरिरमा आबस्यक भन्दा धेरै प्रहार गरेकै हु र मर्नेबेलामा उस्ले आफ्नो गल्ती स्विकार गरदै भनेका केहि शव्दहरू समावेस गराईन , मेरा सवै बिकल्पहरू असफल हुन पुग्दा दण्डलाई नै मेरो अन्तिम बिकल्पको अस्त्र बनाउन पुग्दा म बाट गल्ती भयकै हो। गल्ती गर्ने जो कोही कानुनको भागीदार बन्नैपर्छ त्यसैले म पनि छिटो भन्दा छिटो उचित स्थानपर कानुन समक्ष आत्मसमर्पण गर्ने छु ।
"के सोचेर अगाडी बढीरहेको थिय तर आज मेरो जिवनलिला नै समाप्त गरीदिय षडयन्त्रकारी हरूले"

642 219 Comments 181 Shares

कुम्भराज राई

**सन्जितले सन्तोषमाथि यति धेरै छुरा प्रहार गरे कि उनी मरे-बाँचेको समेत सन्जितलाई होस भएन । त्यसपछि त्यहाँबाट भागेर उनी दुई दिनजति ककनीको जंगलमा बास बसे । तेस्रो दिन मोलुङ खोला झरेर त्यसको किनारैकिनारको बाटो हुँदै घुर्मी पुगे । घुर्मीबाट उनी कटारीतर्फ लागे । सन्जित कटारीबाट बस चढेर दाङ पुगे अनि फेसबुक स्टाटस पोस्ट गर्दै सन्तोषको हत्या गरेको कुरा लेखे ।**

गत भदौ ५ गते मोलुङ गाउँपालिका-३ का २७ वर्षीय सन्तोष कार्की रक्ताम्य अवस्थामा मृत फेला परे । दिउँसो ३ बजेतिर घरको कोठामा रक्ताम्य अवस्थामा भेटिएका कार्कीको हत्या भएको पुष्टि हुने पर्याप्त आधार थिए । घरमा कोही नभएका बेला कसले दिउँसै उनको हत्या गऱ्यो भन्ने रहस्य भने गर्भमै थियो । यद्यपि घरबाट केही पर फेला परेका छुरी, चप्पल आदि सामग्रीले अनुसन्धान सुरु गर्न केही सहज बनाए ।

कार्कीको घर सोध्दै आएका एक युवालाई देख्ने स्थानीय बासिन्दाका कारण प्रहरीलाई हत्याराको हुलिया पहिचान गर्न सजिलो भयो, तर हत्यारा तत्काल पक्राउ भने परेनन् । प्रहरी अनुसन्धानकै क्रममा थियो । घटनाको पाँच दिनपछि भदौ १० गते फेसबुकमा स्टाटस लेख्दै सन्जित थापा नामका व्यक्तिले सन्तोष कार्कीको हत्या गरेको स्वीकार गरे । उनले स्टाटसमा छिट्टै आत्मसमर्पण गर्ने कुरा समेत उल्लेख गरेका थिए तर उनी आत्मसमर्पणका लागि भने आएनन् । मृतक सन्तोष कार्कीको निर्मम तवरबाट हत्या भएको थियो । जो-कोहीले घटनास्थलमा उनको शवसमेत हेर्न सकेनन् । छुराले घाँटीदेखि शरीरका विभिन्न अंगमा दर्जनौं पटक प्रहार गरिएको थियो । शरीरका अंगहरू छिया-छिया भएका थिए । घटनाको प्रकृति हेर्दा ठूलै प्रतिशोध साँध्न उक्त हत्या गरिएजस्तो देखिन्थ्यो ।

### हत्याको कारण

सन्जित दुबई प्रहरीमा कार्यरत थिए । उनकी श्रीमती नेपालमै थिइन् । उनीहरूका एक छोरी पनि छिन् । यता सन्जितकी श्रीमतीको प्रेमसम्बन्ध सन्तोष कार्कीसँग झाँगिन थालेको आरोप छ । सन्जितकी श्रीमती र सन्तोष कार्की कलेज पढ्दाका सहपाठी भएको बताइन्छ । त्यसकै आधारमा सन्तोष र उनको प्रेमसम्बन्ध पहिलेदेखि नै रहेको अनुमान छ । सन्जितसँग विवाह गरे पनि उनी दुबई बस्ने भएकाले सन्तोष र उनकी श्रीमतीबीचको उठबस बाक्लै थियो । यो सम्बन्धका बारेमा सन्जितले बिस्तारै चाल पाउँदै गए । उनले श्रीमती र सन्तोष दुवैलाई बेला-बेला सम्झाएको कुरा उनले प्रहरीलाई दिएको बयानमा उल्लेख छ । गत फेब्रुअरी १४ 'भ्यालेन्टाइन डे' का दिन सन्तोष कार्कीले फेसबुकमा आफ्नी प्रेमिकाको तस्बिर पोष्ट गरे । तस्बिरमा अनुहार नदेखिए पनि प्रेमिका भनिएकी युवती आफ्नै श्रीमती भएको कुरामा सन्जित विश्वस्त थिए । त्यसयता सन्जित निकै तनावमा भएको जानकारहरू बताउँछन् । दुबईमा तत्काल छुट्टी नमिल्ने भएकाले उनी नेपाल फर्कन पाइरहेका थिएनन् ।

### हत्या गर्न दुबईबाट ओखलढुंगा

छुट्टी मिल्नेबित्तिकै सन्जित गत साउन ३० गते काठमाडौं एयरपोर्ट ओर्लिए । काठमाडौंबाट उनी सोझै आफ्नो घर दाङ, भालुवाङ पुगे । भालुवाङ पुग्दा उनकी श्रीमती छोरी लिएर काठमाडौं आइसकेकी थिइन् । सन्जितले घरमा १० मिनेटजति मात्र बिताए । उनलाई ओखलढुंगा कताबाट जानुपर्छ भन्नेसमेत जानकारी थिएन ।

दाङबाट बस चढेर हिँडेका कार्की उदयपुरको गाईघाट पुगे । गाईघाटमा उनले खुकुरी र छुरी किने अनि भोलिपल्ट ओखलढुंगातर्फ लागे । ओखलढुंगा सदरमुकाम पुगेपछि उनले रमाइलोडाँडास्थित एउटा गेस्ट हाउसमा कोठा लिए । भोलिपल्ट रामपुर पुगेर अर्को होटलमा बसे । त्यहाँबाट उनले सन्तोष कार्कीको घर, ठेगाना पत्ता लगाए अनि केही समयमा आउँछु भन्दै होटलको कोठा थुनेर दिउँसै निस्किए । थापा मूलबाटो नभएर केही घुमेर सन्तोषको घर सोध्दै अघि बढे । गाउँको बस्तीबाट अलि माथि एक्लो घर भएकाले कार्कीको घरमा के भैरहेको छ भनेर हत्तपत्ति कसैले पत्तो पाउन सकिने स्थिति थिएन् । सन्तोषका बुवाआमा घाँस-गोठाला गर्न घरबाहिर थिए । संयोग हुन सक्छ, सन्जित पुग्दा सन्तोष घरमा एक्लै थिए । उनी सरासर घरभित्र छिरे । 'सन्तोष' भनेर बोलाइएपछि कोठाभित्रका सन्तोष बाहिर निस्किए । त्यतिबेला सन्तोषले अनुहारमा फेसियल वा कुनै किसिमको क्रिम दलेका थिए । सन्जितले क्रिमले सेतै अनुहार भएका सन्तोषलाई देखे । उनलाई ती व्यक्ति सन्तोष नभएर कुनै केटी हुन् कि भन्ने भ्रम पनि भयो । त्यसपछि थापा अलिकति पछाडि सरे, तर तत्काले ती केटी नभएर सन्तोष नै भएको ठम्याए । त्यसपछि उनीहरूबीच सामान्य वादविवाद भयो । सन्जितले आफ्नो बयानमा सम्झाउन खोज्दा उल्टै आफूमाथि आक्रमण गरेपछि आफूले छुरा प्रहार गरेको बताएका छन् । यद्यपि सन्तोषको कोठा र आसपास कुनै हतियार नभएकाले उनले आक्रमण गरेको हुन नसक्ने प्रहरीको अनुमान छ ।

सन्जितले सन्तोषमाथि यति धेरै छुरा प्रहार गरे कि उनी मरे-बाँचेको समेत सन्जितलाई होस भएन । त्यसपछि त्यहाँबाट भागेर उनी दुई दिनजति ककनीको जंगलमा बास बसे । तेस्रो दिन मोलुङ खोला झरेर त्यसको किनारैकिनारको बाटो हुँदै घुर्मी पुगे । घुर्मीबाट उनी कटारीतर्फ लागे । सन्जित कटारीबाट बस चढेर दाङ पुगे अनि फेसबुक स्टाटस पोस्ट गर्दै सन्तोषको हत्या गरेको कुरा लेखे । प्रहरीले लोकेसन ट्र्याप गर्दै जाँदा उनी दाङमा फेला परेनन् । उनलाई प्रहरीले भदौ १५ गते बाँकेको कोहलपुरबाट पक्राउ गऱ्यो । इलाका प्रहरी कोहलपुर बाँके तथा विराटनगर प्रहरीको संयुक्त अनुसन्धान टोलीले नेपालगन्ज उपमहानगरपालिका-१० स्थित बसपार्कबाट सन्जितलाई पक्राउ गरेको थियो । प्रहरीले अहिले सन्जितविरुद्ध मुलुकी अपराध संहिता ऐन २०७४, ज्यान सम्बन्धी कसुर मुद्दाअन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गराएको छ भने जिल्ला अदालतले सन्जितलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ । साबिती बयानमा सन्जितले आफूले हत्या गरेको कुरा स्वीकार गरेका छन् । फेसबुकमा हत्या स्वीकार गर्नुअघि प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सिसी क्यामेरा फुटेज, कल डिटेलगायतका माध्यमबाट सन्जितले नै हत्या गरेको हुन सक्ने अनुमान गरिसकेको थियो । जब सन्जित आफैंले फेसबुकमार्फत उक्त हत्याको जिम्मेवारी लिए, त्यसपछि प्रहरीलाई उनलाई पक्राउ गर्न थप सहज भयो ।

## को हुन् सन्जित थापा ?

धर्मावती, प्युठानका सन्जितको परिवार हाल राप्ती गाउँपालिका-३, भालुवाङ, दाङमा बस्दै आएको छ । ३७ वर्षका सन्जितकुमार थापा सुरुमा नेपाल प्रहरीमा थिए । नेपाल प्रहरी छोडेर उनी नेपाली सेनामा भर्ती भए । दुबई प्रहरीले १ सय ५० जना नेपाली सैनिकलाई दुबई प्रहरीमा लिने निर्णय गरेपछि भाग्यवश: उनी पनि छनौटमा परे । नेपाली सेनाबाट राजीनामा दिएर उनी दुबई प्रहरीमा भर्ना भए । उनको कमाइ राम्रै थियो ।

दुबई प्रहरीमा कार्यरत छँदै जेठी श्रीमतीसँग उनको सम्बन्ध बिग्रियो । ठूलै रकम दिएर उनले श्रीमतीसँग सम्बन्धविच्छेद गरे । त्यसपछि उनले मागी विवाह गरेका थिए । विवाहपश्चात् कान्छी श्रीमतीको परपुरुषसँग सम्बन्ध भएको थाहा पाए । विभिन्न समयमा फेसबुकमा लेखिएका स्टाटसबाट पनि उनको मानसिक अवस्था



विक्षिप्त रहेको अनुमान गर्न सकिन्छ ।

उज्ज्वल भविष्यको सपना देख्दै खाडीको चर्को गर्मीमा संघर्षरत सन्जित अहिले जिल्ला कारागार ओखलढुंगाको चिसो छिँडीमा छन् ।


# स्मार्टफोन किन्ने मौसम

नेपालमा मोबाइल बजारको सम्भाव्यता बढ्दै गएको छ। कुनै समय राजधानीको न्युरोडलाई मोबाइल हब मानिन्थ्यो। यद्यपि अहिले अन्य स्थानमा समेत मोबाइल बजार विस्तार हुने क्रम बढिरहेको छ। न्युरोडस्थित ताम्राकार मोबाइल व्यापार संघका सचिव एवं मोबाइल व्यवसायी गुरुदत्त शर्मा चाडपर्वको समयमा ग्राहक पनि निकै बढ्ने र कम्पनीहरूले विभिन्न आकर्षक स्किम ल्याउने भएकाले मोबाइलको व्यापार उत्साहजनक हुने बताउँछन्।

दसैं-तिहारजस्ता चाडपर्व नजिकिँदै जाँदा बजारमा नयाँ मोबाइल अर्थात स्मार्टफोन खोजी गर्नेहरू पनि बढ्दै जान्छन्। कुनै जमानामा यस्ता चाडपर्वमा नयाँ पहिरन लगाउनुपर्छ भन्ने संस्कार थियो भने उक्त संस्कार परिवर्तन भएर अब नयाँ मोबाइल फेर्नुपर्छ भन्ने चलनको विकास भएको छ। मानिसका आवश्यकता अनगिन्ती हुन्छन्। यद्यपि अहिले यो आवश्यकता मोबाइलमा आएर अडिएको छ। नयाँ मोबाइल पाएपछि अन्य आवश्यकतालाई थाति राख्नेहरू पनि त्यत्तिकै छन्।

मोबाइल बोक्ने संस्कृतिमा पनि विस्तारै परिवर्तन आइरहेको छ। एउटा व्यक्तिले कति समयमा मोबाइल फेर्छ होला ? मोबाइल व्यवसायीहरूका अनुसार सामान्यतः मोबाइलप्रति अलि क्रेजी मानिसले ६ महिनामा र अरूले एकदेखि डेढ बर्षमा मोबाइल फेर्छन्। विश्व प्रचलित ब्रान्डले नयाँ मोडल बजारमा उतार्नासाथ नेपालमा तुरुन्तै त्यसको खोजी गर्नेहरू पनि बढिरहेका छन्।

व्यवसायीहरूका अनुसार नेपालमा वार्षिक करिब २५ लाख थान मोबाइल बिक्री हुन्छ। त्यस्तै व्यापारको आकारसमेत बढेर वार्षिक करिब १२ अर्ब रुपैयाँ पुगेको व्यवसायीहरू बताउँछन्। नेपालको मोबाइल बजार वार्षिक २० देखि २५ प्रतिशतले बढिरहेको छ। नेपाली बजारमा करिब ४० वटा ब्रान्डको उपस्थिति छ। तीमध्ये करिब एक दर्जन ब्रान्डको बजार राम्रो मानिन्छ।



## हुवावे नोभा-३ आई

६.३ इन्च डिस्प्ले, एन्ड्रोइड ओरियो ८.१ ओएस, १६ एमपी क्यामेरा, ४ जिबी र्‍याम, १२८ जिबी इन्टरनल मेमोरी

मूल्य : रु. ३८,९९९।-




## मोटो ई-४ प्लस

क्वाडकोर मिडियाटेक प्रोसेसर, एन्ड्रोइड नुगट ओएस, १३ एमपी क्यामेरा, ३ जिबी र्‍याम, ३२ जिबी इन्टरनल मेमोरी

मूल्य : रु. १७,४९९।-




## शाओमी रेडमी ६

मिडियाटेक प्रोसेसर, ३ जीबी र्‍याम र ६४ जीबी स्टोरेज, ५.४५ इन्च डिस्प्ल, १२ मेगापिक्सेल क्यामेरा

मूल्य : रु. १६,४९९।-




## भिभो वाई-८१

अक्टाकोर प्रोसेसर, एन्ड्रोइड ओरियो ८.० ओएस, १३ एमपी क्यामेरा, ३ जिबी र्‍याम, ३२ जिबी स्टोरेज

मूल्य : रु. २२,०९०।-





## सामसुङ ग्यालेक्सी जे-६

अक्टाकोर प्रोसेसर, एन्ड्रोइड ओरियो ८.० ओएस, १३ एमपी क्यामेरा, ३ जिबी र्‍याम, ३२ जिबी स्टोरेज

मूल्य : रु. २४,९९०।-




## नोकिया ६.१ प्लस

अक्टाकोर प्रोसेसर, एन्ड्रोइड ओरियो ओएस, १६ एमपी क्यामेरा, ६४ जीबी स्टोरेज, ४ जीबी र्‍याम

मूल्य : रु. ३७,६३५।-

## ओप्पो ए-३ एस

अक्टाकोर स्न्यापड्रागन प्रोसेसर, एन्ड्रोइड ४.२ जेलीबिन ओएस, १३ एमपी क्यामेरा, २ जीबी र्‍याम, १६ जीबी स्टोरेज

मूल्य : रु. १९,५००।-

स्रोत : सामसुङ मोबाइल एन्ड इलेक्ट्रोनिक्स, ताम्राकार कम्प्लेक्स, सप नम्बर ४१ तथा ४५, न्युरोड

# मध्यम स्तरका बाइक तथा स्कुटर



चाडपर्वको समयमा नयाँ सवारी साधनका रूपमा बाइक तथा स्कुटर किन्नेहरू प्रशस्तै हुन्छन् । हिजोआज दसैंलाई नयाँ कपडा लगाउने र रमाइलो गर्ने मात्र होइन, नयाँ सवारी साधन किन्ने पर्वका रूपमा समेत मनाउन थालिएको छ । यो गाडी बिक्री हुने मुख्य सिजन हो । यति बेला व्यावसायीहरूको ठूलो मेहनतबिना नै गाडी बिक्री हुने गरेको छ । दसैं-तिहारलाई नयाँ लगाउने र मिठो खाने पर्वका रूपमा लिने संस्कार छ । यस क्रममा नयाँ गाडी चढ्नुपर्‍यो भने पनि धेरैले दसैं-तिहार नै कुर्ने गरेका छन् । यो वर्ष पनि विभिन्न कम्पनीले नयाँ बाइक तथा स्कुटरहरू भित्र्याएका छन् । तीमध्ये मध्यमस्तरीय एवं लोकप्रिय मुख्य बाइक तथा स्कुटर :



### टीभीएस अपाचे आरटीआर १६० ४भी

टीभीएस अपाचे आरटीआर १६० ४भी मा ४ भल्भ, आयल कुल्ड इन्जिन छ। १५९.७ सीसी सिंगल सिलिन्डर, ४ स्ट्रोक, ४ भल्भ इन्जिन उक्त मोटरसाइकलले १६.५ पीएस पावर ८००० आरपीएममा र १४.८ एनएम टर्क ६५०० आरपीएममा जेनरेट गर्छ। टीभीएस अपाचेको स्पिड आरटीआर १६० फोर भी पावर टु वेट रेसियोमा टप १ सय १३ किलोमिटर प्रतिघण्टा छ, जसले आश्चर्यजनक रुपमा ०.६० किलोमिटर प्रतिघण्टा मात्र ४.७३ सेकेन्डमा पूरा गर्छ। मोनोसक सस्पेन्सन तथा रेजर सार्प ह्याण्डलिङ यो मोटरसाइकलको आकर्षण हो। यो बाइकको मूल्य २ लाख ७९ हजार ९ सय रुपैयाँ पर्छ।

### यामाहा आर १५ भी ३.०

यामाहा आर १५ भी ३.० पहिलो पटक नेपाल भित्रिएको छ। केही दिन पहिले सम्पन्न नाडा अटो शोमा यसलाई सार्वजनिक गरिएको थियो। यामाहा आर १५ भी ३.० मा १ सय ५५ सीसी सिंगल सिलिन्डर, ४ भल्भ तथा लिक्विड कुल्ड इन्जिन छ। यसमा प्रयोग भएको इन्जिनले १९ बीएचपी पावर तथा १५ एनएम टर्क प्रदान गर्छ। ६ स्पिड गियरबक्सयुक्त यो मोटरसाइकल प्रतिघन्टा १ सय ३५ किलोमिटरको गतिमा कुद्न सक्ने बताइएको छ। यसमा फुल एलईडी हेडल्याम्प तथा स्लिपर क्लच छ भने अल डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टरका साथै एलईडी टेल ल्याम्प पनि दिइएको छ। नेपालमा यामाहा आर १५ भी ३.० को मूल्य ४ लाख १७ हजार ९ सय रुपैयाँ पर्छ।

### होन्डा एक्स-ब्लेड

होन्डाले नयाँ मोटरसाइकल एक्स-ब्लेड नेपाली बजारमा उपलब्ध गराएको छ। सुरुवाती चरणमा यसको मूल्य २ लाख ८५ हजार ९ सय रुपैयाँ राखिएको छ। एक्स-ब्लेड आफ्नो नामजस्तै सार्प लुक्सको छ। यो मोटरसाइकलमा फुल एलईडी हेडलाइट र डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर जस्ता अत्याधुनिक फिचर समेत उपलब्ध छन्। होन्डा एक्स-ब्लेडमा १६२.७ सीसीको सिंगल सिलिन्डर, एयर कुल्ड इन्जिन छ, जसले १३.९३ बीएचपी पावर तथा १३.९ एनएम टर्क प्रदान गर्छ।

यसमा रेजरजस्तै किनारा भएको एलईडी टेल ल्याम्प छ। यसका कारण आफू भन्दा पछि आइरहेको अन्य सवारी साधनले यसलाई राम्रोसँग देख्न सक्छन्। यसमा सार्प डिजाइनको इन्धन ट्यांकी छ, जुन अन्य बाइकको ट्यांकीभन्दा फरक देखिन्छ। एलईडी हेडल्याम्प तथा फ्ल्यासिङ इन्डिकेटर लाइटले यसलाई थप आकर्षक बनाएका छन्। त्यसैगरी यसमा कम मात्र मर्मत गरे पुग्ने खालको सिल चेन उपलब्ध छ।

### हिरो एक्स्ट्रिम २०० आर

एक्स्ट्रिम २०० आरको मूल्य २ लाख ८६ हजार ५ सय रुपैयाँ पर्छ। यसमा एन्टी-लक ब्रेकिङ सिष्टमलगायतका विभिन्न सुविधा उपलब्ध छन्। हिरो एक्स्ट्रिम २०० आरमा नयाँ प्रणालीको बीएस फोर २०० सीसी एयरकुल्ड इन्जिन छ। यसले १८.४ पीएस पावर तथा १७.१ एनएम टर्क उत्पादन गर्छ। यो बाइकलाई शून्यदेखि ६० किलोमिटरको दूरी पूरा गर्न मात्र ४.६ सेकेन्ड लाग्छ। एक्स्ट्रिम २०० आर बाइकको अधिकतम गति प्रतिघण्टा १ सय १४ किलोमिटर छ।

### पल्सर एनएस १६० डबल डिस्क

बजाजको नयाँ बाइक पल्सर एनएस १६० डबल डिस्कमा उपलब्ध १६० सीसीको फोर स्ट्रोक आयलकुल्ड इन्जिनले १५.५ बीएचपी पावर तथा १४.६ एनएम टर्क उत्पादन गर्छ। इन्जिनमा फाइभ स्पिड म्यानुअल गियरबक्स छ। नयाँ बाइकको टायर साइज पनि पुरानोको तुलनामा मोटो छ। बाइकको अगाडिको पांग्रामा २४० एमएम तथा पछाडिको पांग्रामा २३० एमएमको डिस्क ब्रेक छ। पहिलेको पल्सर एनएस १६० मा कुनै पनि मेकानिकल परिमार्जन नगरिएको यो बाइक तयार पारिएको कम्पनीले जनाएको छ। यसको मूल्य २ लाख ८९ हजार ९ सय रुपैयाँ छ।

### यामाहा रे जेडआर स्ट्रिट र्‍याली एडिसन

यो यामाहाको रे जेडआर स्कुटरको नयाँ भर्सन हो। यसको डिजाइन स्ट्यान्डर्ड मोडल भन्दा बढी स्पोर्टी तथा एग्रेसिभ छ। यसमा भएको नकल गार्डले हावाको झोक्काको असर ह्यान्डल ग्रिपमा सिधा पर्न दिदैन। यसमा भएको बोल्ड न्यू भाइजरले स्कुटरलाई थप स्पोर्टी तथा आकर्षक बनाएको छ। यसमा ११३ सीसी एयरकुल्ड ब्लुकोर इन्जिन छ, जसले ७.१ बीएचपी पावर तथा ८.१ एनएम टर्क प्रदान गर्छ। यसमा सीभीटी गियरबक्स छ। यामाहा रे जेडआर स्ट्रिट र्‍यालीको बजार मूल्य २ लाख ८ हजार ९ सय रुपैयाँ तोकिएको छ।

### टीभीएस एनटर्क

युवा वर्गलाई लक्षित गरेर डिजाइन गरिएको एनटर्क स्कुटर टीभीएस रेसिङ प्लेटफर्मका साथ ३ भल्ब इन्जिनयुक्त छ। यसको सुरुवाती मूल्य २ लाख २४ हजार ९ सय रुपैयाँ छ। यो स्कुटर सेग्मेन्टमै पहिलो डिजिटल कन्सोल प्रयोग गरिएको स्मार्ट स्कुटर हो। टीभीएस एनटर्क १२५ मा न्यू जेनरेसन सिभिटीआइ आरइभिभी १२६.७९ सीसीको सिगंल सिलिन्डर, ४ स्टोर्क, ३ भल्ब एयरकुल्ड इन्जिन छ। यसले ७५०० आरपीएममा ९.४ पिएस तथा ५५०० आरपीएममा १०.५ एनएम टर्क जेनरेट गर्छ। यो स्कुटरको लो फ्युल वार्निङले रिजर्वमा आएपछि कति दुरीपार गरेको छ भन्ने कुरा देखाउँछ। यसलाई स्टार्ट गर्नासाथ हेलमेटको आइकन डिस्प्लेमा देखिन्छ जसले गर्दा हेल्मेट नलगाई बाहिर निस्कने सम्भावना अत्यन्त न्युन रहन्छ।

### अप्रिलिया एसआर

अप्रिलिया एसआर १२५ सीसीको स्कुटर हो। यो स्कुटरको मूल्य २ लाख ३५ हजार ९ सय रुपैयाँ छ। यसमा फाइभ स्पकेट, १४ इन्च ब्ल्याक एलोई ह्विल तथा ट्युबलेस टायरको प्रयोग गरिएको छ। यसमा उच्चतम ९.९ एनएम टर्क सहित लाम्चो सिट एवं केही उठेको ह्यान्डलले चालकको सुरक्षा र सहजताका लागि ठुलो भुमिका खेल्ने कम्पनीको दाबी छ। एसआर १२५ को टप स्पिड ११० किमि प्रतिघण्टा रेकर्ड गरिएको अप्रिलियाले जनाएको छ।

### भेस्पा भीएक्सएल

भेस्पाका स्कुटर आफ्नो फरक स्टाइलका कारण चर्चित छन्। नेपालमा ती मध्ये पनि भीएक्सएल मोडल बढी लोकप्रिय छ। यसमा १ सय २५ सीसीको थ्री भल्व इन्जिन छ, जसले १०.०६ पीएस पावर र १०.६ एनएम टर्क प्रदान गर्छ। यसमा मोनोकक फुल स्टिल बडी छ, साथमा थ्री फेज इलेक्ट्रिकल सिस्टम तथा अटो इग्निसन छ। यसको अघिल्लो पांग्रामा डिस्क ब्रेक तथा पछिल्लो पांग्रामा ड्रम ब्रेक जडान गरिएको छ। ट्युबलेस टायरयुक्त भेस्पा भीएक्सएल १२५ को मूल्य ३ लाख ९ हजार ९ सय ४६ रुपैयाँ पर्छ।

### होन्डा ग्राजिया

समकालीन सहरी डिजाइनमा आधारित होन्डा ग्राजिया आकर्षक तथा स्टाइलिस छ। यो आधुनिक स्कुटरलाई पूर्णरुपमा रि-डिफाइन गर्न सफल छ। एलइडी हेडल्याम्प युक्त यो स्कुटरमा १२५ सीसीको इन्जिन जडान गरिएको छ। होन्डा इको टेक्नोलोजीको प्रयोगका कारण यो स्कुटरमा बढी माइलेज र पावर हुनुका साथै १९० एमएम फ्रन्ट डिस्क ब्रेक भएकाले यसलाई आवश्यक समयमा रोक्न सहज छ। यसमा फ्रन्ट ग्लोब बक्स तथा मोबाइल चार्जिङ सकेट समेत हुन्छ। होन्ड ग्राजियाको मूल्य २ लाख १८ हजार ९ सय रुपैयाँसम्म पर्छ।



# मन्दिर जाँदा

● सिर्जना दुवाल श्रेष्ठ

दसैं भन्नेबित्तिकै राम्रो लगाऊँ, मीठो खाऊँ भनिन्छ । अरू बेला क्याजुअल वेयरमा हिँड्ने जो-कोही पनि यति बेला फेस्टिभ लुक्समा सजिन चाहन्छन् । बालबालिकाहरूसमेत आकर्षक रूपमा मन्दिर, किनमेल वा टीका समारोहमा सहभागी हुन् रुचाउँछन् । जस्तोसुकै व्यक्तिले पनि दसैंमा नयाँ लुगा लगाउन खोज्छ । त्यसमा पनि सबैजसो अरूभन्दा फरक र आकर्षक देखिन डिजाइन तथा पैसामा सम्झौता गर्न चाहँदैनन् ।





**बालबालिकाहरूका लागि :** चकचके हुने र बढी दौडधूपसमेत गरिरहने हुँदा बालबालिकाहरूलाई सजिला पहिरन लगाइदिनुपर्छ । छोरीका लागि आमाकै पहिरनसँग सुहाउँदो रंगका धोती, सुरुवाल र कुर्ता, पञ्जाबी कुर्ता वा त्यही रंगका फ्रक उपयुक्त हुन्छन् । दसैंको बिहानी पख अलि-अलि चिसो हुने भएकाले पहिरनको माथिल्लो भागलाई भेल्भेटले डिजाइन गर्न सकिन्छ । यसले उनीहरूलाई आकर्षक देखाउनुका साथै न्यानो समेत राख्छ ।

छोराका लागि भने बुबाले लगाएकै स्टाइलको पाइजामा-कुर्ता, जिन्समा कुर्ता वा दौरा सुरुवाल लगाइ दिन सकिन्छ । उनीहरूलाई कटनका साथै, ढाकाको पहिरन पनि आकर्षक देखिन्छ ।



**पुरुषका लागि :** दसैंमा नवदम्पती तथा परिवारै सँगै मन्दिर जाने चलन छ । अचेल पुरुषहरू पनि आफ्नो पहिरनप्रति सचेत हुँदै गएका छन् । पुरुषका लागि कटनको पाइजामा कुर्ता, जिन्समा लंग कुर्ता, कटन पाइन्टमा सजिला कटनका सर्टहरू उपयुक्त हुन्छन् ।

**महिलाका लागि :** महिलाहरू सारी वा कुर्तामै मन्दिर जान रुचाउँछन् । यद्यपि मन्दिर जाँदा पहिरनको फेब्रिकमा बढी ध्यान पुऱ्याउनुपर्छ । फेस्टिभ लुक्सका साथै सजिलो र आगोले नटिप्ने फेब्रिकको पहिरन लगाउनुपर्छ । सारी लगाउने हो भने कटन, कान्जिबरम सिल्क, सफ्ट सिल्क तथा जर्जेटका हल्का साडी उपयुक्त हुन्छन् । रंगमा गुलाबी, पहेंलो, सुन्तला, हरियो, मिक्सजस्तो पनि रंग प्रयोग गर्न सकिन्छ । सकेसम्म सेतो, कालो तथा क्रिम रंगका सारी लगाउनु हुँदैन । अचेल कटनका सारीलाई पनि डिजाइनर लुक्स दिई नयाँपनमा ढालिएको पाइन्छ । ब्लाउजमा भने भेल्भेट, सिल्क, कटन, ब्रोकेट आदिमा क्वाटर वा फुल बाहुलाको डिजाइन गराउन सकिन्छ ।

कुर्ता लगाउने हो भने फ्लोरल प्रिन्टको स्टाइलिस्ट कुर्ताहरू लगाउन सकिन्छ । पञ्जाबी सुरुवाल, लेगिन्स, चुडिदार, प्लाजो, स्टेट पाइन्टदेखि जिन्ससँग कुर्ता लगाएर मन्दिर जान सकिन्छ । कटन एवं सिल्कमा विभिन्न रंग तथा फ्लोरल प्रिन्टका पहिरन बजारमा उपलब्ध छन् । रंगीचंगी कपडामा लंग कुर्ती, सेन्टर स्लिड कुर्ती तथा चौबन्दी स्टाइलका कुर्तीहरू परफेक्ट हुन्छन् । मन्दिर जाँदा सलबिनाका स्टाइलिस्ट तथा ट्रेडिसनल कुर्ताहरू पनि उपयुक्त हुन्छन् । लाइन बस्नुपर्ने, आगोले टिप्न सक्ने आदि कारणले एटेच सल भएका कुर्ता तयार गराउन सकिन्छ । यस्ता कुर्ता लगाउन सहज तथा हेर्दा युनिक लुक्स दिने खालका हुन्छन् ।

# टीका लगाउन जाँदा



"डिजाइनर स्टेट लाइन कुर्तीहरू पनि टीका लगाउन जाँदा राम्रो देखिन्छ । यसलाई प्लाजो, एंकल लेन्थ पाइन्ट वा जिन्सको लगाउँदा अझ आकर्षक देखिन्छ । त्यस्तै टीकाका अवसरमा लेहेंगा चोली पनि उपयुक्त हुन्छ । चोलीमा नेक तथा ब्याक ओपन गरिएका थ्रेड वर्क, ग्लिटरी भएका क्लासी फेब्रिकमा बनेको वेस्टर्न लेहेंगा लगाउन सकिन्छ ।"



## महिलाहरूका लागि

अरू बेलाभन्दा फरक र आकर्षकसमेत देखिन चाहने हुँदा यति बेला आफ्नो शरीरअनुरूपको पहिरन लगाउनुपर्छ । सारीको तुलनामा कुर्ता वा लेहेंगा नै यति बेलाको मुख्य छनौटमा पर्छ । आफ्नो घरको टीकामा सारी लगाइने हुँदा सारी सजिलो तरिकाले लगाउन मिल्ने गरी फिक्स गराउन सकिन्छ । यतिबेला ह्याण्ड वर्क, प्याच वर्क, ह्याण्ड प्रिन्ट, सिल्क, साटन, जर्जेट, नेट आदि फेब्रिकका सारी लगाउन सकिन्छ । ब्लाउजमा ब्याक जिपर, साइड जिपर, फ्लेयर स्लिड, बोट नेक आदि डिजाइन गरी हल्का भरेको ब्लाउज राम्रो देखिन्छ । इम्ब्रोडरी नरुचाउनेहरूका लागि प्रिन्ट सिल्कका ब्लाउज पनि आकर्षक देखिन्छ । यदि कुर्ता लगाउने हो भने हाई लो हेमलाइन फ्लोरल कुर्तामा प्लाजो उपयुक्त हुन्छ । ए लाइन फ्लोरल प्रिन्ट कुर्ता लाई बोनेक डिजाइनको बनाउँदा युनिक देखिन्छ । स्टे्ट कट भएका कुर्ताहरू पाइन्ट स्टाइलका सुरुवाल तथा एंकल लेन्थका पाइन्ट पनि आकर्षक देखिन्छ । ठूला-ठूला फ्लोरल प्रिन्ट भएका मिश्रित रंगका कुर्तीमा स्टेट डिजाइनमा साइड कट, फ्रन्ट कट, ब्याक कट, प्लेन पाइपिंग, साइडमा प्लेनजस्ता डिजाइन प्रयोग गर्न सकिन्छ । रसिल्क, कटन सिल्क, लाइक्रा आदिमा तयार पारिएको डिजाइनर स्टेट लाइन कुर्तीहरू पनि टीका लगाउन जाँदा राम्रो देखिन्छ । यसलाई प्लाजो, एंकल लेन्थ पाइन्ट वा जिन्सको लगाउँदा अझ आकर्षक देखिन्छ । त्यस्तै टीकाका अवसरमा लेहेंगा चोली पनि उपयुक्त हुन्छ । चोलीमा नेक तथा ब्याक ओपन गरिएका थ्रेड वर्क, ग्लिटरी भएका क्लासी फेब्रिकमा बनेको वेस्टर्न लेहेंगा लगाउन सकिन्छ ।

## पुरुषका लागि

घरकै टीकाको बेला लुज सुरुवालमा कुर्ती वा सर्ट-पाइन्ट नै राम्रो देखिन्छ । ससुराली जाँदा भने डिजाइनर थ्री पीस सुट, वेस्टकोट तथा कटन पाइन्ट आदि प्रयोग गर्न सकिन्छ । त्यस्तै आफन्तहरूकहाँ जाँदा फर्मल लुक्स आउने गरी सिल्कका सर्ट संग कटन, लेनिन वा जिन्स पाइन्ट तथा इम्ब्रोडरी कुर्तीमा जिन्स आदिमध्ये कुनै लगाउन सकिन्छ ।

## बालबालिकाहरूका लागि

दसैं सबैभन्दा लाग्ने नै बालबालिकाहरूलाई हो । उनीहरूलाई सबैको आँखा पर्ने रंगमा प्रिन्सेस गाउन, कुर्ता सुरुवाल, कुर्ती स्टाइल लेहेंगा, थ्री पिस लेहेंगा, सारी स्टाइलमा गाउन वा लेहेंगा राम्रो देखिन्छ । यदि नानी धेरै सानी छिन् भने फ्लावर प्याच गरी स्टाइलिस्ट फ्रक नै आकर्षक देखिन्छ । छोराका लागि भने सेरवानी, कुर्ता र पाइजामा, सुट टाई, वेस्टकोट मा कटन पाइन्ट उपयुक्त हुन्छ । यसमा सधैं उज्यालो रंग नै छान्नुपर्छ ।

**टिप्स :** टीका लगाउन बाइकमा जाने हो भने सकभर सारीमा हेबी गहना लगाउनु हुदैन भने सल प्रयोग गर्नेहरूले निकै सजग भएर त्यसलाई क्यारी गर्नुपर्छ । बाइकमा हिड्दा सकेसम्म सजिलो पहिरन नै छान्नुपर्छ ।

# गाउँमा रमाउँदै, होमस्टेमा बास



तस्बिर : फाइल फोटो

युवराज गौतम

नेपालमा ग्रामीण पर्यटनको अवधारणाअनुरूप होमस्टे पर्यटनप्रतिको आकर्षण बढ्दो छ। मौलिक परम्परा, रहनसहन एवं जीवनशैली बुझ्दै ग्रामीण पर्यटकीय स्थलहरूको भ्रमण गर्ने नेपालीहरू अहिले लगातार बढिरहेका छन्।

नेपाल पर्यटन बोर्डका सिइओ दीपकराज जोशी होमस्टे पर्यटनलाई सस्तोभन्दा पनि सम्मानपूर्वक हेर्नुपर्ने कुरा बताउँछन्। होमस्टेप्रति पर्यटकहरूको आकर्षण बढ्दै गएकाले गाउँ पर्यटनका लागि चाहिने आधारभूत तत्वहरू जुटाउन सके गाउँ पर्यटन फस्टाउँदै जाने जोशीको धारणा छ। अहिले फुर्सदिलो समय वा चाडबाडको मौसममा घुम्न निस्किनेहरूको रोजाइमा लामो दूरीको ट्रेकिङ र होमस्टे पहिलो स्थानमा देखिएको छ। फरक गाउँको फरक-फरक परिवेश, खानपान एवं जीवनशैली बुझ्ने मौका होमस्टेले उपलब्ध गराउँछ। नेपालका अहिले लगभग २० वटा जिल्लामा होमस्टे सञ्चालनमा छन्। ती प्रत्येक होमस्टेको मौलिक पहिचान छ। गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ-नेपाल) को तथ्यांकअनुसार नेपालमा ३ सय ५० भन्दा बढी होमस्टे दर्ता भएका छन्।



## सिरुवारी

नेपाल भ्रमण वर्ष १९९८ को समयमा घोषणा गरिएको नेपालकै पहिलो ग्रामीण पर्यटकीय गाउँ सिरुबारी होमस्टे ग्रामीण पर्यटनको नमुना हो। समुद्री सतहभन्दा झन्डै २ हजार फिट उचाइमा रहेको गुरुङ बस्ती सिरुबारी सूर्योदय अवलोकनका लागि प्रख्यात छ। यहाँ धौलागिरि तथा माछापुच्छ्रे हिमशृंखलाको मनोरम दृश्य अवलोकन गर्दै ढुंगाले बनेका मौलिक घरमा बास बस्न पाइन्छ। सिरुवारीकै वरिपरि सुन्तलाबारी, सिर्सेकोट, हुनीकोट, खर्सुको लेक तथा बफाकोटमा पनि होमस्टेहरू सञ्चालित छन्। पोखराबाट ६४ किलोमिटरको सडक यात्रापछि सिरुबारी पुग्न सकिन्छ। यहाँका होमस्टेमा एक रातको प्रतिव्यक्ति कम्तिमा १ हजार रुपैयाँ खर्च हुन्छ।

## घलेगाउँ

दक्षिण एसियाकै नमुना गाउँ लमजुङको घलेगाउँ फुर्सदमा पुग्नै पर्ने गन्तव्य हो। आँखैअघि हिमशृंखला, अर्ग्यानिक परिकार, मौलिक घरहरूको बाक्लो बस्ती, परम्परागत गुरुङ संस्कृति झल्कने घाटु, सोरठी, सेर्गा, कृष्ण चरित्र आदि नृत्य, गुरुङ परिकार, सूर्योदय तथा सूर्यास्तको दृश्यावलोकन यहाँका आकर्षण हुन्। बोटानिकल गार्डेन, चियाबारी तथा भ्यू-टावर यहाँ रमाउन सकिने स्थल हुन्। १ सय २० घरधुरी रहेको घलेगाउँका ३५ वटा घरमा होमस्टे सञ्चालन गरिएको छ। बेसीसहरबाट २६ किलोमिटर टाढाको घलेगाउँ समुद्री सहतबाट २ हजार १ सय मिटरको उचाइमा छ। यहाँ खान र बस्न प्रतिव्यक्ति ८ सय रुपैयाँभन्दा माथि खर्च हुन सक्छ।

## श्रीअन्तु

इलामको श्रीअन्तुमा होमस्टेको बेग्लै मज्जा लिन सकिन्छ। असोज-कात्तिक महिना सूर्योदयको दृश्यावलोकनका लागि उपयुक्त हुने भएकाले चाडबाडको फुर्सदमा अन्तुको फन्को रोमाञ्चक सावित हुन्छ। इलामको फिक्कलबाट १४ किलोमिटर मोटर यात्रा गरेपछि श्रीअन्तु पुग्न सकिन्छ। यहाँ करिब ४० वटा घरमा होमस्टे सञ्चालित छन्। यहाँ लोपोन्मुख लाप्चा जातिको संस्कृति हेर्दै दीपेन्द्र शिखरको भ्यू-टावरमा चढेर सूर्योदय अवलोकन, अन्तुपोखरीमा बोटिङ, चियाबारीमा सेल्फी खिच्दै रमाइलो गर्न सकिन्छ। यहाँ खान र बस्न प्रतिरात १ हजार रुपैयाँ खर्च हुनसक्छ।

## अमलटारी

नेपालमा रहेका थारु होमस्टेहरूमध्ये नवलपरासीको अमलटारीमा सञ्चालित होमस्टेलाई नमुनाका रूपमा लिइन्छ। चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको अमलटारीका होमस्टे अहिले लोकप्रिय हुँदै गएको छ। अमलटारीमा बोटे, माझी तथा कुमाल समुदायको बसोबास छ। गाउँनजिकैको चितवन राष्ट्रिय निकुञ्जसँग जोडीएको मध्यवर्ती क्षेत्रको घना जंगलमा पाइने गैंडा, बाघ तथा अन्य जनावरसँगै चराचुरुङ्गीले पर्यटकहरूको मन लोभ्याउँछन्। यहाँ पुग्ने पर्यटकले लोकल कुखुरा, हाँसको मासु तथा स्थानीय परिकार खान पाउँछन् भने जंगल सफारी, डुंगा, गाढा सयरको मज्जा लिन सक्छन्।

## बल्थली

काठमाडौंबाट ३९ किलोमिटरको यात्रा गरेपछि पुग्न सकिने काभ्रेको बल्थलीमा पनि होमस्टे सञ्चालनमा छ। त्यहाँ पुग्ने पर्यटकले आफैं पनि घरमै जस्तो दाउराबाट बलेको आगोमा




तस्बिर : किल्ले रेग्मी


तस्बिर : हिमालयन ट्रेक

खाना पकाउन सक्छन् । यहाँ ट्रेकिङ तथा हाइकिङको मज्जा लिन सकिन्छ । पनौतीबाट ७ किलोमिटर मोटरयात्रापछि बल्थली पुगिन्छ । मनोरम हिमश्रृंखलाको दृश्यका साथै पनौती, खोपासी, चलाल, गणेसस्थान आदि फाँटको दृश्यले मन लोभ्याउँछ । यहाँ एक रातका लागि १ हजार ५ सय रुपैयाँ देखि २ हजार रुपैयाँसम्म खर्च हुन सक्छ । काठमाडौंको साँखुबाट लप्सीफेदी, नगरकोट, धुलिखेल, नमोबुद्ध हुँदै बल्थलीसम्म भिलेज ट्रेकिङ रुटसमेत सञ्चालनमा छ ।


तस्बिर : कोपुरोहित ब्लगस्पट



तस्बिर : नयाँ युगबोध

## डल्ला

डल्ला होमस्टे बर्दियाका थारुहरूले सञ्चालनमा ल्याएका हुन् । बर्दियाको सूर्यपटुवास्थित डल्ला होमस्टे बेलायती राजकुमार हयारीको भ्रमणपछि थप चर्चित भएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले डल्ला होमस्टेलाई नेपालको पहिलो नम्बरको होमस्टेका रूपमा सूचीकृत गरेको थियो । डल्ला गाउँमा १ सय २० घरपरिवार रहे पनि २२ घरमा मात्र होमस्टे सञ्चालित छ । यहाँका होमस्टेमा आवास, खाना तथा खाजाको १ हजार रुपैयाँसम्म तिर्नुपर्छ । नजिकैको शिव सामुदायिक वनमा एक सिंगे गैंडा, हरिण तथा पाटे बाघ अवलोकन गर्न सकिन्छ ।

## चित्लाङ

मकवानपुरको चित्लाङ चर्चित पर्यटकीय स्थल हो । यो सानो उपत्यका पनि हो । यहाँ सन् २०११ देखि होमस्टे सञ्चालनमा छ । नेवार, तामाङ, क्षेत्री, बाहुन तथा बलामीहरूको बाक्लो बसोबास रहेको चित्लाङ काठमाडौंबाट नजिकै भएकाले घुमफिरका लागि भरपर्दो गन्तव्य मानिन्छ । चन्द्रागिरि भञ्ज्याङबाट ६ किलोमिटरको यात्रा पछि चित्लाङ पुग्न सकिन्छ । तलेजु भवानी कोत, सातधारा, शिवालय, बाखा फार्म यहाँका हेर्न लाईक स्थान हुन् । सामान्य होटलहरूसमेत भएको चित्लाङका होमस्टेमा भने १ हजारदेखि १ हजार ५ सय रुपैयाँसम्मको प्याकेजमा बास बस्न पाइन्छ । काठमाडौं-थानकोट-गोदाम हुँदै चित्लाङ पुग्न सकिन्छ ।

## भादा गाउँ

नेपाल भ्रमण वर्ष सन् २०११ को अवसर पारेर कैलालीको भादा गाउँका थारुहरूले होमस्टे सञ्चालन गरेका छन् । १ सय ८६ घरपरिवार रहेको यो गाउँका १९ वटा घरमा होमस्टे गर्न सकिन्छ । यहाँ पाहुनालाई थारु परिकार लोकल कुखुरा, माछा, चिंचर तथा रक्सीको स्वाद चखाइन्छ भने सखिया, झुमरा र मघौटा, लट्ठी नाच आदि देखाएर मनोरञ्जन प्रदान गरिन्छ । यहाँ बेहडाबाबा मन्दिरको दर्शन गर्न सकिन्छ । यहाँका होमस्टेमा १ हजार ५ सय देखि २ हजार रुपैयाँसम्मका प्याकेज उपलब्ध छन् । धनगढीबाट बेली हुँदै १७ किलोमिटरको मोटर यात्रापछि भादा गाउँ पुग्न सकिन्छ ।

## काउलेपानी

लमजुङको बेसीसहरबाट डेढ घण्टाको यात्रामा पुग्न सकिने काउलेपानीमा पर्यटकलाई मायाको जन्तर लगाइदिने चलन छ । गुरुङ तथा नेवार समुदायको बसोबास रहेको यो गाउँका १४ वटा घरमा होमस्टेको सुविधा उपलब्ध छ । यहाँको ऐतिहासिक दरबार, पुरानोकोट गढी घुम्न लायक स्थल हुन । यहाँबाट मनोरम हिमश्रृंखलाको दृश्यावलोकन गर्न पाइन्छ । यहाँ १ हजार रुपैयाँमा सम्पूर्ण प्याकेज उपलब्ध हुन्छ ।

## रानाथारु

कञ्चनपुरका रैथाने रानाथारुले शुक्लाफाँटा वन्यजन्तु आरक्षनजिकै सामुदायिक होमस्टे सञ्चालनमा ल्याएका छन् । भीमदत्त नगरपालिकामा पर्ने यो होमस्टेले तिन दिनको प्याकेज बनाएर पर्यटकलाई घुमाउँछ । यहाँ पुगेपछि दोधारा-चाँदनीको झोलुङ्गे पुल, शुक्लाफाँटा, रानीताल, पिपरैयाको हात्तीसार, हीरापुरको कृष्णसार संरक्षण केन्द्र, बेदकोट ताल, झिलमिला ताल, बाबाताल, सिंहपाल मन्दिर आदि स्थल अवलोकन गर्न सकिन्छ । आठवटा घरमा सञ्चालित यहाँका होमस्टेमा प्रतिरात १ हजार रुपैयाँसम्म तिरे पुग्छ ।

## गाभर भ्याली

बाँकेको कोहलपुर चौराहादेखि ७ किलोमिटर उत्तर चिसापानीनजिकै रहेको गाभर भ्याली जैविक विविधताको दृष्टिकोणले धनी छ । यहाँ पाटे बाघ, चौसिंघा, हात्ती, बाह्रसिंगे, नीलगाई आदि वन्यजन्तु अवलोकन गर्न सकिन्छ । त्यहाँ पुग्न काठमाडौंबाट चिसापानीसम्म गाडीमा र चिसापानीबाट गाभर भ्यालीसम्म डेढ किलोमिटर पैदल यात्रा गर्नुपर्छ । यहाँ थारु नाच, देउडा नाच, पञ्चैबाजा, ढाल तरबार नाच आदिको मज्जा लिन पाइन्छ । गाभर भ्यालीका पाँचवटा घरमा होमस्टे सञ्चालन गरिएको छ ।



## नाम्जे

धनकुटाको नाम्जे गाउँ अमेरिकी समाचार संस्था सीएनएनले केही वर्षअघि विश्वका घुम्नैपर्ने १२ वटा गाउँको सूचीमा राखेपछि चर्चामा आएको हो । यहाँ १९ वटा घरमा होमस्टे सञ्चालन गरिएको छ । मगर संस्कृति, अर्गानिक परिकारका साथै आत्मा बस्ने घर यहाँका विशेषता हुन् । हुर्रा नाच तथा मेहनती कृषकहरू पनि यहाँका पहिचान हुन् । धरानबाट भेडेटार हुँदै २१ किलोमिटरको यात्रापछि नाम्जे पुग्न सकिन्छ ।

## ह्याङ्जाकोट

पोखराभन्दा २० किलोमिटर टाढाको ह्याङजाकोट गाउँले परिवेशमा रमाउन चाहनेहरूका लागि उपयुक्त गन्तव्य हो । माछापुच्छ्रे गाउँपालिकास्थित ह्याङजाकोटमा मगर, गुरुङ तथा ब्राम्हण समुदायको बसोबास छ । यहाँ ३५ वटा घरमा होमस्टे सञ्चालन गरिएको छ । लोकल कुखुराको मासु, ढिंडो तथा लोकल रक्सी यहाँका मुख्य आकर्षण हुन् । यहाँ एक रातका लागि ८ सयदेखि १ हजार रुपैयाँसम्म खर्च हुन सक्छ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

**असोज १९ गते**
विश्व शिक्षक दिवस,
विश्व मुस्कान दिवस,
इन्दिरा एकादशी

**असोज २३ गते**
विश्व हुलाक दिवस

**असोज २४ गते**
घटस्थापना,
नवरात्र आरम्भ

**असोज २५ गते**
गैरआवासीय नेपाली दिवस,
विश्व बालबालिका दिवस,
विश्व दृष्टि दिवस

## मेष

प्रयास दोहऱ्याए बिनालगानी विदेशी भूमिमा अध्ययनको अवसर हात पर्नेछ। प्राविधिक प्रदर्शन तथा सामाजिक सभा-सम्मेलनहरूमा समय खर्चनुपर्ने हुन सक्छ। विपक्षीले तपाईंको आन्तरिक क्रियाकलापको चियोचर्चा गरे पनि बाधा पुऱ्याउन सक्नेछैनन्। रातो रंग प्रयोग गर्दा थप फाइदा उठाउन सकिन्छ।

## वृष

मेहनत, कर्तव्यनिष्ठता एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ। टाढा भएका मित्रहरूले विश्वास गर्ने वातावरण बन्दैछ। पूर्वसहमति पालना नगर्दा प्रेमी-प्रेमिका चिढिन सक्छन्। साताको अन्त्यमा चिसोबाट जोगिनुहोला। मनोरञ्जनका क्रममा पनि स्वास्थ्यको ख्याल गर्नुपर्नेछ।

## मिथुन

प्रातः ब्रह्म मुहूर्तमा उठी ईश्वरको स्मरण एवं योग गर्नाले मानसिक तनाव तथा थकान स्वतः निर्मूल हुनेछ। कठोर परिश्रम गर्नुपर्ने समय छ। दिन-प्रतिदिन नजिकिँदो अवसर तथा चुनौतीलाई परास्त गर्न थप समय दिनुपर्ने हुन्छ। अभिभावकहरूको रायमुताविक चल्न सके समस्याबाट मुक्त रहन सकिएला।

## कर्कट

इच्छा-आकांक्षा तीव्र रूपमा अघि बढेको अवस्था छ। आशा मारिएको व्यवसायले उत्साह जगाउनेछ। मन मिल्ने साथीको स्वास्थ्यमा गडबडी देखा पर्न सक्छ। बुधबारपछिका दिनमा भ्रमणसहित भोज-भतेरमा सहभागी हुन पाइनेछ। आम्दानीभन्दा बढी खर्च होला।

## सिंह

प्रभावशाली व्यक्तित्वहरूसँग भलाकुसारी हुनेछ भने समयले पनि साथ दिनेछ। ठूला प्रकृतिका कार्य सम्पन्न गर्नुपर्ने हुनाले जटिलतातर्फ ध्यान पुऱ्याउनुहोला। मंगलबार मन खिन्न भए पनि अन्य दिनहरू उत्साहजनक रहनेछन्। विलासिताका साधन खरिद-बिक्री गर्न अग्रसर भइनेछ।

## कन्या

मन पराउनेहरूले दिएको सुझाव तथा सल्लाह उत्प्रेरक हुनेछन्। आफ्नै प्रयत्नबाट थालिएको उद्योग-व्यवसायले मुनाफा दिलाउनेछ। साथीभाइसँग मनोरञ्जन गर्दा प्रेमी-प्रेमिकाहरू चिढिन सक्छन्। साताको अन्त्यतिर भने आर्थिक संकट सामना गर्नुपर्ला।

## तुला

कार्य सञ्चालनमा आइलागेका बाधाहरू फुक्नेछन्। सोमबारपछिको समय परिणाममुखी हुनेछ। सरोकार नभएको कार्यले फजुल खर्च गराउनेछ। भौतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्न सक्छ। सप्ताहन्तमा भ्रमणबाट यथेष्ट मनोरञ्जन प्राप्त गर्न सकिनेछ।

## वृश्चिक

मन पराउनेहरूको प्रस्ताव आलटाल गर्नाले एक-अर्काबीच दूरी बढ्ने सम्भावना छ। मंगलबारपछिका दिनमा भाग्यले साथ दिँदै रोकिएका काममा सफलता हात लाग्नेछ। सामाजिक क्षेत्रमा युवा अभियानको नेतृत्व गर्ने अवसर पाइनेछ। साताको अन्त्यमा शुभ तथा पुण्य कार्यमा समय खर्चनुपर्ला।

## धनु

नौला स्थानको भ्रमण हुनसक्छ। प्रेमी-प्रेमिकाले खर्च गराउन सक्छन्। अविस्मरणीय समय बिताउन पाइनेछ। साझेदारीमा थालिएको कार्यले अवसरको ढोका खोल्नेछ। आफ्नै शारीरिक कमजोरी एवं आलस्यताले महत्वपूर्ण काम छुटन सक्ने भएकाले समयको व्यवस्थापन महत्वपूर्ण छ।

## मकर

शनिको प्रभावले व्यवसायमा उतारचढाव देखा पर्न सक्छ। सूर्यको आराधना गर्न सके सहजता महसुस हुनेछ। विदेश यात्राको अवसरसमेत प्राप्त होला। विद्यार्थीवर्गले अध्ययनमै जोड दिनुहोला। साताको अन्त्यमा साथीहरूको सुझावअनुरूप निर्णय लिनु उपयुक्त हुन्छ।

## कुम्भ

विदेशी साथीभाइसँगको सम्बन्ध थप प्रगाढ हुनेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। नाफामूलक व्यवसाय सञ्चालनमा ल्याउन सकिनेछ। खराब आचरण हुनेहरूले जालझेल गर्न सक्छन्, सचेत रहनुहोला। प्रलोभन देखाउनेहरूबाट टाढा रहँदै प्रतिष्ठा जोगाउने प्रयास गर्नुपर्नेछ।

## मीन

आम्दानी हुने व्यवसायमा लगानी गर्न प्रेमी-प्रेमिकाले उत्सुकता तथा तत्परता देखाउनेछन्। उनको भावनाअनुरूप काम गर्न सके थप फाइदा हुनेछ। भौतिक सुखका साधन जुट्नेछन्। बुद्धिको प्रयोगले प्रतिष्ठा जोगाउनुपर्नेछ। पहेंलो रंगको परिहनले उन्नतिको मार्ग पहिल्याउन सहज बनाउनेछ।

**अब हाम्रो पालो**

# दसैं सपिङ लिस्टमा तपाईंको प्राथमिकतामा के छ ?

५० लाख नेपाली खाडीमा छन्। दसैं कहिले आयो र कहिले गयो थाहा पनि हुँदैन। त्यस्तो सपिङ लिस्ट त नेताहरूको हातमा हुन्छ। सभासद भएबापत ६०/६५ हजार तलब लिन्छन् तर संसार घुमिरहेका हुन्छन्। तिनीहरूभन्दा बढी तलब थाप्ने अरबका नेपालीहरूलाई भने दसैंका बेला घर जाने टिकट काट्न पनि पैसा पुग्दैन।

**झविन्द्र गैरे**

नेपाली ब्रान्ड गोल्डस्टारको तीन जोर जुत्ता, नेपाली क्रिकेट टिमको एक सेट जर्सी, सोनाम ब्रान्डको एउटा ज्याकेट।

**प्रशान्त श्रेष्ठ**

यसपालिको दसैंमा केही सपिङ गर्ने मुड छैन। किनभने दसैं पहिलेको जस्तो रमाइलो नै हुन छोडयो। पहिले ठाउँ-ठाउँमा पिङ हालिन्थ्यो, सबैले दसैं मनाउँथे, दसैंको सपिङको बेग्लै रौनक हुन्थ्यो। अहिले त सबै मानिस छाडा भए, हिन्दुत्व हराएर गयो, धार्मिक विखण्डनका कुरा सुनिन्छन्, जातीय, धार्मिक सद्भाव खलबलियो। धर्मनिरपेक्षता, गणतन्त्र जस्ता




कुरा आएपछि देश नयाँ भुमरीमा फस्यो अनि हाम्रा चाड दसैं, तिहार, उधौली, उभौली, बुद्ध पुर्णिमा, समा चकेवा, ल्होसार आदि मासिँदै गए।

**राजन भट्टराई**

बक्सरको अन्डरवेयर, त्योभन्दा धेरै किन्न नसकिने भो यो महँगीमा।

**नीरज भिमाल**

हवाई चप्पल किनेर पट्याकपट्याक पड्काउँदै मावली जाने हो।

**मिलन बस्नेत**

आमाको फाटेको चोलो फ्याँकेर नयाँ किन्दिने अनि बाउको शिरमा नयाँ टोपी हेर्ने रहर छ।

**याज लामा**

किताब।

**इन्द्रलक्ष्मी घिमिरे**

मोबाइल र डिजिटल ब्यान्ड।

**राजेश दुलाल**

खसी।

**वासुदेव जिसी**

सरकारलाई ट्याक्स तिर्दै ठीक छ, आफ्ना लागि कहाँ के किन्नु भन्या ?

**सन्तोष**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
> १. अहिले युवाहरुको सबैभन्दा सकारात्मक पक्ष के हो ?

बा-आमाको हातबाट टीका थाप्न घर जाने, बसको टिकट किन्न पाए पुग्यो।

**तेज ठकुरी**

२०५६ सालतिर किनेको बुबाको दौरा सुरुवाल फालेर मोदी कोट र एक जोर नयाँ दौरा-सुरुवाल किनिदिने। त्यस्तै ममिलाई सारी, चोलो अनि आफूलाई जुत्ता अनि पाइन्ट-सर्ट।

**गुरुजी**

वर्षभरि किन्न नसकेका पुस्तकको लिस्ट बनाएको छु, लत्ता-कपडा नकिन्ने बरु।

**कर्मी माहुरी**

दसैंका बेला दुर्घटनाबाट कसैको ज्यान न जाओस्।

**विवस नेपाल**

पैसा छैन, केलाई प्राथमिकता दिने भनौं ?

**मनोज**

नेपाल जाने टिकट।

**रामु विष्ट**

कस्तो बजेट हातमा पर्छ, त्यसमै भर गर्छ।

**विषादी**

चङ्गा किन्ने हो।

**दाहाल अशोक**

बालाई ठर्रा, आमालाई १ बोरा चामल (जहानलाई पकाएर ख्वाउने), बैनीलाई १ जोडी पायल चप्पल, भाइ र श्रीमतिलाई कपडा। आफूलाई खेत खन्दा लाउने एउटा गन्जी।

**गौंडाखर्के**

च्यातिएको जिनको पाइन्ट, एउटा ज्याकेट अनि जुत्ता।

**बौला**

सबैतिर महँगी छ। त्यसैले यसपालि सियो-धागोको सपिङ गरेर बोराको कपडा सिलाउने योजना छ।

**नवराज घिमिरे**

बचत मेरो पहिलो प्राथमिकतामा छ।

**आलोक भावुक**

बा-आमाको हातबाट टीका थाप्न घर जाने बसको टिकट किन्न पाए पुग्यो।

**तेज ठकुरी**

आमाका लागि नयाँ लुगा।

**आभास बडुवाल**

बडेमानको खसी।

**दमन**

मलाई प्रश्न मन पऱ्यो तर उत्तर थाहा भएन, अप्सन छैन ?

**सुनिल निरौला**

एउटा टिकट लिएर जन्मभूमि फर्कने अनि बाआमाको आर्शीवाद थाप्ने।

**सुरेश ठगुन्ना**

एक सेट नयाँ नोट अनि एउटा रातो भाले। बाँकी सबै थोक किनिदिन्छन् मेरै बाले।

**संन्यासी सन्देश**

लुगाफाटा अनि खानपिनका आइटम।

**विनय सापकोटा**

मास्क।

**मनिस सुवेदी**

हात्तीछाप चप्पल।

**हरिहर जोशी**

नोकिया ६.१ प्लस।

**दिलीप मगर**


आफूसँग पैसा भए पो सपिङ गर्नु ?

**इन्द्र निरौला**

पेयपदार्थ किन्नुपर्ला।

**युवराज**

# चुलिँदैछ भीपीएनको चर्चा




नितेश उपाध्याय

सूचना-प्रविधिमा दखल राख्ने इन्टरनेट प्रयोगकर्ताहरूको संख्या राजधानी तथा सहर केन्द्रित मात्र मानिने नेपालमा यो साता देशव्यापी रूपमा एउटा छुट्टै विषयले चर्चा पायो र त्यो हो 'भीपीएन'।

युट्युब, फेसबुक, ट्विटर तथा इन्स्टाग्राममा मात्र रमाउने अधिकांश नेपाली इन्टरनेट प्रयोगकर्ताका बीचमा भीपीएनले देशव्यापी चर्चा पाउनुको कारण भने सरकारले गरेको वयस्क सामग्री प्रसारण तथा वितरण गरिने वेबसाइटमा रोक लगाउनु नै हो।

## के हो त भीपीएन ?

भीपीएनको विस्तारित रूप 'भर्चुअल प्राइभेट नेटवर्क' हो। पहिले व्यवसायिक गोपनियता तथा सुरक्षालाई मध्यनजर गर्दै प्रयोगमा ल्याइएको भीपीएन अहिले आइपी ठेगाना परिवर्तन गरी गोपनियता कायम गर्न तथा सरकारी एवं इन्टरनेट सेवा प्रदायकका सेन्सरसिप अनि वेबसाइट बन्देज बाइपास गर्न प्रयोग गरिन्छ। अनलाइनमा विभिन्न प्रकारका भीपीएन सेवा उपलब्ध छन् जसका लागि भिन्न-भिन्न शुल्क तिर्नुपर्ने हुन्छ। केही भीपीएनको प्रयोगमा भने शुल्क लाग्दैन।

## किन चुलियो भीपीएनको चर्चा ?

भीपीएनको प्रयोग नेपालमा पहिलेदेखि नै हुँदै आएको हो। अनलाइनमा विभिन्न कार्य गर्दा गोपनिता कायम होस् वा नेपालमा उपलब्ध नभएका सेवाहरू, जस्तै गीत सुन्न स्पटिफाइ, चलचित्र हेर्न नेटफ्लिक्स होस् वा युट्युबमा नेपालमा प्रसारणमा रोक लगाइएका सामग्री हेर्न सामान्य स्तरमा पहिले देखि नै भीपीएनको प्रयोग हुँदै आएको हो। सरकारले केही समयअघि पोर्नमा बन्देज लगाएपछि यसको चर्चा ह्वात्तै चुलिएको छ। सरकारको उक्त कदम तर्कसंगत नरहेको मान्ने तथा सुचना प्रविधिमा दखल राख्ने विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूले त्यसको विरोधस्वरुप सामाजिक सञ्जालमा भीपीएनको प्रयोगका सम्बन्धमा जानकारी दिँदै आएका छन्।

## कुन भीपीएन प्रयोग गर्ने ?

भीपीएन विभिन्न शुल्कमा उपलब्ध भए पनि धेरैजसो नेपाली भने निःशुल्क भीपीएनको प्रयोगतर्फ आकर्षित पाइन्छन्। निःशुल्क भीपीएनमा पनि विभिन्न समस्या सिर्जना हुन् सक्छन्। मोबाइल वा कम्प्युटरमा भीपीएन प्रयोग गर्दा राम्रो र विश्वासिलो ब्राण्डको भीपीएन प्रयोग गर्नु उचित हुन्छ। यसको उचित छनोट नगर्नु भनेको कम्प्युटरमा भाइरस, स्पामवेयर आदि घातक सफ्टवेयरलाई निम्तो दिनु नै हुन सक्छ। सबैभन्दा सजिलो रूपमा भीपीएन प्रयोग गर्न कम्प्युटरमा 'अपेरा' ब्राउजर प्रयोग गर्न सकिन्छ। यसमा ब्राउजरमै भीपीएन उपलब्ध हुन्छ, जसलाई पहिलो पटक प्रयोग गर्दा सेटिङ्समा गएर इनेबल गर्न सकिन्छ।

## पब्लिक डिएनएस

सन् २०१४ मा टर्कीको अदालतले त्यहाँको सरकार विरोधी आन्दोलन ट्विटरको व्यापक प्रयोगका कारण चर्किएको निश्कर्ष सहित त्यसको प्रयोगमा प्रतिबन्ध लगायो। उक्त बन्देज बाइपास गर्न गुगलको पब्लिक डिएनस यति धेरै मात्रामा प्रयोग भयो कि सडकमा गुगलको पब्लिक डिएनएसको आइपी र त्यसलाई प्रयोग गर्ने विधिसमेत पेन्ट गरिएको फेला पऱ्यो। परिणामस्वरुप सरकार गुगलको पब्लिक डिएनएसलाई नै बन्देज लगाउन बाध्य भयो।

## के हो त पब्लिक डिएनएस ?

कुनै वेबसाइट खोल्न, ब्राउजरको एड्रेसबारमा वेबसाइटको ठेगाना (युआरएल र एड्रेस) हालेर इन्टर थिच्दा त्यसको रिक्वेस्ट इन्टरनेट सेवा प्रदायकको डिएनएस सरभरमा जान्छ। त्यसपछि सर्भरले वेबसाइटको आइपी ठेगाना ब्राउजरमा पठाउँछ। त्यसपश्चात वेबसाइट खुल्ने प्रक्रिया सुरु हुन्छ। गुगल, क्लाउडफेयर, नर्टन, कोमोडो, ओपन डिएनएस आदि केही कम्पनीले इन्टरनेट प्रयोग गर्दा सुरक्षा, सहजता, गति, गोपनियता तथा स्वतन्त्रता महसुस गर्न पाउन भन्ने उदेश्यका साथ डिएनएस सर्भर राखेका हुन्छन्। यसको प्रयोग सबैले गर्न सक्ने हुनाले यसलाई पब्लिक डिएनएस भनिएको हो।

## पब्लिक डिएनएस प्रयोग गर्दा बन्देज हुँदैन ?

पब्लिक डिएनएस प्रयोग गर्दा हाम्रो रिक्वेस्ट सीधै उसको सर्भरमा जाने हुनाले, इन्टरनेट सेवा प्रदायकको डिएनएस सर्भर सरकारले नियन्त्रण गरेझैं यसको सर्भर भने सरकारले नियन्त्रण गर्न सक्दैन। यो डिएनएस सर्भरमा कसैको सेन्सरसिप नहुने हुनाले सरकारले लगाएको बन्देज यसमा लागू हुँदैन।

सूचना तथा सञ्चार मन्त्रालयले इन्टरनेट सेवा प्रदायकहरूलाई वयस्क सामग्री प्रशारण तथा वितरण गरिने वेबसाइटमा बन्देज लगाउन दिएको निर्देशनका बारेमा हामीले नेपालमै रहेर साइबर सुरक्षामा काम गर्ने एक कम्पनीका सुरक्षा इन्जिनियरसँग उहाँको नाम सार्वजनिक नगर्ने शर्तमा कुराकानी गरेका थियौं।

**सरकारले वयस्क सामग्री प्रशारण तथा वितरण गरिने वेबसाइटमा बन्देज लगाउन दिएको निर्देशनलाई तपाईले कसरी हेर्नुभएको छ ?**

मेरो बिचारमा, यो सरकारले बिना कुनै अनुसन्धान, मूर्खतापूर्वक जारी गरेको निर्देशन हो। यसले 'स्वतन्त्रताको अधिकार' माथि ठाडो हस्तक्षेप गर्छ। विदेशमा 'यौन कुराकानी' (सेक्स टक) का रूपमा आमाबाबुहरू आफ्ना छोराछोरीलाई खुला रुपमा यौन शिक्षा दिइरहेका हुन्छन्। नेपालको कुरा अलिक फरक छ। यहाँ यौनलाई अझै प्रतिबन्धित विषय मानिन्छ। यस्तो देशमा पोर्नले यौन शिक्षा प्रदान गर्ने एउटा प्रभावकारी माध्यमका रुपमा काम गरिरहेको छ।

**'पोर्नले बलात्कार बढाएको' भन्ने सरकारको तर्कलाई कसरी लिनुहुन्छ ?**

यदि पहिले गरिएका अनुसन्धानहरू हेर्ने हो भने, पोर्नले यौन हिंसा बढाउँछ भन्ने कुरा एकदमै वाहियात हो। चेक रिपब्लिक, डेनमार्क तथा जापानमा भएका अनुसन्धानको नतिजा अनुसार, ती देशमा पोर्न जति पहुँचयोग्य भयो, त्यति नै यौन हिंसामा कमी आएको पाइन्छ। ती देश मात्र होइनन्, अन्य देशका पोर्न र यौन हिंसासँग सम्बन्धित अनुसन्धानहरू हेर्ने हो भने कतै पनि पोर्नले बलात्कार बढाएको कुरा उल्लेख छैन।

**'सरकारको निर्देशनले सामान्य इन्टरनेट प्रयोगकर्तालाई मात्र असर पार्ने हो। प्रविधिमा दख्खल राख्नेहरुलाई यो बन्देजले केही गर्न सक्दैन' भनिन्छ। कुरा के हो ?**

नेपाल सरकारले अहिले गरेको प्रतिबन्धले खासमा कसैलाई केही असर पार्न सक्दैन। पोर्न प्रतिबन्ध गर्न अहिले लागू गरिएको जुन विधि छ, त्यसलाई २० सेकेन्डभित्रै सजिलै बाइपास गर्न सकिन्छ। यसका लागि प्रविधिमा दखल राख्ने मानिस नै चाहिन्छ भन्ने पनि छैन।

**सामाजिक सञ्जालमा तपाईंले बाइपास गर्ने सिकाउने कुरा उल्लेख गर्नुभएको रहेछ। यस विषयमा तपाईं अहिले केही गर्दै हुनुहुन्छ ?**

बाइपास गर्ने विभिन्न विधि छन्। तीमध्ये केहीलाई चाहिँ साधारण कम्प्युटर चलाउन व्यक्तिहरूले पनि बुझ्ने गरी ब्लगहरू प्रकाशित गर्दैछु।

**सरकारले यो बन्देज बाइपास गर्ने प्रविधिलाई नै बन्देज लगाउन सक्छ ? त्यस्तो भए के गर्ने ? पुर्ण रुपले बन्देज लगाउन कतिको सम्भव छ ?**

बन्देजहरू बाइपास गर्ने थुप्रै उपाय छन्। ती मध्ये एक-दुई उपायलाई ब्लक गरेर यो बन्देजलाई बाइपास गर्ने प्रविधिलाई अलि मुस्किल बनाउन सकिए पनि पूर्ण रूपमा प्रतिबन्ध लगाउन अहिले उपलब्ध प्रविधिअनुसार लगभग असम्भवजस्तै छ। चीन जस्तो प्रविधिमा दखल राख्ने देशले त चाहेर पनि इन्टरनेटमा आफुले खोजेजस्तो प्रतिबन्ध कार्यान्वयन गर्न सकेको छैन।


WORLDLINK
Largest ISP in Nepal
आदर्णीय ग्राहक महानुभाव,
संचार तथा सूचना प्रविधि मन्त्रालय, तथा नेपाल दुर संचार प्राधिकारणको निर्देशन बमोजिम तपाँईले अनुरोध गर्नुभएको वेबसाईट बन्द गरिएको छ। थप जानकारीको लागि तल दिइएको लिङ्कमा क्लिक गर्नु होला।
क) संचार तथा सूचना प्रविधि मन्त्रालयको सुचना :
http://mocit.gov.np/categorydetail/20750605
ख) नेपाल दुर संचार प्राधिकारणको सुचना :
https://nta.gov.np/en/notice-regarding-site-block

# पोर्न साइट बन्द हुनै सक्दैन

आभाष अधिकारी

पोर्न वेबसाइट सरकारले बन्द गर्ने निर्णय गऱ्यो, इन्टरनेट सेवा प्रदायकले ती साइटमा विभिन्न किसिमका सन्देश दिने गरेका छन्।

## पोर्न प्रतिबन्धको असर

जब सरकारले दुरसंचार प्राधिकरणलाई अश्लील सामग्री भएका वेबसाइट बन्द गर्न निर्देशन दियो, त्यसको केहि समयमै नेपालमा गुगलको प्लेस्टोरबाट भीपीएनसँग सम्बन्धित एपहरू एकदमै धेरै डाउनलोड भए अर्थात् जहाँ इच्छा त्यहाँ उपाय भन्ने उखानलाई नेपालीहरूले चरितार्थ गरिदिए। भीपीएनको प्रयोग बढ्नुको अर्थ नेपाली आइएसपीहरूले नेपालमा नखुल्ने बनाइदिएका वेबसाइट खोल्न अब नेपालीहरू यो सजिलो विकल्प प्रयोग गर्न थालेका छन्। अर्थात सरकारले पोर्न साइटमा प्रतिबन्ध लगाए पनि प्रविधिमा थोरै मात्र जानकार व्यक्तिले सहजै फेरि पोर्न साइटमा पहुँच बनाइसकेका छन्।

गुगलको प्लेस्टोरमा भएका टप ११ वटा एपमध्ये भीपीएनसम्बन्धी ५ वटा एप हुनुले पनि नेपालमा पोर्न कति हेरिन्थ्यो भन्ने कुराको जानकारी पाइन्छ।

नेपालकै सबैभन्दा चर्चितमध्येको एउटा फेसबुक पेजले केही समय अघि आफ्नो पेजमा प्रश्न सोधेको थियो, बलात्कार वा यौनजन्य हिंसा पोर्न साईट बन्द गरेर न्यूनीकरण हुन्छ ? उक्त प्रश्नको जवाफ दिने करिब ३२ हजार फेसबुक प्रयोगकर्तामध्ये लगभग ८६ प्रतिशतले उक्त कुरा इन्कार गरेका छन् अर्थात उनीहरू पोर्न साइट बन्द गरेकै भरमा यौनजन्य हिंसामा कमी आउने कुरामा विश्वास गर्दैनन्।

## नेपालमा कति हेरिन्छ ?

एलेक्साको ऱ्यांकअनुसार नेपालमा हेरिने टप एक सयवटा वेबसाइटमा करिब ७ प्रतिशत वेबसाइट पोर्नसँग सम्बन्धित छन्। त्यस्तै गुगल ट्रेन्डले उपलब्ध गराउने तथ्यांकअनुसार नेपालमा पछिल्ला ५ वर्षमा यौनसम्बन्धी सामग्री पनि गुगलमा धेरै नै खोजिने गरेको छ।

## बाहिरका कुरा :

सन् २०१५ मा भारतले पोर्नमा प्रतिबन्ध लगाउने भन्दै ८ सय ५७ वटा वेबसाइट बन्द गराएको थियो। व्यापक जनआलोचनापछि केही समय पछि नै भारत सरकार आफैं उक्त प्रतिबन्धबाट पछाडि हटेको थियो।

त्यस्तै बंगलादेशले सन् २०१६ मा अश्लील वेबसाइट माथि प्रतिबन्धको घोषणा गरेको थियो भने त्यहाँ पनि त्यसको कार्यान्वयन पक्ष फितलो रह्यो।

## के प्रतिबन्धले यौन हिंसा घट्ला ?

प्रश्न छ - के पोर्न साइटमा प्रतिबन्ध लगाउँदैमा यौन हिंसाका घटनामा कमी आउला ? यो तथ्य त अबको केहि समय पछि थाहा हुने नै छ। यद्यपि यो प्रतिबन्धको विरोधमा आएका स्वरहरू सुन्दा लाग्छ- यो प्रतिबन्ध ले यौन हिंसा घटाउने भन्दा पनि उल्टै त्यसलाई बढावा दिन्छ।

यदि अश्लील चलचित्र हेर्दा यौन हिंसा र बलात्कार बढ्छ भने चलचित्रमा हत्या-हिंसा हेर्दा समाजमा हत्याका घटनाले पनि प्रोत्साहन पाउँछन्। त्यस्तै कम्प्युटरमा रेसका गेम खेल्दा सडकमा सवारी दुर्घटना बढ्छन् भन्दै कतै त्यस्ता सामग्रीमा पनि सरकारले प्रतिबन्ध लगाउने त होइन भन्दै सामाजिक संजालमा सरकारको आलोचना गर्नेहरूको संख्या बढ्दो छ।

# पोखरामा प्रिमियर लिग क्रिकेटको प्रारम्भ

● राजाराम पौडेल

पोखरामा कात्तिक ९ गतेदेखि २० गतेसम्म हुने पोखरा प्रिमियर लिग क्रिकेट (पीपीएल) को रौनक बढ्दै गएको छ । प्रतियोगितामा नेपालका ६ टिम सहभागी हुनेछन् । क्विन्स इभेन्टसले आयोजना गर्न लागेको पीपीएलमा प्रतिस्पर्धा गर्ने फ्रेन्चाइज टिममा चितवन राइनोज, विराटनगर टाइटन्स, बुटवल ब्लास्टर्स, पोखरा पल्टन, एक्सपर्ट धनगढी ब्लुज तथा हुलास काठमाडौं रोयल्स छन् । प्रतियोगिता पोखरा रंगशालास्थित क्रिकेट मैदानमा हुनेछ । यो प्रतियोगिताका लागि टिमको स्वामित्व, मार्की खेलाडी तथा अक्सन मार्फत खेलाडी छनौट सम्पन्न भैसकेको छ । अहिले पीपीएलका लागि मैदान सहित पिच निर्माण भैरहेको छ । सबै टिमले आफ्नो मार्की खेलाडीमा राष्ट्रिय टिमका बहुचर्चित सदस्यलाई नियुक्त गरेका छन् भने अक्सन मार्फत ६९ खेलाडी छानिएका छन् । दुई सातामा दर्ता भएका १ सय ७८ खेलाडीबीच उक्त अक्सन सम्पन्न गरिएको थियो । पीपीएलका लागि एउटा टिमले न्यूनतम १५ खेलाडी तथा अधिकतम १८ खेलाडी आबद्ध गर्ने प्रावधान छ । जसमा एक जना मार्की, न्यूनतम १० जना अक्सन मार्फत २ जना स्थानीय तथा २ जना अन्तर्राष्ट्रिय खेलाडी रहन सक्छन् ।



### विराटनगर टाइटन्स

विराटनगर टाइटन्सको स्वामित्व पूर्वक्रिकेटर तथा व्यावसायी पारस लुनियासहितको टिमले लिएको छ । यसको मार्की प्लेयर युवा क्रिकेटर सन्दीप लामिछाने हुन् । विराटनगर टाइटन्सले अक्सन मार्फत १२ जना खेलाडीलाई आफ्नो टिममा आबद्ध गरेको छ । विराटनगरले दिपेश श्रेष्ठ ९० हजार, साहब आलम १ लाख ५० हजार, जितेन्द्र मुखिया ७५ हजार, राजेश पुलामी १ लाख ५० हजार, किशोर महतो ९० हजार, पुष्प थापा ५० हजार, प्रदीप ऐरी २ लाख ४० हजार, राजु रिजाल ८५ हजार, जितेन्द्र सिंह ठकुरी ७० हजार, सुनिल धमला २ लाख २० हजार, रविन जोशी ३० हजार तथा हिमांशु दत्त ५० हजार गरी कुल १३ लाख रुपैयाँ खेलाडी खरिदमा खर्च गरेको छ ।



### बुटवल ब्लास्टर्स

बुटवल ब्लास्टर्सको स्वामित्व रमेश गौतमले लिएका छन् जसको 'मार्की प्लेयर' सोमपाल कामी हुन् । बुटबल ब्लास्टर्सले अक्सन मार्फत समसाद शेख ६० हजार, सिद्धान्त लोहनी १ लाख ६० हजार, हरिबहादुर चौहान १ लाख, ललित भण्डारी २ लाख, शंकर राना ८० हजार, पुरन विक ३० हजार, सागर पुन २ लाख ५० हजार, हसिम अन्सारी ५० हजार, भीम सार्की १ लाख ५० हजार, प्रकाश केसी ५० हजार, अभिनाश बोहोरा १ लाख, नितेष थापा ३० हजार, विपिन खत्री ३० हजार रुपैयाँमा खरिद गरेको छ । बुटवलले १२ लाख ९० हजार रुपैयाँ खेलाडी अक्सनमा लगानी गरेको छ ।



### चितवन राइनोज

चितवन राइनोजको स्वामित्व युवा व्यवसायी राहुल महरासँग छ जसका मार्की प्लेयर पारस खड्का हुन् । चितवन राइनोजले अक्सन मार्फत अनिलकुमार साह तथा करण केसी, आरिफ शेखका लागि जनही २ लाख ५० हजार, भुवन कार्की १ लाख ५० हजार, रामनरेश गिरी ८५ हजार, सुमित मर्हजन ५० हजार, सोनु तामाङ ८५ हजार, विनोद लामा ७० हजार, हरिशंकर साह ९० हजार र शक्ति गौचन २ लाख १० हजार रुपैयाँ गरी कुल १४ लाख ९० हजार रुपैयाँ लगानी गरेको छ । शक्ति गौचनको मूल्य २ लाख १० हजार भए पनि अक्सनको सीमा १३ लाख कटेका कारण चितवनले २५ प्रतिशत पेनाल्टी तिर्दै उनलाई भित्र्याएको छ ।



### एक्सपर्ट धनगढी ब्लुज

एक्सपर्ट धनगढी ब्लुजको स्वामित्व व्यवसायी सन्जीव शर्माले लिएका छन् । धनगढी ब्लुजका मार्की प्लेयर दीपेन्द्रसिंह ऐरी हुन् । धनगढीले मंजित श्रेष्ठ ५० हजार, योगेन्द्र सिंह कार्की १ लाख १० हजार, सन्तोष भट्ट ९० हजार, रोविन क्षेत्री ६० हजार, सन्दीप सुनार ९० हजार, कमल सिंह ऐरी १ लाख ५० हजार, दिलीप नाथ २ लाख ४० हजार, सागर ढकाल १ लाख ३० हजार, सन्दीप जोरा ९० हजार, फिर्दोस अन्सारी ३० हजार, सौरभ खनाल १ लाख, विक्रम ठगुन्ना ३० हजार, सन्दिप राजाली ३० हजार रुपैयाँ गरी कुल १२ लाख रुपैयाँ खेलाडीमा लगानी गरेको छ ।



### हुलास काठमाडौं रोयल्स

हुलास काठमाडौं रोयल्सको स्वामित्व राज्यलक्ष्मी गोल्छासँग छ । यसका मार्की प्लेयर ज्ञानेन्द्र मल्ल हुन् । काठमाडौं रोयल्सले अक्सन मार्फत १० जना खेलाडी अनुबन्ध गरेको छ, जसमा पवन सरार्फ १ लाख ५० हजार, सुसन भारी १ लाख ५० हजार, पृथु बास्कोटा १ लाख २० हजार, अमरसिँह रौतेला १ लाख, आदिल खान ५० हजार, नरेश बुढाएर २ लाख ३० हजार, नन्दन यादव ५० हजार, बसन्त रेग्मी २ लाख ५० हजार, अमित श्रेष्ठ १ लाख ५० हजार, सुमित झा ३० हजार गरी कुल १२ लाख ८० हजार रुपैयाँ खेलाडीमा लगानी गरिएको छ ।




### पोखरा पल्टन

पोखरा पल्टनको स्वामित्व व्यवसायी विनायक पोखरेलसँग छ जसको मार्की प्लेयर शरद भेषवाकर हुन् । पोखरा पल्टनले अक्सन मार्फत ११ जना खेलाडी चयन गरेको छ । यसका लागि पोखरा पल्टनले १२ लाख ९० हजार रुपैयाँ लगानी गरेको छ, जस अनुसार रोहितकुमार पौडेल २ लाख ५० हजार, विनोद भण्डारी २ लाख ३० हजार, ललितनारायण राजवंशी १ लाख, रसिद खान ७० हजार, कृष्ण कार्की १ लाख, कुशल भुर्तेल १ लाख ५० हजार, विक्रम भुसाल ५० हजार, महबुब आलम १ लाख ६० हजार, आसिफ शेख ८० हजार, ब्यान्सु मल्लिक ३० हजार, इशान पाण्डे ५० हजार रुपैयाँमा अनुबन्धित भएका छन् ।

# तिलोत्तमा प्रिमियरका आठ टिममा १ सय १२ खेलाडी

स्वस्तिक श्रेष्ठ

दोस्रो संस्करणको तिलोत्तमा प्रिमियर लिग क्रिकेट प्रतियोगिताका लागि अक्सनमा १ सय १२ खेलाडी खरिद भएका छन । तिलोत्तमा क्रिकेट विकास समितिद्वारा आयोजित उक्त अक्सनमा सहभागी आठ टिमका लागि खेलाडी खरिद गरिएका हुन् । टिमका मालिक, म्यानेजर, कोच तथा मार्की खेलाडीहरू आ-आफ्नो टिमका लागि उक्त खेलाडी खरिदमा सहभागी थिए । अक्सनमा २ सय ७१ खेलाडी उपलब्ध थिए ।

अक्सनमा रोयल शंकरनगरले खेलाडीमा सबैभन्दा बढी रकम खर्च गरेको थियो । रोयलले १ लाख ३५ हजार ५ सय रुपैयाँ खर्च गरेर सन्दिप सुनार, सुशान भारी, फैजल खानजस्ता चर्चित खेलाडीलाई आफ्नो टिममा समावेश गरेको छ । ज्ञानोदय गोल्ड्सले १ लाख ३१ हजार रुपैयाँ खर्च गरेर सन्तोष क्षेत्री, देवेन्द्र सोमरे, निर्मल थापा, राहुल बिकेसहितको टिम तयार गरेको पारेको छ । मणिग्राम किङ्सले कृष्ण कार्की, लालबहादुर अधिकारीसहितको टिमका लागी १ लाख २८ हजार रुपैयाँ खर्च गरेको छ भने रोयल च्यालेजरल अहमद, प्रकाश केसीसहितका खेलाडीलाई आफ्नो टिममा पार्न १ लाख २८ हजार रुपैयाँ खर्च गरेको छ ।




कात्तिक २७ गते प्रारम्भ हुने यो प्रतियोगिताको विजेताले नगद ३ लाख रुपैयाँप्राप्त गर्नेछन् भने उपविजेताले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

### कुन टिममा कुन खेलाडी ?

**रोयल च्यालेन्जर, भैरहवा**

इखलाक अहतमद (मार्की), प्रकाश केसी, रमेश कुर्मी, सन्दीप केसी, सिजन मकाजु, रोशनलाल गुप्ता, आशुतोष पासवान, मैनुद्दिन कजु, धीरज साही, गणेश गौडेल, विवेक न्यौपाने, अहमद हुसेन, सुशान्त थापा तथा रोशन चौधरी ।

**एसआरएनएससीए टाइगर्स**

निश्चल चौधरी (मार्की), अनिल खरेल, विक्रम भुसाल, मनिष थापा, तुलबहादुर थापा, सुरज दराई, दुर्गेस गुप्ता, महेन्द्र सुवेदी, अर्जुन गिरी, दामोदर बस्याल, विवेक शर्मा, शंकर राना, आयुश पुर्जा तथा प्रकाश गिरी ।

**ज्ञानोदय गोल्ड**

सन्तोष क्षेत्री (मार्की), रोशन छेत्री, रमेश ढकाल, देवेन्द्र सोमरे, निर्मल थापा, राहुल विक, आनन्द कुर गौन्ड, विशाल सुनार, युवराज सेन, केदार बस्नेत, प्रथम पराजुली, गोबिन्द खत्री, जितेन्द्र सहानी तथा मनिष पौडेल ।

**मणिग्राम किङ्स**

कृष्ण कार्की मार्की (मार्की), लालबहादुर अधिकारी, कृष्ण पराजुली, विशाल भण्डारी, महम्मद हुसेन, सन्दीप रसाइली, इमराम खान, राहुल लोहार, सुबास बिक, इश्वर गुरुङ, विधान सुनार, सुशील खरेल, कृष्ण भुसाल तथा भुवन गैरे ।

**नुसि वारियर्स**

कुसल भुर्तेल (मार्की), अजय कौसिला, सौरभ भुर्तेल, अर्जुन रायमाझी, सागर शर्मा, अख्तर हुसैन, सुनिल पौडेल, सरोज पौडेल, यम क्षेत्री, कृष्ण सेन, वीरेन्द्र ज्ञवाली, महेश राना, अंकित कँडेल तथा निश्चल पोखरेल ।

**लुम्बिनी कसाइ ग्ल्याडियट**

महेश पतिव मिश्र (मार्की), कुशल मल्ल, मानबहादुर थापा, रूपेश कुर्मी, दुर्गेश कुर्मी, राजु सहानी, सागर ढकाल, सुमन पाण्डे, पुरन विक, प्रदीप जैसवाल, नागेश्वर मिश्र, सुनिल धवल, अमर मिश्र तथा दिवस सेन्चुरी ।

**बुटवल डाइनामाइट**

सौरभ खनाल (मार्की), साहब आलम, मृनल गुरुङ, प्रज्वल थापा, विकास श्रेष्ठ, केशव पौडेल, जगत क्षेत्री, देव खनाल, हरजित सिङ, अर्बिन सारु, तौसिब आलम, कमल जैसी, अभिषेक गौतम तथा राहुल शर्मा ।

**रोयल शंकरनगर**

सन्दीप सुनार (मार्की), सुशान भारी, फैजन खान, विष्णु कट्टरिया, विशाल खत्री, सुमित कुमार सार्की, नरेश ठकुरी, नितेश थापा, रबिन क्षेत्री, राहुल चौहान, रूपेश बास्तोला, सुधन श्रेष्ठ, आशिष गुरुङ तथा विशाल भुसाल ।




तस्विर :शालिग्राम तिवारी

# टिन एजमै करोडपति

विनोद पाण्डे

एभरेस्ट प्रिमियर लिग क्रिकेट (ईपीएल) का लागि खेलाडीको वर्गीकरणको सूची सार्वजनिक भयो– यो गत वर्षको प्रसङ्ग हो । युवा बलर सन्दीप लामिछाने घरेलु क्रिकेटको प्रमुख फ्रेन्चाइजमध्येको एक प्रतियोगिताको 'ए' ग्रेडमा परेनन् । ६ जना मार्की खेलाडीपछि 'ए' ग्रेडमा रहेका खेलाडी माथिल्लो वर्गीकरणमा हुन्छन् । सन्दीपलाई 'बी' ग्रेडमा राखिएको थियो । वर्गीकरणअनुसार यो तेस्रो श्रेणी थियो ।

सन्दीपलाई 'ए' ग्रेडमा पर्न उनको प्रतिभा नभै अनुभवले छेकेको थियो । 'ए' ग्रेडमा पर्न नेपाली राष्ट्रिय टिमबाट कम्तिमा ३ वर्ष खेलेको हुनुपर्छ । सन् २०१५ को अप्रिलमा नामिबियासँगको विश्व क्रिकेट लिग च्याम्पिनयसिप खेल्दै सन्दीपले नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेटमा 'डेब्यु' गरेका थिए । त्यसअनुसार ईपीएल सुरु हुने क्रममा उनले नेपालबाट खेल्न लागेको २ वर्षमात्र पूरा भएको थियो ।

मार्की खेलाडीले ईपीएल खेलेबापत कम्तिमा २ लाख रुपैयाँ पाउँथे । 'ए' ग्रेडमा रहेका खेलाडीको हकमा पारिश्रमिक रकम अक्सनमा १ लाख रुपैयाँबाट सुरु भै १ लाख ७५ हजार रुपैयाँसम्म पुग्थ्यो । सबै सन्तुलन कायम गर्दै खेलाडीको वर्गीकरण गरिएको आयोजकहरूको जिकिर थियो । सन्दीपलाई राखिएको 'बी' ग्रेडका खेलाडीको मूल्य अक्सनमा ७५ हजार रुपैयाँबाट सुरु भै अधिकतम १ लाख २५ हजार रुपैयाँमा पुगेर टुंगिन्थ्यो, तर एक हप्ता नबित्दै आयोजकले यु टर्न निर्णय लिए र सन्दीपसँगैं आरिफ शेखलाई 'ए' ग्रेडमा बढुवा गरेको जानकारी गराए ।

एक वर्ष नबित्दै हुन लागेको नयाँ फ्रेन्चाइज क्रिकेट पोखरा प्रिमियर लिग (पीपीएल) मा विराटनगर टाइटन्सले सन्दीपलाई आफ्नो मार्की खेलाडी बनाएको छ । पीपीएलको नियमअनुसार मार्की खेलाडीले प्रतियोगिताबापत कम्तीमा ३ लाख रुपैयाँ प्राप्त गर्नेछन् । त्योभन्दा बढी रकम टिमले मार्की खेलाडीसँगको सल्लाहमा दिन सक्छ । खेलाडीका रूपमा सन्दीपले अहिले जुन छवि बनाएका छन् त्यसअनुसार पूर्व राष्ट्रिय खेलाडी पारस लुनियासहितको स्वामित्वमा रहेको विराटनगरले उनलाई दुई साता चल्ने प्रतियोगिताका लागि कम्तिमा ५ लाख रुपैयाँ दिएको सहजै अनुमान लगाउन सकिन्छ ।

ईपीएल सम्पन्न भएको र पीपीएल सुरु हुन लागेको बीचको १० महिनामा सन्दीपको यात्रा अझ अविश्वसनीय छ । सन्दीप अहिले खेलेरै सानै उमेरमा करोडपति भएका छन् । यद्यपि यो विदेशी लिग खेलेर मात्र सम्भव भएको हो । सन्दीप आजको दिनसम्म १८ वर्ष ६४ दिनको भएका छन् । उनले गएको अगस्टमा आफ्नो १८ औं जन्मदिन मनाएका हुन् । नोभेम्बरमा युएईको शारजाँहमा हुने टी-१० लिगको सिजन-२ का लागि केरला किंगले अनुबन्धन गरेपछि सन्दीपले विदेशमा खेल्दा पाउने पारिश्रमिक रकमले आठ डिजिट छोएको छ । टी-१० लिगमा सन्दीप तेस्रो ड्राफ्टमै परेका थिए । त्यसअनुरूप सन्दीपले ३० हजार डलर (३४ लाख ८० हजार रूपैंया) पारिश्रमिक प्राप्त गर्नेछन् । सन्दीपले प्राप्त गर्न लागेको यो दोस्रो ठूलो रकम हो । यसअघि उनले ग्लोबल टी-२० क्यानाडा लिग खेल्दा ४० हजार डलर (४६ लाख ४० हजार रूपैंया) बुझेका थिए । इन्डियन प्रिमियर लिग (आईपीएल) मा दिल्ली डेयरडेभिल्सबाट खेल्दै सन्दीपले आफूलाई अन्तर्राष्ट्रिय क्रिकेटमा उभ्याएका थिए । त्यसमा उनले २० हजार डलर (२३ लाख २० हजार रूपैंया) पारिश्रमिक पाएका थिए ।

आईपीएलमा अवसर कुर्ने क्रममा उनी क्यारेबियन प्रिमियर लिग (सीपीएल) को ड्राफ्टमा परेका थिए । सन्दीपका अनुसार आईपीएल अघि नै सीपीएल तय भैसकेको थियो । सीपीएलमा वेस्ट इन्डिजका हस्ती क्रिस गेलसँगै खेलेका लामिछानेले त्यहाँ ५ हजार डलर (५ लाख ८० हजार रूपैंया) प्राप्त गरेका थिए । टी-१० लिगमा सन्दीपको नाम दोस्रो ड्राफ्टमै आउने सम्भावना थियो । यसले उनको पारिश्रमिक अझ बढाउँथ्यो । टी-१० मा पहिलो ड्राफ्टमा पर्ने खेलाडीले १ लाख डलर पाउँछन् । जे होस्, तेस्रो ड्राफ्टमा पर्नेबित्तिकै सन्दीपले विदेशी फ्रेन्चाइज लिग खेल्दा पाएको कुल पारिश्रमिक रकमले १ लाख डलर (१ करोड १६ लाख रूपैंया) नाघेको छ । युएईको शारजाँहमै अक्टोबर ५ देखि २१ सम्म अफगानिस्तान प्रिमियर लिग हुँदैछ । सन्दीपलाई नान्गाहरले एसोसिएट खेलाडीका रूपमा लिएको छ । त्यसबापत उनले १५ हजार डलर (१७ लाख ४० हजार रूपैंया) बुझ्नेछन् । नेपाली राष्ट्रिय टिमले मलेसियामा आईसीसी विश्व ट्वान्टी-२० एसिया छनोट 'बी' मा खेल्नु पर्ने हुनाले सन्दीपले अफगानिस्तान प्रिमियर लिगको सुरुको ५ खेल गुमाउनेछन् । मलेसियाबाट शारजाँह पुग्ने सन्दीपलगत्तै नेपाल फर्केर दसैंपछि पोखरामा सञ्चालन हुने पीपीएलमा सहभागी हुनेछन् । टी-१० लिग तथा अफगानिस्तान प्रिमियर लिग खेलेपछि सन्दीपको विदेशी फ्रेन्चाइज लिग खेल्दाको कमाई १ लाख १० हजार डलर (१ करोड २७ लाख ६० हजार रूपैंया) पुग्नेछ ।

'सबै कुरा समयमा भर पर्छ । सुरुमै तपाईले केही पाउनु हुन्न र अन्तिममा पनि तपाईले केही लिएर जानु हुन्न । त्यो बीचको दौरानमा आफुलाई कसरी मेन्टेन गरिन्छ, विश्लेषण गरेर कसरी अघि बढिन्छ त्यसमा तपाईंको जीवन निर्भर हुन्छ,' सन्दीप आदर्शका कुरा गर्छन्, 'खुसी लाग्छ म यी सबै कुरा बिर्सिएर अघि बढिरहेको छु । म मार्की खेलाडी रहुँ वा नरहुँ त्यसमा मलाई केही छैन, तर मैले आफ्नो क्रिकेट लेभल कसरी अघि बढाइरहेको छु त्यो म आफैमा भरपर्छ ।' सन्दीप यो यात्रा आफ्नो कल्पना बाहिरको भएको स्वीकार गर्छन् । उनी आफूले माथिल्लो स्तरको क्रिकेट खेल्ने कुरामा भने राष्ट्रिय टिममा पर्दादेखि नै विश्वस्त रहेको बताउँछन् । सन्दीप अवसर कुरेर बस्नुपर्ने कुरामा विश्वास राख्छन् । अहिले एक्सपोजका लागि विदेशी लिग खेलिरहेका सन्दीपको लक्ष्य अस्ट्रेलियाको बिग बास लिग तथा काउन्टी क्रिकेट हो । बिग बास त उनको सपना नै हो ।

खेलेर कमाएको रकमको प्रसङ्ग कोट्याउँदा सन्दीप रोमाञ्चित हुन्छन् । उनमा अझै अघि बढ्ने अठोट छ । 'जति-जति आम्दानी हुन्छ, खर्च पनि त्यसैअनुरूप बढ्दै जान्छ । पहिलेको तुलनामा अहिले आफूलाई अझ बढी मेन्टेन गर्नुपर्छ । धेरै कुरामा ध्यान पुऱ्याउनुपर्छ । फिटनेस देखि अरु धेरै विषयमा अझ बढी हेर बिचार गर्नुपर्ने हुन्छ । कति पैसा आइरहेको छ, कति आउँदैन म त्यसका बारेमा त्यति सोच्दिनँ । किनभने मलाई यो सब क्रिकेटले दिएको छ र म अहिले नै पैसातिर लागें भने मेरो क्रिकेट अन्त कतै लाग्ला, त्यही भएर म क्रिकेटमै केन्द्रित छु,' सन्दीप आफ्नो लक्ष्य स्पष्ट गर्छन् ।

जे होस्, आईपीएलपछि सन्दीप एसोसिएट क्रिकेटको स्टार भएर विश्वमा छाइरहेका छन् । उनले विदेशी फ्रेन्चाइज लिगमा टेस्ट राष्ट्र बंगलादेश तथा जिम्बावेका खेलाडीको तुलनामा बढी अवसर प्राप्त गरिरहेका छन् अनि सबैजसो प्रतियोगितामा पाएको सफलताले उनको उचाइलाई अझ बढाइरहेको छ । क्रिस गेल जस्ता हस्ती खेलाडीसँग उनी 'ड्याब' सेलिब्रेसन गरिरहेका हुन्छन् । गेलसँगै उनी लगातार एउटै टिममा पर्न थालेका छन् अर्थात् गेलले नै सन्दीपको महत्व बुझेर उनलाई आफ्नो टिममा राख्न जोड गरिरहेका छन् । सन्दीपलाई लिन एक खालको प्रतिस्पर्धा नै छ ।

## विदेशी फ्रेन्चाइज लिगमा सन्दीपको कमाइ

इन्डियन प्रिमियर लिग - २० हजार डलर (२३ लाख २० हजार रूपैंया)
ग्लोबल टी-२० क्यानाडा लिग - ४० हजार डलर (४६ लाख ४० हजार रूपैंया)
क्यारेबियन प्रिमियर लिग - ५ हजार डलर (५ लाख ८० हजार रूपैंया)
अफगानिस्तान प्रिमियर लिग - १५ हजार डलर (१७ लाख ४० हजार रूपैंया)
टी-१० लिग - ३० हजार डलर (३४ लाख ८० हजार रूपैंया)

## देशलाई प्राथमिकता

आईपीएल भन्दा पनि नेपालबाट खेल्दाको महत्व बढी हुने सन्दीपको बुझाइ छ । आईपीएलमा सहभागी हुनुअघि सन्दीप बंगलादेश प्रिमियर लिग (बीपीएल) को ड्राफ्टमा थिए, तर उनलाई अरू टिमले लिएका थिएनन् । पहिलो ठुलो अवसरको खोजीमा रहँदा उनलाई 'आउट अफ साइनिङ' खेलाडीको रुपमा लिन खोजिएको थियो, तर नेपालले विश्व क्रिकेट लिग च्याम्पियनसिपमा युएईसँग खेल्नु पर्ने भएकाले सन्दीप बीपीएलमा सहभागी भएनन् । उनी पहिलो प्राथमिकतामा राष्ट्रिय टिमलाई नै राख्छन् । राष्ट्रिय टिमका लागि सन्दीपको प्रतिबद्धता उनको काममा समेत देखिन्छ । सर्वाधिक विकेटको दौडमा रहेका सन्दीप अघिल्लो महिना मात्र सीपीएल छाडेर नेपालबाट एसिया कप छनौट खेल्न मलेसिया पुगेका थिए । अहिले पनि आईसीसी विश्व ट्वान्टी-२० एसिया छनोट 'बी' खेल्नुपर्ने भएकाले उनले अफगानिस्तान प्रिमियर लिगको सुरुवातका खेल गुमाउनेछन् ।

नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाउदै विश्व क्रिकेटमा फड्को मार्दा सन्दीपले आफूलाई राष्ट्रिय टिमको प्रमुख खेलाडीमा उभ्याइसकेका छन् । नेपालको कठिन यात्रा मानिएको पछिल्लो विश्व क्रिकेट लिग डिभिजन-२ मा उनी म्यान अफ द सिरिज चुनिएका थिए । सन्दीप नेपाली टिमका स्ट्राइक बलर हुन् । ठुला साझेदारी टुटाउन र आवश्यक विकेट लिने बेलामा उनी नै अगाडि देखिन्छन् । नेपालबाट खेल्दाको यही प्रदर्शनका कारण पनि उनी विदेशी लिगका लागि 'नोटिस' भैरहेका हुन्छन् । त्यसैले पनि उनी राष्ट्रिय टिमलाई पहिलो प्राथमिकतामा राख्छन् ।

मैदानभित्रको प्रदर्शनले 'सन्दीप लामिछाने' लाई नेपाली बजारको ठूलो ब्रान्ड बनाइसकेको छ । उनी अहिले 'ब्रान्ड इन्डोर्समेन्ट' मा पनि उत्तिकै सक्रिय छन् । त्यसैले उनी मैदान बाहिर बढीजसो समय फोटोसुटमै भेटिन्छन् । सन्दीप सानिमा बैंक, टाटा मोटर्स, जेभियर कलेज तथा एनसेलका ब्रान्ड एम्बेसडर हुन् । यसबाट पनि उनले राम्रै पैसा कमाएका छन् ।

सन्दीपको प्रतिभा मैदानमा सीमित छैन । उनले 'उदास थियो' शीर्षकको गीतसमेत गाएका छन् । उक्त गीतलाई आधार मान्ने हो भने सांगितिक दुनियाँमा उनको उपस्थिति मात्र देखिएको छ अहिलेसम्म । खेलाडीले आफ्नो खेलजस्तै उत्कृष्टता गीतमा पनि देखाउनुपर्छ भन्ने उनलाई लाग्दैन । यद्यपि सन्दीप गायनलाई सौखमा सीमित गर्ने धुनमा पनि छैनन । उनी अझै गीत गाउन चाहन्छन् । 'मेरा थप गीत पनि आउन सक्छन् ।



तस्विर : किरण पाण्डे

समय सन्दर्भ

# अब के नेपाली चैं बिर्सने ?



रवीन्द्र अधिकारी

जातीय, साम्प्रदायिक, राष्ट्रिय, लैंगिक वा धार्मिक असमानतालाई हामीले बिर्सदै गएका छौं, जुन धेरै हिसाबमा राम्रो हो । यसै क्रममा भाषिक भिन्नताको दूरी पनि अब बिस्तारै मेटिँदो छ । हुन त प्रत्येक भाषा आफैंमा अपुरो हुन्छ, त्यसैले स्वभावत: अरू भाषाबाट शब्द वा फ्रेजहरू आगन्तुकका रूपमा भित्रि नै रहन्छन् ।

यद्यपि आज कक्षा १२ मा अध्ययनरत टिनएजरले कुनै एउटा वाक्य पनि अंग्रेजी शब्द नमिसाई पूरा गर्न नसकेको देख्दा नेपाली भाषा कालान्तरमा परनिर्भर र अपभ्रंश हुँदा-हुँदा अंग्रेजीमै मिसिने त होइन वा यो भाषाको 'ओरिजिनालिटी' नै सङ्टमा पर्ने त होइन ? भन्ने शङ्का जोकसैको मानसपटलमा उठ्न थालेको छ । यसरी भाषा विविधाबाट एकल भाषा तिर उन्मुख हुनु कसैले विश्वव्यापीकरण हो भनेर व्याख्या गर्छन् । यद्यपि यो कतै एक भाषाले अर्को भाषामाथि गर्ने भाषिक औपनिवेशिकरण त होइन ? कि हाम्रो अंग्रेजी भाषाप्रतिको अनपेक्षित मोहले नजानी-नजानी हामी आफैंले आफ्नो जन्मभाषालाई लोपोन्मुख हुन सहयोग गरिरहेका छौं ?

पहिले विकल्प हुँदै नभएका शब्द मात्र नेपाली भाषामा प्रयोग गरिन्थ्यो । जस्तै– कोट, साइकल, रेडियो, फोन, फ्रिज, एन्टेना, प्यान्ट आदि । यी वस्तु/चिजहरू प्राय: विदेशबाटै आएकाले यिनीहरू आफूसँगै आफ्ना तदनुसारका नाम बोकेर नेपाल भित्रिन्थे अनि विकल्प भएका शब्दलाई पनि बिस्तारै विस्थापित गरी अंग्रेजी नै चलाइयो । जस्तै– कम्प्युटरलाई सुशांखी कसैले भनेन, टिभीलाई दूरदर्शन कसैले भनेन । नेपाली शब्दोच्चारण गाह्रो भएर हो भन्नेहरू पनि कम छैनन् तर त्यसो होइन, उच्चारण नै नगरेपछि त्यो गाह्रो हुँदै गएको हो । अन्यथा कम्प्युटरभन्दा सुशांखी भन्न छोटो र सजिलो छ, त्यस्तै टेलिभिजनभन्दा दूरदर्शन धेरै सजिलो छ । क्रमश: भकुन्डोको सट्टा बल, गाडीको सट्टा बस, विमानको सट्टा प्लेन बढी प्यारा लाग्दै गए ।

त्यस्तै वस्तुबाहेकका बोलीचालीमा समेत अंग्रेजीले स्थान पाउन थाल्यो । कसैले गुड मर्निङ छोडेर शुभ प्रभात भनेको मैले सुनेको छैन, गुड इभिनिङको सट्टा शुभ सन्ध्या पनि भनेको सुनिएको छैन । नमस्तेको सट्टा अहिले हेलो र हाई नै बढी हिट छन् । तिम्रो उडान कति बजे अनि उडानविश्राम कहाँ हो भनेर सोध्यो भने पक्कै दोहोऱ्याएर सोध्नैपर्छ, 'तिम्रो फ्लाइट कति बजे अनि ट्रान्जिट कहाँ हो ?'

पेसामा पनि अंग्रेजीको 'लिङ्गुइस्टिक हेजिमोनी' (Linguistic Hegemony) प्रचुर छ । विमानचालकलाई पाइलट, चिकित्सकलाई डाक्टर, लेखापाललाई एकाउन्टेन्ट, विमान परिचारिकालाई एयर होस्टेस, स्वास्थ्य परिचारिकालाई नर्स, सूचिकारलाई टेलर, व्यवस्थापकलाई म्यानेजर भन्दा बढी बुझिन्छ । नयाँ निस्किएका धेरै पेसा-व्यवसायको त नेपाली ठेट नाम बृहत शब्दकोशमा समेत भेटिँदैन, जस्तै– फर्मासिस्ट वा अप्टिसियन ।

अहिले प्रविधिसँगै भित्रिएका शब्दहरू त झन् खातका खात छन्, जसका नेपाली नाम कहिल्यै बन्ने छैनन् । अनलाइन, च्याट, मेसेन्जर, इमेल, एसएमएस, क्लिक, विन्डोज, ट्याब, ल्यापटप आदि असीमित शब्दको नेपाली नाम बने सम्झनुहोस् हामीलाई कण्ठ गर्न कति समय लाग्दो हो । स्मार्टफोन र कम्प्युटरसँग सम्बन्धित वाक्यांशहरू बोल्दा त झन् करिब ३० देखि ४० प्रतिशत शब्द टेक्निकल जार्गनहरू हुन्छन् । आजै फाइल अट्याच गरेर मेल गर भन्नुको सट्टा कागजात टाँसेर पठाऊ भन्दा के बुझ्ने ? तसर्थ टार्न नसकिने अन्यथा अर्थ बुझ्न र बुझाउन नसकिने परिपेक्ष बेग्लै हो, तर सम्भव भएसम्म शुद्ध नेपाली भाषामा वार्तालाप गर्नु यथोचित देखिन्छ ।

साथै अर्को बिछ्यैको लतमा युवाजमात तल्लीन छ । त्यो हो– नेपाली देवनागिरीलाई अंग्रेजी अल्फाबेटमा लेख्ने । लेख्नेले जे लेखे नि जसरी लेखे नि बुझ्नेले बुझे सकियो वा बुझेन भने एकपटक बुझाए सकियो । धेरै विसंगत उदाहरणमध्ये एक हो– नेपाली 'छ' लाई अंग्रेजी हृ ले स्पेल गर्नु । अनि अहिले आएको युनिकोडले गर्दा त झन उच्चारण गर्दा उस्तै सुनिए हुन्छ– ह्रस्व-दीर्घ वा मोटो 'श' पातलो 'स' जे भए पनि केही फरक पर्दैन । त्रुटिपूर्ण शब्दहरू जताततै देख्दा-देख्दा नेपाली भाषालाई माया गर्नेहरू पनि अब त अलमलमा पर्ने भैसके– सहीचाहिँ कुन हो भनेर । झन अहिले अनलाइन न्युज पोर्टलहरूको स्तरहीनताले गर्दा नेपाली भाषा साँच्चै अन्यायमै परेझैं लाग्छ ।

पहिले हाम्रा अंग्रेजी शिक्षकहरू भन्नुहुन्थ्यो, इंग्लिस जति बोले पनि खरोखास नेपाली बोल्दा तिर्खाएर घाँटी सुख्खा भएको बेला चिसो पानी अङ्खोराबाट कलकल खाएजस्तो आनन्द हुन्छ । हुन पनि हो, केही दिनसम्म इंग्लिस बोलिरहँदा बिचैमा नेपाली बोल्दा तिर्खाएको आँत रसाउँछ, तर आज ठीक उल्टो छ । युवा पुस्ताले अंग्रेजी बोल्न पाएन भने उनीहरूले भन्न खोजेको कुरा प्रस्ट भन्नै सक्दैनन् । पहिले नेपालीमा निपात भरेर मिठास ल्याइन्थ्यो, अहिले एक्चुअल्ली वा यु नो आदि भनेर मिठास ल्याउने प्रयत्न गरिन्छ । भाषाको आनन्द दुवैले उत्तिकै लिएका छन् तर अंग्रेजी भाषा मिसाएर नेपाली बोल्ने प्रथाले हाम्रो मातृभाषालाई अन्ततोगत्वा आघात पर्नेछ । यहाँ आफ्ना साना नानीले नेपाली राम्रोसँग नआउँदै विदेशी भाषा, विशेष गरी अंग्रेजी बोल्दा गर्वले शीर ठड्याउने अविभावकहरूको कुनै कमी छैन । यो प्रथाले कतै नेपाली भाषा रिक्ततासँगै नबिलाओस् । पहिले नानीहरूलाई नेपाली भाषा अनि नेपालीपन सिकाऊँ अनि मात्र अन्य संस्कारतिर लैजाऊँ । नेपाली भाषा हाम्रो हो, हामीले यसको माया नगरे कसले गर्छ ?

ravinems@iom.edu.np

## उरुषा ग्रान्ड इन्टरनेसनलमा



यही अक्टोबर ५ देखि २५ सम्म म्यानमारमा सञ्चालन हुने मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा उरुषा जोशीले नेपालको प्रतिनिधित्व गर्दैछिन् । प्रतियोगितामा सहभागी हुन उनी आज शुक्रबार म्यानमार प्रस्थान गर्नेछिन् । गत अगस्ट महिनामा आर.के. इन्टरटेनमेन्टले आयोजना गरेको मिस ग्रान्ड नेपाल-२०१८ मा शीर्ष उपाधि जितेपछि उरुषाले मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा सहभागिता जनाउने अवसर प्राप्त गरेकी हुन् ।

## इन्द्रजात्रामय टेक्सास





गत आइतबार टेक्सासको युलेसस्थित बियर क्रिक पार्कमा देखिएको बाजागाजासहितको झाँकीले नेपालीपनको झझल्को दिएको थियो । युनाइटेड नेवा युएसएद्वारा आयोजित इन्द्रजात्रा कार्यक्रममा काठमाडौंको वसन्तपुर क्षेत्रमा देखाइने इन्द्रजात्राकै झझल्को पाइन्थ्यो । नेपाली समुदायको बाक्लो उपस्थितिमा सञ्चालित कार्यक्रमको सुरुवातमा कुमारी, भैरव, गणेश आदि देवी-देवताको आकृतिमा सजिएका युवा-युवतिसहितको ऱ्यालीले पार्क परिक्रममा गरेको थियो । कार्यक्रममा नेवार समुदायका बालबालिकादेखि वृद्धसम्म आ-आफ्ना जातीय पोसाक तथा गरगहनामा सजिएका थिए । भैरवको रूपमा प्रस्तुत गरिएको लाखे नाच कार्यक्रमको मुख्य आकर्षण रह्यो । उक्त नृत्यले स्वदेशी मात्र होइन, कार्यक्रममा देखिएका केही विदेशीलाई समेत आकर्षित गरेको थियो । कार्यक्रमलाई मनोरञ्जक तुल्याउन जोडी दौड तथा बालबालिकाहरूसँग सम्बन्धित प्रतियोगिताहरूसमेत समावेश गरिएका थिए । तन्नेरी युसुफ श्रेष्ठले बजाएको धिमे बाजादेखि मादललगायतका सांगीतिक प्रस्तुतिका साथै परम्परागत बाजाको संरक्षण गर्दै आएको एफ वान ब्यान्डले पनि दर्शकको मन जित्यो । उक्त अवसरमा सुरेश मानन्धरको कोरियोग्राफीमा नेवार समुदायको वेशभूषा झल्कने पहिरनमा फेसन शोसमेत प्रस्तुत गरियो भने नेवार समुदायको लोकप्रिय परिकार समयबजीको स्वादसमेत चखाइयो ।

शिव शर्मा

KANTIPUR INTERNATIONAL COLLEGE







Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture

International Membership

Kantipur International College

COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904

COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोट: जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृत्तिको व्यवस्था छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।